# पहिलो परिच्छेद
# शोधपत्रको परिचय

## १.१ विषय परिचय

नेपाली भाषा साहित्य विकासको प्रारम्भिक कालमा स्थापना भएको रत्न पुस्तक भण्डार नेपाली बाल साहित्यको विकासमा एउटा अभिन्न अङ्ग नै बनेको छ । ज्ञान र चेतना प्रवाहका दृष्टिले नेपाली इतिहासको कालो युग मानिने राणा शासनको उत्तरवर्ती कालखण्ड वि.सं. १९९६ मा स्थापित रामदास एण्ड सन्स नामक पुस्तक विक्रेता कम्पनी वि.सं. २००३ मा 'रत्न पुस्तक भण्डार'को नाममा रूपान्तरण भएको हो । भाषा र साहित्यको विकासको जग र यसको स्तर वा मानक रूपको आधार लिखित वाङ्मय हो । नेपाली भाषा र साहित्यको विकास कालमा यसको स्तरोन्नतिका निम्ति सङ्गठित प्रयत्न अपेक्षित थियो ।

रत्न पुस्तक भण्डार यसैका परिपूर्ति र व्यावसायिक प्रयोजनको उद्देश्यले स्थापित भएको नेपाली निजी पुस्तक प्रकाशक, वितरक र विक्रेता मध्ये एउटा ठुलो संस्था हो । नेपाली भाषा लगायत अन्य विविध विषयका प्रकाशनमा रत्न पुस्तक भण्डारले विगत ६४ वर्षदेखि सक्रिय रूपमा कार्य गरि रहेको छ ।

वि.सं. २००३ देखि पुस्तक प्रकाशन र वितरणमा अनवरत रूपमा लागी रहेको यस पुस्तक भण्डारले प्राज्ञिक एवं साहित्यिक योगदान गरि रहेको छ । स्थापना कालदेखि अहिलेसम्मको यसको योगदानलाई मूल्याङ्कन गर्दै केही सम्मान तथा पुरस्कार प्रदान गरिए तापनि रत्न पुस्तक भण्डारको साहित्यिक योगदानका बारेमा अझ व्यापक अध्ययन अनुसन्धान हुन सकेको छैन । आरम्भमा पुस्तक र पत्र पत्रिकाको बिक्री र वितरणबाट यसले कार्यारम्भ गरेको पाइन्छ । पछिल्लो कालखण्डमा यसका अतिरिक्त पुस्तक प्रकाशनमा समेत क्रियाशील रहेर नेपाली भाषा साहित्यको उन्नयनमा रत्न पुस्तक भण्डारले उल्लेखनीय कार्य गरेको छ । नेपाली बाल साहित्यको विकास रत्न पुस्तक भण्डारको जन्मपछि नै भएको हो । बाल साहित्यका विविध विधाहरूलाई समेटेर सेवामुखी भावले यसले निरन्तर पुस्तकहरू प्रकाशन गरि रहेको छ । अझ नेपाली बाल गीत र कविता प्रकाशनमा यस भण्डारको योगदान उल्लेखनीय रहेको छ । यसै विषयभित्र रहेर रत्न पुस्तक भण्डारले नेपाली बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कविता प्रकाशनमा गरेको योगदानलाई यस शोधपत्रमा अध्ययन गरी विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली भाषा र साहित्यको विकासमा रत्न पुस्तक भण्डारले आफ्नो स्थापना कालदेखि नै सक्रियता देखाएको थियो भने नेपाली बाल साहित्यको विकास र प्रबर्द्धनमा पनि यसले झन् उल्लेखनीय कार्य गरेको देखिन्छ । नेपाली बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कविताको प्रकाशन र वितरणमा रत्न पुस्तक भण्डारको योगदानलाई निरूपण गर्नुलाई नै यस शोधपत्रको मूल समस्याका रूपमा लिइएको छ, भने उक्त मूल समस्यासँग सम्बद्ध अन्य समस्याहरू गौण समस्याका रूपमा रहेका छन् । सारमा यस शोधपत्रका समस्याहरू निम्न लिखित रहेका छन् :

(क) रत्न पुस्तक भण्डारको परिचय के कस्तो छ ?

(ख) यसले स्थापना कालदेखि हालसम्म के कस्ता र के कति बाल गीत एवम् बाल कविता लगायत बाल साहित्यिक कृतिहरू प्रकाशन गरेको छ ?

(ग) नेपाली बाल साहित्यको विकास र प्रवर्द्धनमा यस संस्थाले के योगदान गरेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

नेपाली भाषा र साहित्यको उन्नयनमा अद्वितीय भूमिका निर्वाह गर्दै आएको रत्न पुस्तक भण्डारको ऐतिहासिक अध्ययन, यसले गरेको नेपाली बाल साहित्यका कृतिहरूको प्रकाशन र त्यसबाट भएको योगदानको मूल्याङ्कन यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । सारमा यस शोधपत्रसँग सम्बद्ध भएर आउने अन्य उद्देश्यलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

(क) रत्न पुस्तक भण्डारको परिचय दिनु ।

(ख) यसले स्थापना कालदेखि हालसम्म के कस्ता के कति बाल गीत र बाल कविता लगायत बाल साहित्यिक कृतिहरू प्रकाशन गरेको छ, सोको जानकारी प्रस्तुत गर्नु ।

(ग) नेपाली बाल साहित्यको विकास र प्रबर्द्धनमा यस संस्थाले गरेको योगदानलाई ठम्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली भाषा, साहित्य र साहित्येतर पुस्तक एवम् बाल साहित्यको प्रकाशनका क्षेत्रमा रत्न पुस्तक भण्डारले पुऱ्याएको सीमित योगदानको अध्ययन मात्र भएको छ । उक्त अध्ययनका शृङ्खलाहरूलाई कालक्रमिक आधारमा सङ्क्षेपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

भिक्टर प्रधानले 'मधुपर्क' (वर्ष २१, अङ्क ३, २०४७, असार, श्रावण, पृ. २७), पत्रिकामा 'नेपाली बाल साााहित्यको विकासक्रम' नामक लेखमा रत्न पुस्तक भण्डारले रत्न बाल साहित्य प्रकाशन मार्फत बाल साहित्यको विकासमा टेवा पुऱ्याएको छ भनी उल्लेख गरेका छन् ।

ईश्वरी ज्ञवालीले 'बुधबार साप्ताहिक' (वर्ष ३, अङ्क ४४, २०५५ भदौ ३१ पृ. ५) पत्रिकामा प्रकाशित 'धेरैलाई पढाउने एक साक्षर' शीर्षकको लेखमा नेपालकै सबभन्दा पुरानो पुस्तक पसलको रूपमा रत्न पुस्तक भण्डारको नाम उल्लेख गरेका छन् ।

गोकर्ण आचार्यले 'गोरखापत्र दैनिक' (वर्ष ४०, अङ्क १४७, १९९८ मङ्सिर ११, पृ. ७) पत्रिकामा 'रत्नप्रसाद श्रेष्ठ' शीर्षकको लेखमा नेपालको सबभन्दा पुरानो पुस्तक भण्डार रत्न पुस्तक भण्डार हो भनी उल्लेख गरेका छन् ।

बाल कथा सङ्ग्रह 'अर्थ न बर्थका कुरा' को तेस्रो संस्करण (२०५८) को भूमिकामा श्रीमती कल्पना प्रधानले बाल साहित्यको नितान्त अभाव भएको हाम्रो देशमा बाल उपयोगी पुस्तकहरूको प्रकाशन गरी आएकोमा रत्न पुस्तक भण्डार धन्यवादको पात्र छ भनी उल्लेख गरेकी छन् ।

जयदेव भट्टराईले 'गोरखापत्र दैनिक' (वर्ष ९८, अङ्क १९६, २०५५, मङ्सिर ११, पृ. ६) पत्रिकामा 'पुस्तक फिँजाएर फैलिएका रत्नप्रसाद' शीर्षकको लेखमा नेपाली साहित्यका अनेकौँ स्रष्टाको साहित्यिक कृति प्रकाशन गरी रत्न पुस्तक भण्डारले महत्त्वपूर्ण कार्य गरेको कुरा उल्लेख गरेका छन् ।

केदारमणि पौड्यालले 'नेपाली बाल साहित्यमा रत्न पुस्तक भण्डारको योगदान' ( २०६३) नामक शोधपत्रमा नेपाली बाल साहित्यका क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक दुवै कोणले रत्न पुस्तक भण्डारको विशिष्ट योगदान रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

रोशन गौतमले 'नेपाली भाषा साहित्यको उन्नयनमा रत्न पुस्तक भण्डारको योगदान' (२०६६) शीर्षकको शोधपत्रमा नेपाली साहित्यका समग्र प्रवृत्तिलाई आत्मसात गर्दै पुस्तक प्रकाशन र वितरण कार्य मार्फत नेपाली प्रकाशन क्षेत्रमा विशिष्ट र उच्च पहिचान कायम गर्न सफल रत्न पुस्तक भण्डारको नेपाली भाषा साहित्यको उन्नयनमा महत्त्वपूर्ण योगदान रहेको छ भनी उल्लेख गरेका छन् ।

शुभराज शिल्पकारले नेपाली राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक सङ्घद्वारा प्रकाशित स्मारिका (२०६७) मा 'नेपालमा पुस्तक प्रकाशनको इतिहास र विकासक्रम' नामक

लेखमा निरङ्कुश राणा शासन, बहुदलीय प्रजातन्त्र, निर्दलीय पञ्चायती व्यवस्था र नेपालमा प्रजातन्त्र पुर्नस्थापना आदि सबै काल अनुभव गरेको रत्न पुस्तक भण्डार निश्चय नै नेपालको पुस्तक प्रकाशनको इतिहासको प्रत्यक्ष साक्षीको रूपमा रहेको छ भनी उल्लेख गरेका छन् ।

रत्न पुस्तक भण्डारबाट प्रकाशित 'पुस्तक सूचीपत्र' (२०६७) को "रत्न पुस्तक भण्डारको ६ दशक" भन्ने लेखमा अहिले पनि बाल बालिकाका लागि भिन्नै शाखा सञ्चालन गर्नेदेखि पाठकसामू धार्मिक प्रकाशनहरू पुऱ्याउने कार्य यसले गरि रहेकै छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यस्ता सङ्क्षिप्त एवम् मोटामोटी अध्ययन कार्यका अतिरिक्त रत्न पुस्तक भण्डारको समग्र इतिहास र नेपाली बाल गीत एमव् कविता प्रंकाशनमा यसले पुऱ्याएको योगदानको शोधमूलक अध्ययन एवम् अनुसन्धान नभएकाले प्रस्तुत शोधपत्रमा रत्न पुस्तक भण्डार र यसले नेपाली बाल गीत र कविता प्रकाशनमा पुऱ्याएको योगदानको विश्लेषण प्रस्तुत गरिएको छ ।

### १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपाली भाषा साहित्यको क्षेत्र लगायत अन्य विभिन्न गैर साहित्यिक विधाको प्रकाशन र वितरणमा योगदान गर्दै आएको रत्न पुस्तक भण्डारका बारेमा सामान्य चर्चा परिचर्चा हुँदै आए पनि यस पुस्तक भण्डारले नेपाली बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कविताको प्रकाशन र वितरणका क्षेत्रमा गरेको योगदानका बारेमा अध्ययन अनुसन्धान भएको देखिदैन । त्यसैले रत्न पुस्क भण्डारले नेपाली बाल गीत र बाल कविताको प्रकाशनका क्षेत्रमा गरेको योगदानको विश्लेषण एवम् मूल्याङ्कन गर्न सक्नु यस शोधकार्यको प्राज्ञिक औचित्य एवम् महत्त्व हुने छ । नेपाली बाल साहित्यको क्षेत्र, त्यसमा पनि बाल कविता र बाल गीतका क्षेत्रमा जान्न चाहने तथा पछिल्ला शोधार्थीहरूलाई पनि यस शोध कार्यले सहयोग पुऱ्याउने भएकाले यसको अध्ययनको औचित्य र महत्त्व प्रष्टिन्छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा रत्न पुस्तक भण्डारको पूर्ववर्ती 'रामदास एण्ड सन्स' तथा रत्न पुस्तक भण्डारको इतिहास सम्बन्धी अध्ययन गरिएको छ । यसमा बाल साहित्य सिद्धान्तको सामान्य परिचय दिँदै बाल गीत र बाल कविताको सैद्धान्तिक पक्षमा विवेचना गरिएको छ । रत्न पुस्तक भण्डारबाट प्रकाशित बाल गीत तथा बाल कविताका कृतिहरूको अध्ययन गरी

विश्लेषण एवम् मूल्याङ्कनको काम गरिएको छ । यसरी रत्न पुस्तक भण्डारबाट प्रकाशित बाल गीत र बाल कवितालाई मूल विषय बनाएर प्रस्तुत शोधपत्रलाई सीमाबद्ध गरिएको छ ।

### १.७ शोधविधि

यस शोधकार्यलाई सम्पन्न गर्नका लागि बाल साहित्यसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेख, समालोचना, पूर्व शोधकार्यहरू र विषयसँग सम्बद्ध कृतिहरूलाई मूल आधार बनाएर पुस्तकालयीय विधि अपनाइएको छ भने आवश्यकता अनुसार रत्न पुस्तक भण्डारसँग सम्बन्धित जानकार व्यक्ति, प्राध्यापक, समालोचक एवम् विशेषज्ञहरूसँग पनि जानकारी लिइएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित बनाउन यसलाई विभिन्न परिच्छेद र उपपरिच्छेदहरूमा प्रस्तुत गरिएको छ । यसमा निम्न लिखित पाँच परिच्छेदहरू रहेका छन् :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : रत्न पुस्तक भण्डारको परिचय

तेस्रो परिच्छेद : बाल साहित्यका विधाका रूपमा बाल गीत र बाल कविता

चौथो परिच्छेद : रत्न पुस्तक भण्डारद्वारा प्रकाशित नेपाली बाल गीत र कविताको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

# परिच्छेद दुई

# रत्न पुस्तक भण्डारको परिचय

## २.१ पृष्ठभूमि र स्थापना

रत्न पुस्तक भण्डारको स्थापना वि.सं. २००३ मा काठमाडौँको भोटाहिटीमा भएको थियो । यो पुस्तक पसल नेपाली निजी पुस्तक व्यावसाय र प्रकाशक संस्थाहरूमध्ये एक पुरानो, प्रसिद्ध र स्थापित व्यावसायिक संस्था हो ।[१] वि.सं. २००३ भन्दा अघि यो पुस्तक पसल काठमाडौंको मखन टोलमा 'रामदास एण्ड सन्स'को रूपमा थियो । रामदास श्रेष्ठका तिन छोरामध्ये माहिला रत्न प्रसादले 'रामदास एण्ड सन्स' नामक पुस्तक पसललाई आफ्नो नाममा रत्न पुस्तक भण्डारका रूपमा रूपान्तरण गरेका हुन् ।[२] रत्न पुस्तक भण्डारका संस्थापक रत्न प्रसाद श्रेष्ठका पिता रामदास श्रेष्ठ भक्तपुरबाट काठमाडौं आई काठमाडौंको मखन टोलमा सानो मिठाई पसल खोलेर बसेका थिए । उनले त्यस पसलको एक छेउमा भगवान्का फोटाहरू राख्न थाले भने अर्को छेउतर्फ केही धार्मिक र नैतिक चेतनाका पुस्तकहरू राख्न थाले ।

नेपालमा पुस्तक प्रकाशन र व्यवसायको खासै विकास नभएको अवस्थामा रामदासले यसमा हात हालेका थिए ।[३] तत्कालीन समयमा नेपालमा पुस्तकहरू कमै मात्र पाइन्थे । गोरखा भाषा प्रकाशिनी समितिले केही पुस्तकहरू प्रकाशित गर्थ्यो तर त्यतिले मात्र पुस्तक व्यवसाय चलाउन पर्याप्त थिएन । त्यसैले रामदासले भारतको बनारसबाट पुस्तकहरू ल्याई बिक्री वितरण गर्दथे । त्यस बेलाका पुस्तकहरू धार्मिक, नैतिक र औपदेशिक खालका हुन्थे ।

यसभन्दा पहिले रामदास काठमाडौँ रानीपोखरीको छेउमा बसेर किताब फिँजाएर बेच्ने गर्दथे । यस कार्यमा उनका छोराहरू रत्न प्रसाद र शिव प्रसादले सहयोग गर्दथे । त्यसमा पनि रत्न प्रसाद आफ्ना बाबुका भर पर्दा सहयोगीका रूपमा देखिन थाले । उनी आफ्ना बाबु सँगै सडकको छेउमा पुस्तक बेच्ने गर्दथे ।[४] वि.सं. १९९६ मा रामदासले काठमाडौंको मखन टोलमा 'रामदास एण्ड सन्स' नामक पुस्तक पसलको स्थापना गरे । यो

---

[१] केदारमणि पौड्याल, **'नेपाली बाल साहित्यमा रत्न पुस्तक भण्डारको योगदान'**, (अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि, ने.के.वि., कीर्तिपुर, २०६३), पृ. ६ ।

[२] जयदेव भट्टराई, 'पुस्तक फिजारेर फैलिएका रत्नप्रसाद' **गोरखा पत्र** (वर्ष ९८, अङ्क १९६, २०५५, मङ्सिर ११), पृ. ६ ।

[३] खगेन्द्र थपलिया, 'जीवन अनेक रूप रङ्ग', **गोरखा पत्र**, (वर्ष ८७, अङ्क १५३, वि.सं. २०५४, असोज २४), पृ. ६ ।

[४] अनन्तप्रसाद वाग्ले, 'आवाजबाटै मोटर चिनिन्थ्यो', **कान्तिपुर कोपिला,** (वर्ष ९, अङ्क १७४, २०५८, श्रावण २६), पृ. ५ ।

पुस्तक पसल वि.सं. २००३ सम्म रह्यो ।[५] रामदाससँग छोराहरूको मत भिन्नता हुन थाल्यो । फलतः रामदासका माहिला छोरा रत्न प्रसाद श्रेष्ठले 'रामदास एण्ड सन्स' नामक पुस्तक पसललाई परिवर्तन गरी 'रत्न पुस्तक भण्डार' बनाएर आफ्नै नाममा रूपान्तरण गरे । मखन टोलबाट भोटाहिटीमा रत्न पुस्तक भण्डारलाई सारियो । त्यसपछि उक्त 'रामदास एण्ड सन्स' नामक पुस्तक पसल आफ्नो नामबाट हटेर रत्न पुस्तक भण्डारका रूपमा रूपान्तरित भयो ।[६]

## २.२ रत्न पुस्तक भण्डारको स्थापनापूर्व र समकालका पुस्तक गतिविधि

अहिलेसम्म प्राप्त जानकारीका आधारमा वि.सं. १९४४ सालतिर काठमाडौंमा खुलेको 'हरिहर शारदा पुस्तकालय' नामको पुस्तक पसललाई नेपालको सर्वप्राचीन पुस्तक पसल मान्न सकिन्छ ।[७] पुस्तकालय भनिए पनि त्यो आजको अर्थमा बुझिने पुस्तकालय नभई पुस्तक पसल मात्र थियो । यसले बनारसबाट १९३९ सालदेखि पुस्तक प्रकाशन गर्न थालेका हरिहर शर्माका भाषा सम्बन्धी केही पुस्तक र धार्मिक तथा कर्मकाण्डका पुस्तकहरू बेच्ने गर्दथ्यो । आजसम्मको खोजका आधारमा नेपालकै प्रथम पुस्तक पसलका रूपमा यसको महत्त्व रहेको छ ।[८]

नेपालको दोस्रो पुस्तक पसल १९४५ मा युवा कवि मोतीराम भट्ट र कृष्णदेव पाण्डेको संयुक्त प्रयत्नमा ठहिटिमा खोलेको पुस्तक पसल मानिन्छ ।[९] यो पुस्तक पसल पण्डित नरदेव मोतीकृष्ण कम्पनीका नामले प्रख्यात थियो । यसै कम्पनीको मातहतमा सं १९५० मा ठहिटीमा पाशुपत प्रेस नामक छापाखाना स्थापित भयो ।[१०] यसै प्रेसबाट भानुभक्तको रामायण लगायतका केही सानातिना पुस्तक प्रकाशनको काम र पत्रिका समेत निकाल्न थालिएको थियो ।

---

[५] खगेन्द्र थपलिया, पूर्ववत् ।

[६] पूर्ववत् ।

[७] शिव रेग्मी, 'वि.सं. २००७ अगाडिका पुस्तक पसल र विक्रेताहरू' (लेख) **आजको समाचार पत्र** (वर्ष २, अङ्क १४८, २०५४, जेठ २५), पृ. ५ ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

कवि शिरोमणि लेखनाथ पौड्यालले श्यामदास वैष्णव तथा जनार्दन समलाई दिएको अन्तर्वाताका क्रममा वि.सं. १९६४ सालतिर भोटाहिटीमा 'टी.डी. एच. एण्ड अद्भुत कार्यालय' नामको पुस्तक पसलको अस्तित्त्वको स्मरण गरेका छन् ।[११]

पण्डित तोयानाथ पन्तले बटु टोलमा वि.सं. १९७३ सालतिर र दैवज्ञ रत्नमान जोशीले बटु टौबहालमा १९७८ सालतिर आ-आफ्ना घरछेउमा पुस्तक बेच्ने गरेको उल्लेख पाइन्छ ।[१२] यसै गरी कवि प्रेम प्रसाद भट्टराईले आफ्नै घर मखन टोलमा वि.सं. १९८३ सालतिर 'पुष्पाञ्जली' नामको पुस्तक पसल खोली पुस्तकहरू बेच्ने गरेको पाइन्छ ।[१३]

वि.सं. १९७६ तिर डिल्ली बजारको शारदा भवनमा पुस्तक बेच्ने गरिएको तथ्य आशुकवि शम्भु प्रसाद ढुङ्गेलको 'शब्दसुधानिधि' पुस्तकमा उल्लिखित पुस्तक पाइने ठेगानामा सो भवनको नाम उल्लेख भएको कुरा देखिन्छ ।[१४] वि.सं. १९७१ तिर जगन्नाथ सेढाईं र बैजनाथ सेढाइँ मिलेर पण्डित कृष्णचन्द्र अर्यालको सहयोगमा 'गोरखा एजेन्सी' नामक संस्था खोली पच्चिस पुस्तक प्रकाशनको योजना समेत बनाएका थिए र सो योजना अन्तर्गत केही पुस्तकहरू प्रकाशित पनि भएका थिए। [१५] साहु मानदासले साइकल पसलको रूपमा खोलेको पसल वि.सं. १९९० पछि चित्तधर हृदयसँग मिलेर 'मानदास-चित्तधर पुस्तक विभाग' भनेर पुस्तकहरू बेच्ने गर्दथे भन्ने उल्लेख पाइन्छ ।[१६]

काठमाडौंको प्रसिद्ध जोरगणेश प्रेसले आफ्ना प्रकाशन बेच्नका लागि 'शारदा पुस्तक भण्डार' खडा गरेको तथा 'ठहिटी भगवती' प्रेसका मालिक सूर्यभक्त जोशीले पनि पुस्तक पाइने ठेगानामा आफ्नो नाम र प्रेसको ठेगाना प्रकाशित गरेको देखिन्छ ।[१७]

रत्न पुस्तक भण्डारको स्थापनाभन्दा केही अगाडि खुलेको 'महावीर सिंह चिनियामान सिंह' त्यस बेलाको नामी पुस्तक पसल थियो ।[१८] वि.सं. १९९० तिर मखन टोलमा कपडाको व्यापारसँगै यो पसल खुलेको थियो । त्रिचन्द्र कलेजको स्थापनापछि दरबार स्कुल र सो कलेजका पाठ्य पुस्तक विक्री गर्नेमा यस पुस्तक पसलले एकाधिकार जमाएको थियो । भक्त

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, ते.सं., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १८ ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

बहादुर डङ्गोलका पारिवारिक स्रोतका अनुसार उनले एघार वर्षको उमेरदेखि किताब बेच्ने काम सुरु गरेका थिए । 'भक्त बहादुर पब्लिसर्स एण्ड बुक सेलर्सको' नामले प्रख्यात पुस्तक पसल कहिलेदेखि अस्तित्वमा आयो भन्ने यकिन नभए पनि वि.सं. १९८५को सेरोफेरोमा यो पसल सञ्चालनमा आएको अनुमान गर्न सकिन्छ ।[१९] नेपाली भाषा प्रकाशिनी समितिबाट छापिएका पुस्तक बेच्ने सोल एजेन्टको अधिकार पाएको यो पसल वि.सं. २०३१-३२, सम्म भोटाहिटीमा चालु रहेको देखिन्छ । राजनीतिमा समेत सक्रिय भक्त बहादुरको तत्कालीन राणा शासनले तिन पटकसम्म सर्वस्व हरण गरेको उनको पारिवारक सूत्रबाट जानकारी पाइन्छ । यो पुस्तक पसल एकताका नेपालको सबैभन्दा ठुलो र प्रसिद्ध पुस्तक पसल थियो ।[२०]

यसै समयतिर पुस्तक विक्रेताहरूको सूचीमा होमनाथ-लीलानाथ (पुस्तक दोकान), सुकदेव शर्मा (बुक डिपो), पण्डित पूर्णप्रसाद (नेपाल बुक सेलर्स), रङ्गनाथ शर्मा (संस्कृत बुक डिपो) आदि नाम समेत उल्लेख भएको पाइन्छ ।[२१]

## २.३ विकास परम्परा

रत्न पुस्तक भण्डारले पुस्तक वितरक र विक्रेताका रूपमा आफ्नो स्थापना कालबाटै सक्रियता देखाएको थियो । त्यस बेला भारतको दिल्ली, बनारस, कलकत्ता र बम्बईबाट पुस्तकहरू ल्याएर काठमाडौंको भोटाहिटीमा पसल खोली बेच्ने गरिएको थियो ।

वि.सं. २००४ मा 'भगवती स्तोत्र' नामक धार्मिक पुस्तक प्रकाशित गरी प्रकाशनको क्षेत्रमा समेत यसले हात हाल्दछ ।[२२] माधवलाल कर्माचार्यको समालोचनात्मक कृति 'सौगात' यसले प्रकाशन गरेको प्रथम साहित्यिक कृति हो ।[२३] सङ्क्षेपमा पुस्तक प्रकाशक, वितरक एवं विक्रेताका रूपमा रत्न पुस्तक भण्डारको क्रियाकलापलाई यसरी उल्लेख गर्न सकिन्छ ।

### २.३.१ पुस्तक प्रकाशन, वितरण र विक्री

रत्न पुस्तक भण्डारले पुस्तक प्रकाशनमा वि.सं. २००४ बाटै पाइलो टेकेको हो । वि.सं. २००४ सालमा 'भगवती स्तोत्र' नामक धार्मिक पुस्तक प्रकाशन गरेपछि यस

---

[१९] शिव रेग्मी, पूर्ववत् ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] रोशन गौतम, **'नेपाली भाषा साहित्यको उन्नयनमा रत्न पुस्तक भण्डारको योगदान'**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि, ने.के.वि., कीर्तिपुर, (२०६६), पृ. ८ ।

[२३] केदारमणि पौड्याल, पूर्ववत् ।

भण्डारको प्रकाशन यात्रा औपचारिक रूपमा आरम्भ भएको हो ।[२४] सुरुमा धार्मिक र नीति चेतनाका पुस्तक प्रकाशनमा यो पुस्तक भण्डार सक्रिय भए पनि वि.सं. २००७ को जनक्रान्तिपछिको परिवर्तित परिस्थितिमा यसले सबैखाले पुस्तक प्रकाशन गर्दै आएको छ ।[२५] माधवलाल कर्माचार्यको 'सौगात' कृति प्रकाशनपछि साहित्यिक प्रकाशनको यात्रा आरम्भ गरेको यस भण्डारले नेपाली भाषा प्रकाशिनी समिति बन्द भएपछि साझा प्रकाशन स्थापना हुनुको बिचमा नेपाली साहित्यका सबै जसो पुस्तक प्रकाशन गरेको थियो ।[२६] यसपछि नेपाली साहित्यका कविता, कथा, निबन्ध, उपन्यास, संस्मरण, जीवनी लगायतका सबैजसो विधामा यस भण्डारद्वारा लगातार पुस्तकहरू प्रकाशित भई रहेका छन् ।

रत्न पुस्तक भण्डारको वैशिष्ट्य विश्वस्तरका लेखकका पुस्तक प्रकाशन गर्नमा समेत रहेको छ । यदुनाथ खनाल, ऋषिकेश शाह, डोरबहादुर विष्टका अङ्ग्रेजी भाषामा विश्व स्तरीय पुस्तकहरू यसले प्रकाशन गरेको छ भने डेविट एच, हम्बर्ग, बनार्ड पिग्नेड, थोमस थम्पन, ग्याब्रिएल क्याम्पबेल आदि विदेशी लेखकहरूका कतिपय अङ्ग्रेजी भाषाका पुस्तकहरू प्रकाशन गरेको तथ्य यसको पुस्तक सूचीपत्रबाट थाहा हुन्छ ।[२७] यी पुस्तकका अतिरिक्त भूगोल, गणित, इतिहास, संस्कृति, वातावरण, वाणिज्य, पर्यटन, पुरातत्त्व, व्याकरण, भाषा, शब्दकोश, सामान्य ज्ञान, राजनीति शास्त्र, व्यवस्थापन, समाज शास्त्र, मानव शास्त्र आदि विविध विषयका पुस्तकहरू निरन्तर प्रकाशित भइ रहेका छन् । अझ यसको योगदान नेपाली बाल साहित्यका कृतिहरूको प्रकाशनमा झन् उल्लेख्य देखिन्छ । नेपाली बाल साहित्यका कथा, गीत, कविता, उपन्यास, एकाङ्की, चित्रकला आदि विविध विधाका पुस्तकहरू यसले निरन्तर प्रकाशन गरि रहेको छ ।

रत्न पुस्तक भण्डारले नेपालका ७५ वटै जिल्लामा पुस्तकहरूको विक्री वितरण गर्दछ । यसको इतिहास निर्माण नै पुस्तकको विक्रीबाट भएको तथ्य माथि नै उल्लेख भइ सकेको छ । सुरुमा धार्मिक र नीति चेतनाका पुस्तकहरूको वितरणबाट आफ्नो कार्यारम्भ गरेको यस भण्डार अन्तर्गत माइति घरमा रहेको विक्री केन्द्रमा अझै तिनै पुस्तकहरूको बाहुल्य रहेको देखिन्छ ।[२८] सोही केन्द्रमा आफ्नै प्रकाशन र अन्य प्रकाशनका समेत बाल

---

[२४] पूर्ववत् ।

[२५] पूर्ववत् ।

[२६] जयदेव भट्टराई, पूर्ववत् ।

[२७] रत्न पुस्तक भण्डार, पुस्तक सूचीपत्र, (२०६७), पृ. २६ ।

[२८] केदारमणि पौड्याल, पूर्ववत् ।

साहित्यका पुस्तक बिक्री, वितरण र प्रदर्शनीका निम्ति यसले विशेष कक्ष समेत स्थापना गरेको छ ।[२९] हाल आफैले प्रकाशन गरेका पुस्तकका साथै स्वदेश र विदेशका अन्य प्रकाशन गृहका पुस्तकहरू समेत यस भण्डारले विक्री वितरण गरि रहेको छ । बाग बजार स्थित 'रत्न बुक डिस्ट्रिब्युटर्स' मार्फत देशभरिका ७५ वटै जिल्लामा विभिन्न पुस्तक पसललाई यसले पुस्तक विक्रीको माध्यम बनाएको छ ।[३०]

### २.३.२ बिक्री भण्डारको व्यवस्था

रत्न पुस्तक भण्डारको स्थापना काठमाडौं भोटाहिटीमा भएको थियो । त्यस बेला त्यहीँबाट रत्न पुस्तकले आफ्ना प्रकाशनका पुस्तकहरू बिक्री र वितरण गर्ने गर्दथ्यो । वि.सं. २०१२ मा यो पसल बाग बजारमा सऱ्यो र त्यहीँबाट यसले आफ्नो कारोबार सुरु गऱ्यो । यसले बाग बजारमा केन्द्रीय कार्यालय र भोटाहिटीमा यस शाखा कार्यालयको स्थापना गऱ्यो । हाल यसको अर्को शाखा माइति घरमा पनि छ । शाखालाई यसले बाल पाठ्य पुस्तकका पसलका रूपमा विकसित गरेको छ ।[३१] यसरी हाल यसका दुई वटा शाखा र एउटा केन्द्रीय कार्यालय काठमाडौंमा रहेका छन् । यिनै शाखाबाट नेपालका ७५ वटै जिल्लामा आफ्ना प्रकाशनका पुस्तकहरू यसले वितरण गर्दै आएको छ ।

रत्न पुस्तक भण्डार नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालयमा विधिवत् दर्ता भई सञ्चालनमा रहेको छ ।[३२] सरकारी लागतमा रत्न प्रसाद श्रेष्ठका व्यावसायिक कम्पनीको रूपमा जेठा छोरा चन्द प्रसाद श्रेष्ठ र कान्छा छोरा सुरेश प्रसाद श्रेष्ठ यसका सञ्चालकका रूपमा रहेका छन् तर व्यवसाय सातै जना छोराहरूको संयुक्त सहभागितामा सञ्चालित छ । रत्न पुस्तक भण्डार पारिवारिक व्यवसायको रूपमा सञ्चालित व्यवसाय हो । हाल यसका अध्यक्ष तथा निर्देशक रत्न प्रसादका छोरा गोविन्द प्रसाद श्रेष्ठ रहेका छन् ।

### २.३.३ पुरस्कार तथा सम्मान

नेपाली भाषा साहित्यको उन्नयनमा विगत ६ दशकदेखि अनवरत क्रियाशील रत्न पुस्तक भण्डारलाई भाषा साहित्यप्रतिको दीर्घ समर्पणको कदर गर्दै विभिन्न सङ्घ, संस्था एवं व्यक्तिहरूले सम्मान, अभिनन्दन एवम् पुरस्कृत गरेका छन् । प्रारम्भिक समयदेखि नै नेपाली भाषा साहित्यको विकासको जीवन्त साक्षी बनेको रत्न पुस्तक भण्डार सम्मानको

---

[२९] रोशन गौतम, पूर्ववत्, ।

[३०] गोविन्द प्रसाद श्रेष्ठले शोधार्थीलाई जानकारी दिए अनुसार ।

[३१] केदारमणि पौड्याल, पूर्ववत् ।

[३२] गोविन्द प्रसाद श्रेष्ठ, पूर्ववत् ।

पात्र बनेको छ । **हिमाल खवर पत्रिका** (१५ वैशाख, २०५७) ले सय वर्षका १०१ नेपालीमा यस भण्डारका संस्थापक रत्न प्रसाद श्रेष्ठलाई समावेश गरेको छ ।[३३] नेपाली भाषा र साहित्यको सेवामा समर्पित भएकै कारण मदन पुरस्कार गुठीद्वारा प्रदत्त मदन पुरस्कार स्वर्ण वर्ष सम्मान यसले प्राप्त गरेको छ ।[३४] नेपाली भाषामा बाल बालिकाको अभिरुचि अनुरूपका बाल साहित्यको प्रवर्द्धनमा प्रकाशन मार्फत उत्कृष्ट योगदान गरेबापत रत्न पुस्तक भण्डारलाई कविताराम बाल साहित्य प्रवर्द्धन कदर पत्र २०६३ द्वारा सम्मानित गरिएको छ ।[३५] पुस्तक प्रकाशनको इतिहासमा विगत ६ दशकदेखि अनवरत रूपमा पुऱ्याउँदै आएको अतुलनीय योगदानको उच्च कदर गर्दै नेपाल उद्योग मुद्रण सङ्घले रत्न पुस्तक भण्डारलाई वि.सं. २०६४ मा सम्मान पत्र प्रदान गरेको छ ।[३६] बिगत ६ दशकदेखि प्रकाशनका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धि गर्दै हास्यव्यङ्ग्य वाङ्मयको विकासमा योगदान गरे बापत हासने समाजबाट २०५८ सालमा कदर पत्रद्वारा सम्मान गरिएको छ ।[३७] यसका अतिरिक्त विभिन्न संघ, संस्था र व्यक्तिहरूद्वारा सम्मान गरिएको छ । यस्ता सम्मान पत्रहरूको पुस्तकालयमा एउटा लामो सूची नै रहेको छ ।

### २.४ निष्कर्ष

वि.सं. २००३ मा रत्न पुस्तक भण्डारको रूपमा स्थापित यस पुस्तक भण्डारले अनेकौं आरोह अवरोह पार गरेर आफूलाई सफल पुस्तक व्यावसायिक संस्थामा रूपान्तरण गरेको छ । मूलतः व्यावसायिक प्रयोजनका निमित्त यस संस्थाले नेपाली भाषा र साहित्यप्रति प्रदर्शन गरेको अनुराग अपरिमित छ । पाठ्य पुस्तक बाल साहित्य, साहित्य, भाषा, व्याकरण र अन्य विषयका हजारौँ पुस्तकहरू प्रकाशन गरी रत्न पुस्तक भण्डार नेपाली निजी पुस्तक प्रकाशनको शीर्ष स्थानमा रहन सफल भएको छ ।

नेपाली बाल साहित्यप्रतिको झुकावकै कारण यसले बाल साहित्यको विकास र प्रवर्द्धनमा अझ उल्लेखनीय योगदान गरेको छ । बाल गीत र बाल कविता प्रकाशनमा रत्न पुस्तक भण्डार अन्य प्रकाशन संस्थाभन्दा धेरै अगाडि रहेको छ । नेपाली भाषा साहित्यको उन्नयन रत्न पुस्तक भण्डारको उल्लेखनीय प्रयत्न हो भने बाल साहित्यको विकास एउटा

---

[३३] पूर्ववत् ।

[३४] पूर्ववत् ।

[३५] पूर्ववत् ।

[३६] पूर्ववत् ।

[३७] पूर्ववत् ।

पाटो नै हो । नबोदित लेखकलाई आफ्नो प्रतिभा प्रदर्शनको अवसर प्रदान गर्न जोखिम लिएरै भए पनि यसले निरन्तर पुस्तक प्रकाशन गरी सहयोग गर्दै आएको छ भने स्थापित लेखकका स्तरीय कृतिहरू बारम्बार संस्करण गरिरहेको छ ।

रत्न पुस्तक भण्डार नेपालको सबैभन्दा पुरानो पुस्तक प्रकाशक एवं वितरक संस्थाहरूमध्ये एक हो । पुस्तक व्यावसायमा वि.सं. १९९६ मा स्थापित 'रामदास एन्ड सन्सले' २००३ सालदेखि रत्न पुस्तक भण्डारको इतिहास बनाउन सुरु गरेको हो । यसले ६ दशक लामो इतिहासमा प्रकाशन तथा बिक्री वितरणद्वारा साक्षरता अभिवृद्धि गर्नेदेखि बौद्धिक पाठकलाई उपयोगी पठन सामग्री उपलब्ध गराउने कार्यमा समेत बारम्बार ध्यान दिँदै आएको छ । देशको शैक्षिक साहित्यिक प्राज्ञिक उन्नयनमा रत्न पुस्तक भण्डार एउटा अङ्ग नै बनेको छ भने नेपाली बाल साहित्यको विकासमा छुट्टै शाखा खोल्नु र निरन्तर बाल साहित्यका कृतिहरू प्रकाशन गर्नु रत्न पुस्तक भण्डारको अतुलनीय योगदान हो । अझ बाल साहित्यका महत्त्वपूर्ण विधा बाल गीत र बाल कविता प्रकाशनमा यसले जुन जागरूकता देखाएको छ, त्यो अवश्यै अपरिमित र उल्लेख्य रहेको छ ।

# परिच्छेद तिन

# बाल साहित्यका विधाका रूपमा बाल गीत र कविता

## ३.१ बाल साहित्यको परिचय

दुई भिन्ना भिन्नै अर्थबोध गराउने शब्दहरू बाल र साहित्यको संयुक्त रूप नै बाल साहित्य हो । यसरी संयुक्त भएपछि यसले एउटा छुट्टै विशिष्ट अर्थ दिन्छ । 'बाल' भन्नाले बाल बालिकालाई बुझाउँछ भने 'साहित्य' भन्नाले मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको एक विशिष्ट विधालाई बुझाउँछ ।[1] यसरी एउटा सिङ्गो शब्द बनेको बाल साहित्यले बाल बालिकाका लागि लेखिने र बाल बालिकाद्वारा लेखिने साहित्यलाई बुझाउँछ । यसरी बाल साहित्यको अर्थ भनेको बाल बालिकाका लागि लेखिने र बाल बालिकाद्वारा लेखिने साहित्यको एक विशिष्ट विधा नै हो । जुन बाल बालिकाको रुचि, क्षमता, स्तर र इच्छा अनुकूलको हुनु पर्दछ । बाल बालिकाको आफ्नै संसार, आफ्नै परिवेश र भाषा क्षमताको धरातललाई त्यही अनुकूलको भाव, भाषा र ग्रहण क्षमताको स्तरमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सक्नु नै बाल साहित्यको सफलता हो । आजका बाल बालिका भोलिका देशका खम्बा हुन्, भोलिका कर्मठ, दक्ष, योग्य, प्रबुद्ध, लगनशील र परिश्रमी नागरिक हुन् । आजका बाल बालिकाहरूलाई सही दिशा र सही मार्ग निर्देशन अभाव भएमा बालकहरूको भविष्य मात्र नभएर देशकै भविष्य अन्धकारपूर्ण हुने कुरा निर्विवाद छ । बाल अवस्थामा परेको छाप पछिसम्म रहि रहने हुनाले समयमै बाल बालिकालाई उचित वातावरण र उचित शिक्षादीक्षाको आवश्यकता पर्दछ । बाल बालिकाको चारित्रिक, मानसिक र बौद्धिक विकासका लागि बाल साहित्य एउटा महत्त्वपूर्ण माध्यम हो ।[2]

## ३.२ बाल साहित्यको परिभाषा

बाल साहित्यको अर्थ बहनपछि बाल साहित्यको परिभाषालाई बुझ्न पनि आवश्यक छ । बाल साहित्यलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले भिन्न भिन्न दृष्टिकोणले परिभाषित गरे पनि सबै विद्वान्हरूको निचोड अन्ततः उही नै रहेको छ । बाल बालिकाका लागि लेखिने र बाल बालिकाद्वारा लेखिने साहित्य नै बाल साहित्य हो जुन बाल रुचि,

---

[1] प्रमोद प्रधान, 'नेपाली बाल साहित्यको इतिहास', दो.सं., (काठमाडौं : विवेक सिर्जनशील प्रा.लि., (२०६१), पृ. १९ ।

[2] सीता कटवाल, 'नेपाली बाल कविताको अध्ययन', (अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., ने.के.वि., कीर्तिपुर, २०५०), पृ. ३१ ।

क्षमता, स्तर तह र इच्छा अनुकूलको हुनु पर्दछ । बाल साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका केही साहित्यकारहरूका परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ ।

"बाल साहित्यको सिर्जना बालकको उमेरको हद, ग्रहणशीलता, पारख क्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनु पर्दछ । त्यस्तो साहित्य रचना नै बाल साहित्य हो ।"[३]- राजेन्द्र सुवेदी

"बाल बालिकाका निम्ति स्वास्थ्य, मनोरञ्जन, उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने सबै कृतिलाई बाल साहित्य शब्दले जनाउने चलन छ ।"[४] -डा. चूडामणि वन्धु

बाल साहित्य जति सहज, सरल र मोरञ्जनपूर्ण र आकर्षक हुन्छ, त्यत्तिकै यसको लेखा चित्राङ्कन र प्रकाशन गम्भीर, जटिल र चुनौतीपूर्ण समेत रहेको छ । बाल साहित्य बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसका प्रत्येक पक्षमा पूर्व योजना अति नै जरुरी हुन जान्छ ।"[५] - नरहरि आचार्य

"बाल साहित्य साहित्यको एक विशिष्ट प्रकार हो, जुन बाल बालिकाका लागि मनोरञ्जनात्मक दृश्य, पाठ्य सामाग्रीमा आप्लावित ज्ञान, सिप, चरित्र प्रभृति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्ग निर्देशन हो ।"[६] -भिक्टर प्रधान

बाल बालिकाहरूलाई मनोरञ्जन दिने रचनात्मक एवं सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञान विज्ञानका विविध विषयका सम्बन्धमा जानकारी दिने विषय वस्तुलाई उनीहरूको उमेर अनुसारको सरल, सरस भाषामा रोचक तवरले लेखी रङ्गीन चित्रहरूको समेत सकेसम्म समाविष्ट गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति वा रचना नै बाल साहित्य हो ।[७] -प्रमोद प्रधान

"बाल साहित्यले छोटो, मिठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोक साहित्यबाट पनि ऊर्जा बटुल्दछ । त्यसैले बाल साहित्यमा उर्वर मस्तिष्कका उपयोगी

[३] राजेन्द्र सुवेदी, 'नेपाली बाल साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान', **सुनकोसी** (वार्षिक), पूर्णाङ्क २, २०५३,पृ.७४ ।

[४] चूडामणि बन्धु, 'बाल साहित्यः अस्तित्व र प्रयोजन', **बालसाहित्य** (वार्षिक) (२०४५), पृ. २ ।

[५] नरहरि आचार्य, 'बालसाहित्य लेखनः विषय र मध्यम चयनको प्रश्न' **बालसाहित्य** (वार्षिक), (२०४७), पृ. १३ ।

[६] भिक्टर प्रधान, 'बाल साहित्यको अर्थ, उद्देश्य र आधुनिकता', **बालसाहित्य** (वार्षिक) (२०५३), पृ. ५ ।

[७] प्रमोद प्रधान, पूर्ववत्, पृ. २५ ।

विचार, इतिहास र संस्कृतिका मूल्यवान् सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौं पक्ष देखिन्छन् ।"[८] जीवेन्द्र देव गिरी

"अविकसित बालकलाई मनोरञ्जन दिँदै निर्माणका कार्यतर्फ राष्ट्र र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बाल साहित्यको हो । विदेशमा बाल साहित्यको ठुलो विकास भएको छ । नेपालीमा बाल साहित्यको ठुलो अभाव छ ।"[९] डा. तारानाथ शर्मा

यस प्रकार नेपाली साहित्यका लेखक एवम् अध्येताहरूले आ–आफ्नै किसिमले बाल साहित्यलाई चिनाउने प्रयत्न गरेका छन् । यी सबैको अध्ययन पश्चात् बाल साहित्यलाई निम्न अनुसार परिभाषित गर्न सकिन्छ –

बाल भाषामा रोचक प्रस्तुति सहित बाल बालिकालाई ज्ञान र मनोरञ्जन दिने आकर्षक चित्रहरूले सुसज्जित बाल रचना वा कृति नै बाल साहित्य हो, जुन बाल क्षमता, स्तर, रुचि, तह र इच्छा अनुकूलको हुनु पर्दछ । मनोरञ्जन दिन र ज्ञान, सिप आदिको वृद्धिका लागि बाल साहित्यको आवश्यकता पर्दछ ।

**३.३ बाल साहित्यको प्रयोजन**

बाल साहित्यको महत्त्वका बारेमा लामो चर्चा परिचर्चाको आवश्यकता छैन । बाल बालिका भनेका निर्माणाधीन घरका जगहरू हुन् । जसरी घर बनाउन जग दरो हुनु पर्दछ , त्यसै गरी भोलिका राष्ट्रका खम्बाहरू (बाल बालिका) लाई असल शिक्षा दिन र राम्रो पथ प्रदर्शन गर्न बाल साहित्यको आवश्यकता पर्दछ । बाल बालिकाहरू कुमालेको भाँडा बनाउने गिलो माटो हुन् । गिलो माटोलाई जता बटाऱ्यो त्यस्तै भाँडो बन्दछ । त्यस्तै बाल बालिकाहरूलाई सत् मार्गमा लगाउन असल शिक्षाको खाँचो पर्दछ । फलतः बाल बालिकालाई मनोरञ्जन दिन, ज्ञान, सिप आदिको बृद्धि गर्न बाल साहित्यको आवश्यकता स्वतः स्पष्टिन्छ । उनीहरूको चेतना जगाउन, अनि जागरुक बनाउन बाल साहित्यको आवश्यकता पर्दछ । बाल बालिकाको सर्वाङ्गीण विकासमा बाल साहित्य एउटा पाटो नै हो ।[१०] यसरी बाल साहित्य बाल बालिकाको सर्वाङ्गीण विकासको एउटा अङ्ग भएकाले बुँदागत रूपमा बाल साहित्यको प्रयोजनलाई यसरी उल्लेख गर्न सकिन्छ :

क) मनोरञ्जन दिन,

---

[८] जीवेन्द्र देव गिरी, 'नेपाली बाल पत्रिकाले बाल साहित्यमा पुऱ्याएको योगदान' **प्रलेस** (त्रैमासिक) पूर्णाङ्क १०, माघ–चैत, (२०५४), पृ. १०२ ।

[९] तारानाथ शर्मा, 'साझा प्रकाशनका २०४० मा प्रकाशित पुस्तक', **गरिमा** (मासिक), पूर्णाङ्क १७, वैशाख २०४१, पृ. १०६ ।

[१०] प्रमोद प्रधान, पूर्ववत्, पृ. १६ ।

ख) ज्ञान र सिपको वृद्धि गर्न,

ग) चेतनाको विकास गर्न,

घ) जिज्ञासाको समाधान गर्न,

ङ) असल बानी निर्माण गर्न

च) असल शिक्षा दिन र

छ) नैतिकवान चरित्रवान असल नागरिक बन्ने प्रेरणा दिन ।

### ३.४ बाल साहित्यको एक विधाका रूपमा बाल गीत

#### ३.४.१ बाल गीतको अर्थ

बाल बालिकामा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्दभण्डारलाई अभिबृद्धि गर्ने, उनीहरूमा विद्यमान सङ्गीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन समेत प्रदान गर्ने कार्यमा बाल गीत एक सबल, सक्षम र सशक्त माध्यम भएकाले यस विधाको आफ्नै वैशिष्ट्य छ ।[११] बाल गीत उनीहरूको रुचि, चाहना, क्षमता, स्तर र तह अनुकूलको हुनु पर्दछ । बाल बालिकाहरू आफ्नो स्वभाविक तालमा गाउँदै, गुनगुनाउँदै, उफ्रँदै खेलिरहेको दृश्य प्रायः प्रत्येक घरका आँगनमा हामी देख्दछौँ । बाल बालिकाहरूमा विद्यमान प्रकृति प्रदत्त यो स्वभावलाई हामी बाल गीतका माध्यमबाट अझ परिष्कार र परिमार्जन गरी उनीहरूको ज्ञानको क्षेत्रलाई विस्तार गर्दै सिर्जनात्मक बनाउन सक्छौँ । वास्तवमा बाल गीत बाल बालिकाहरूको ज्ञान र सिर्जनात्मक प्रतिभाको विकासका लागि आवश्यक तत्त्व हो ।[१२] नेपाली समाजमा बाल गीतको प्रचलन धेरै पहिलेदेखि रहँदै आएको छ । वास्तवमा बालकले कोक्रामा छँदैदेखि बाल गीत सुन्दछ । टुकटुक हिँड्न थालेपछि त बाल बालिका बोल्न र खेल्न सँगसँगै सिक्न थाल्दछन् । त्यहाँ उनीहरू 'चाममुठी नानी' र 'ताराबाजी लै लै' गर्दछन्, 'भ्यातैतुली' खेल्दछन् अझ पछि त उनीहरू पशुपंक्षीसँग कुरा गरे झैँ गरेर पनि गाउन र रमाउन थाल्दछन् । 'बब बाँ बुबु दे' वा 'चीँ मुसी चीँ', होस् अथवा 'कुखुरी काँ' नै होस् उनीहरू खुरुक्कै टिप्छन् ।[१३]

---

[११] पूर्ववत, पृ. ५६ ।

[१२] पूर्ववत् ।

[१३] कृष्णप्रसाद पराजुली, 'बाल साहित्यको लेखन र भाषा' **भाषाको माया** (लेख निबन्ध सङ्ग्रह), काठमाडौं : (रत्न पुस्तक भण्डार, २०४४), पृ. ७१ ।

यसरी बाल बालिका सानैदेखि बाल गीतप्रति आकिर्षत भएका हुन्छन् र बाल गीतमै रमाएका हुन्छन । नेपाली समाजमा बाल गीतको प्रचलन धेरै पहिलेदेखि नै रहँदै आएको छ । वास्तवमा बाल गीत लोक बाल गीतबाट नै विकसित भएको विधा हो ।[१४] बालक रुँदा गीत गाएर फकाउने चलन अझै हाम्रो नेपाली समाजमा कायमै छ । फलतः उसले आफ्ना अभिभावकबाट सुनेका बोलीहरू अनुकरण गर्न थाल्दछ र बाल गीतको मोहनीमा फसेर गाउन र रमाउन थाल्दछ । सानो मिठो तोते बोलीले गीत गाएर आफ्ना आफन्तलाई चकित नै पार्दछ । यसरी बाल गीतले साना साना बाल बालिकालाई सानैदेखि अमिट प्रभाव पारेको हुन्छ ।

### ३.४.२ बाल गीतको परिभाषा

बाल गीत कस्तो हुनु पर्दछ भन्ने विषयमा बाल साहित्यका विशिष्ट स्रष्टा एवम् अध्येताहरूले आ-आफ्नै धारणा अघि सारेका छन् । तीमध्ये केही उल्लेख्य परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

नेपाली बाल कविता तथा गीतका रचनाकार माधवप्रसाद घिमिरे बालकहरूले गाउने गीतमा उनीहरूको अङ्ग, प्रत्यङ्ग चल्नु पर्छ र सारा हृदय नै ढल्नु पर्दछ भन्ने विचार राख्दछन् ।[१५]

बाल कविता एवम् बाल गीतका रचनाकार ध्रुवकृष्ण दीपका अनुसार त्यो केवल चिरबिर हो चराहरूको, चिच्याहट होइन कसैको । यो केटाकेटीहरू जस्तै कलिलो, उनीहरूको स्वभाव जस्तै सरल र उनीहरूको स्वर जस्तै सुमधुर हुनु पर्दछ ।[१६]

बाल साहित्यका रचनाकार एवम् अध्येता प्रमोद प्रधानका शब्दमा बाल गीत एवम् बाल कवितामा पाण्डित्यको प्रदर्शन सर्वथा अनुचित हुन्छ भने लोक लयको प्रयोग अत्यन्त प्रभावकारी हुन्छ ।[१७]

यसै गरी नेपाली बाल साहित्यका सशक्त अध्येता एवम् रचनाकार रमेश विकलका अनुसार बाल कविता एवम् बाल गीतमा बाल बालिकालाई मनोरञ्जनका साथै केही ज्ञानको सन्देश दिने सूक्ष्म प्रवृत्ति रहेको हुन्छ ।[१८]

---

[१४] प्रमोद प्रधान, पूर्ववत् ।

[१५] माधव घिमिरे, 'भूमिका,' **बालालहरी**, (बाल कविता सङ्ग्रह) (ललितपुर : साझा प्रकाशन, २०५२) ।

[१६] ध्रुवकृष्ण दीप, 'नेपाली बाल गीत : केही कथ्य केही तथ्य', **बाल साहित्य**, (२०४५), पृ. २७ ।

[१७] प्रमोद प्रधान, पूर्ववत्, पृ. ५८ ।

[१८] रमेश विकल, 'बाल साहित्यमा शिशु गीत – बाल गीत', **बाल साहित्य**, (२०५०), पृ. ३ ।

बङ्गाली विद्वान् असित रञ्जन दास गुप्ताले बाल गीतबारे आफ्नो धारणा यसरी राखेका छन् – बाल गीतले सुकोमल बाल बालिकाहरूका हृदयलाई आह्लादित गराउनु पर्दछ । यस्तो गीत, कविताले नानीहरूको कानमा सङ्गीतमय ध्वनिको सिर्जना गर्दछ र नानीहरूले चाल नपाई तिनीहरूलाई उपदेश प्रदान गर्दछ ।[१९]

यसरी बाल गीतलाई चिनाउने सन्दर्भमा विभिन्न विद्वान्हरले आ-आफ्नै किसिमले परिभाषित गरे पनि सरलता, लयात्मकता, संक्षिप्तता, गेयता, स्वभाविकता र बाल सुलभता जस्ता गुणहरू हुनु पर्ने कुरामा भने मतान्तर छैन । बाल गीत बाल भावना र रुचि अनुकूलको सरल, सहज र सम्प्रेषणीय हुन जरुरी छ । वास्तवमा बाल गीत बाल बालिकाको ज्ञान र सिर्जनात्मक प्रतिभाको विकासका लागि आवश्यक तत्त्व हो ।

**३.४.३ बाल गीतका तत्त्वहरू**

बाल साहित्यको प्राचीनतम विधा बाल गीत हो । यो लोक बाल गीतबाट विकसित भएको विधा हो । हाम्रो समाजमा प्रचलित मौखिक रूपमा जीवितै रहेका लोक बाल गीत नै लिखित बाल गीतका पूर्वाधार हुन् ।[२०] एउटा पूर्ण बाल गीत बन्नको लागि विषय, भाषा शैली, लय, शीर्षक जस्ता विभिन्न अवयवहरूको आवश्यकता पर्दछ । यसरी बाल गीत रचनाको लागि आवश्यक मानिने अवयव वा अङ्गहरू नै बाल गीतका तत्त्वहरू हुन् । यिनका अतिरिक्त आयाम/आकार, थेगो, स्थायी, अन्तरा, प्रतीक, विम्ब र अलङ्कार पनि तत्त्वका रूपमा रहन सक्छन् । एउटा पूर्ण बाल गीतका आवश्यक तत्त्वहरूलाई निम्न अनुसार चर्चा गरिन्छ –

**३.४.३.१ विषय वस्तु**

विषय भनेको बाल गीतले प्रस्तुत गर्ने कथ्य भाव हो । कुनै एउटा विषयलाई बाल गीतको माध्यम बनाएर प्रस्तुत गर्नु पर्दछ । एउटा गीतमा एउटै विषयको प्रस्तुति गर्नु पर्दछ । विषयविनाको बाल गीत अपूर्ण रहने भएकाले यो बाल गीत रचनाको अनिवार्य तत्त्व हो । विषयमा नै रचनाकारले भन्न वा दिन खोजेको भावलाई प्रस्तुत गरिन्छ ।

**३.४.३.२ भाषाशैली**

---

[१९] असीत रञ्जन दास गुप्ता, 'भूमिका', **जपमाला** (बाल कविता सङ्ग्रह) , दार्जिलिङ्ग : पी.एम. प्रधान एण्ड सन्स, १९७२, पृ. १९५ ।

[२०] प्रमोद प्रधान, पूर्ववत्, पृ. ५७ ।

बाल गीत रचनाको अपरिहार्य अङ्ग भाषाशैली हो । सामान्यतयाः बाल गीत सामान्य सरल र सहज भाषाशैलीमा रचना गर्नु पर्दछ । शब्दहरू छनोट गर्दा बाल सुलभ र सम्प्रेषणीय हुने गरी छनोट गरिनु पर्छ एवम् शैली सहज हुन जरुरी छ ।

**३.४.३.३ लय**

गीत गाइने विधा भएकाले यसलाई लय हालेर गाइन्छ । लयविनाको गीतको औचित्य नरहने भएकाले लय गीतको अनिवार्य अङ्ग हो ।

**३.४.३.४ शीर्षक**

लिखित बाल गीतमा शीर्षक राख्ने चलन पनि रहेको छ । शीर्षकले विषय वस्तुलाई चिनाउने कार्य गर्दछ । त्यसैले शीर्षक लिखित बाल गीतको अनिवार्य घटक वा तत्त्व हो ।

**३.४.४ बाल गीतको विशेषता**

बाल गीतका विशेषता भन्नाले यसका आफ्नोपन, प्रवृत्ति र चिनारी हुन् ।[२१] नेपाली समाजमा प्रचलित मौखिक रूपमा जीवित एवम् लिखित बाल गीतका विशेषताहरूलाई बुँदागत रूपमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

क) लयात्मकता र गेयात्मकता,

ख) सरलता र सहजता,

ग) मौलिकता,

घ) सम्प्रेषणीयता,

ङ) ज्ञानमूलकता र रोचकता,

च) शास्त्रीय नियम छन्द, लय, अलङ्कार आदिको अस्वीकार

यसरी बाल गीतका विशेषता भन्नाले यसका प्रवृत्तिगत चिनारीहरू हुन् । बाल गीत निश्चय नै सरल हुन्छ अनि सम्प्रेषणीय हुनु पनि यसको आफ्नै पन हो । केही ज्ञान वा सन्देश बाल गीतले अवश्यै बोकेको हुन्छ भने लयात्मक हुनु यसको आफ्नै पन हो । बाल भावना, रुचि, इच्छा, तह र स्तर अनुसारको हुनु बाल गीतको आफ्नै विशेषता हो ।

**३.४.५ बाल गीतको वर्गीकरण**

बाल गीत नेपाली ग्रामीण बाल जगत्को अपरिहार्य अङ्ग हो । समाजमा प्रचलित थुप्रै लोक बाल गीतहरू नै नेपाली बाल साहित्यका पूर्वाधारहरू हुन् ।[२२] बास्तवमा बालोचित

[२१] सीता कटवाल, पूर्ववत्, पृ. ५७ ।

[२२] पूर्ववत् ।

सौन्दर्यपूर्ण भाषाको लयात्मक र गेयात्मक प्रयोग गरी रचिएको लोक रचना नै बाल लोक गीत हो ।[२३] समाजमा प्रचलित यस्ता बाल गीतहरू विभिन्न आधारमा वर्गीकृत हुन सक्ने भए पनि शैलीका आधारमा गरिने वर्गीकरण विशेष प्रकारको हुने भएकाले यहाँ सोही आधारमा वर्गीकरण गरिएको छ ।

### ३.४.५.१ प्रश्नात्मक शैलीका बाल गीत

प्रश्नका ढाँचामा तयार गरिएका बाल गीत यस शैली अन्तर्गत पर्दछन् , जस्तै :

"चरीले वनमा के खान्छ ?
रातमा उडी काँ जान्छ ?
कनिका केही छरुँ कि ?
म पनि कुरा गरुँ कि ?"[२४]

### ३.४.५.२. प्रश्नोत्तरात्मक शैलीका बाल गीत

प्रश्नका साथै उत्तर पनि सँगै जोडिएर आएका ढाँचाका गीतलाई यस वर्गमा राख्न सकिन्छ, जस्तै :

"यो बादल-छाया कस्तो ?
पानी चरी जस्तो
बिर्सेर यसैसँगमा
फलूँ फुलुँ जस्तो"[२५]

### ३.४.५.३ सवाई शैलीका बाल गीत

हाम्रो गाउँ घरमा सवाई शैलीका गीत प्रशस्त पाइन्छन् । तिनै शैलीबाट प्रभावित भएर बाल बालिकाका लागि सवाई शैलीमा गीत रचिएका छन्, जस्तै :

"सुन सुन भाइ-बैनी,
म केही भन्छु
घाम पानी माग्नेको
सवाई कहन्छु ।"[२६]

---

[२३] प्रमोद प्रधान, पूर्ववत्, पृ. ३० ।

[२४] कृष्णप्रसाद पराजुली, **तारामण्डल**, बाल गीत सङ्ग्रह, (रत्न पुस्तक भण्डार, २०६४), पृ. २२ ।

[२५] ध्रुवकृष्ण दीप, **सुनाखरी,** बाल गीत सङ्ग्रह, दो.सं. (रत्न पुस्तक भण्डार, २०६३), पृ. १३ ।

[२६] कृष्णप्रसाद पराजुली, **रमाइला नानी,** बाल गीत सङ्ग्रह, स.सं. (रत्न पुस्तक भण्डार, २०६५), पृ. ३५ ।)

### ३.४.५.४ गाउँखाने  कथा शैलीका बाल गीत

लोक जीवनमा प्रचलित गाउँखाने कथालाई बाल गीतमा मनोरञ्जन, जिज्ञासा र कौतूहल जगाउन यो शैलीको प्रयोग पाइन्छ । हाम्रो गाउँ घरमा गाउँखाने कथाको शैलीमा प्रशस्त गीतहरू पाइन्छन्, जस्तै :

"घरभरि नै छन् कपडा खात
एउटा वीरे नाङ्गै
नानी छ सानु सुर्के टिको
के हुन् पार्ने दङ्गै ?" [२७]

### ३.४.५.५ पुनरावृत्ति शैलीका बाल गीत

बाल गीतलाई रोचक तुल्याउन गीतका हरफलाई पुनरावृत्ति गरेको पाइन्छ, जस्तै :

"एक दुई तीन
सन्चरबारको दिन
सन्चरबारको दिन
हामी सबै मिलीजुली
खेलौँ एकै छिन "[२८]

### ३.४.५.६ संस्मरणात्मक शैलीका बाल गीत

बाल बालिकाहरू आफूले सपनामा देखेका वा यात्रा गरेका घटनालाई संस्मरण गरेर बताउने प्रयास गर्दछन् संस्मरणात्मक शैलीका बाल गीत पनि प्रशस्त रचना भएका छन्, जस्तैः-

"मैले देखें सपना राती
मोटर गाडी काग भएको
अघिको पछिको चक्का उसका
गोल पखेटा चार भएको ।"[२९]

---

[२७] ऐजन पृ. ३१ ।

[२८] ध्रुवकृष्ण दीप, पूर्ववत्, पृ. २७ ।

[२९] ऐजन पृ. २७ ।

“आज राती सपना देखें
कति राम्रो आमा !
घरबाट रमाउँदै
खेल्न भनि हिंडेछु
माथि-माथि उड्दै
बादलमा पुगेछु ।”[३०]

### ३.४.५.७ बाह्रमासे शैलीका बाल गीत

हाम्रो गाउँ घरमा बाह्रमासे शैलीका गीत प्रशस्त पाइन्छन् । तिनै शैलीबाट प्रभावित भएर बाल बालिकाका लागि गीत रचिएको पाइन्छ, जस्तैः

“वैशाख महिना हरियाली याम
जेठको महिला आगो जस्तै घाम
असार महिना दही-चिउरा खानु
काम गर्ने मान्छेको जुट्नु पर्‍यो मानु ।”[३१]

यसरी बाल गीतलाई शैलीका विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । बाल गीतलाई वर्गीकरण गर्ने क्रममा कसैले प्रयोजनका आधारमा, कसैले उमेरका आधारमा, कसैले विषयका आधारमा र कसैले आकारका आधारमा पनि वर्गीकरण गरेको पाइन्छ । बाल गीतहरू स्थान पिच्छे भाषा, विषय र संरचनागत दृष्टिले केही फरक हुन सक्दछन् । जे होस् परम्परादेखि नेपाली नानीहरूका ओठ ओठमा झुन्डिँदै आएका बाल लोक गीतहरू कसले, कहाँ र कहिले रचेका हुन् त्यो खुट्याउन अझै सकिएको छैन । तर निःसन्देह यी गीतहरूले हाम्रो भाषा, संस्कृति र परम्पराको ऐतिहासिक समृद्धिलाई भनें प्रस्ट छर्लङ्ग्याएका छन् ।[३२]

## ३.५ बाल साहित्यको एक विधाका रूपमा बाल कविता

### ३.५.१ बाल कविताको अर्थ

बाल गीत जस्तै बाल कविता पनि नेपाली समाजमा युगौंदेखि मौखिक परम्परामा जीवित रहँदै आएको बाल साहित्यको एउटा उल्लेख्य विधा हो । हाम्रा साना साना नानीहरूलाई बाल कविता सुनाएर उनीहरूलाई मनोरञ्जन दिन अनि ज्ञान र सिपको वृद्धि

[३०] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ५३ ।
[३१] ऐजन, पृ. ५२ ।
[३२] विपिनदेव ढुङ्गेल, ‘भूमिका’, **नानीका गीत** (ललितपुरः साझा प्रकाशन, २०३६), पृ. ६ ।

गर्न बाल कविताको महत्त्व रहेको छ । बाल कविता बाल सुलभ भावना, रुचि, इच्छा र क्षमता अनुसारको हुनु पर्दछ । उनीहरूको कोमल मस्तिष्कले सजिलै ग्रहण गर्न सक्ने र अनुकरण गर्न सक्ने खालको हुनु पर्दछ ।[३३] नेपाली ग्रामीण समाजमा बाल कविताको प्रयोग बालकलाई फकाउन, हौसला प्रदान गर्न अनि ज्ञान र सिपको वृद्धि गर्न गर्ने चलन छ । फलतः बालकले सानैदेखि बाल कविता सुनेर त्यसप्रति ऊ लाभान्वित भएको हुन्छ । बालकहरूको प्रयोजन र प्रयोगका लागि रचिएका कविताहरू नै बाल कविता हुन् ।[३४] बाल कविता बालकले सजिलै ग्रहण गर्न सक्ने सरल र सहज हुन जरुरी छ । हाम्रो समाजमा प्रचलित लोक बाल कविता नै नेपाली बाल कविताका पूर्वाधारहरू हुन् । यसैबाट लिखित बाल कविताको विकास सम्भव भएको हो ।[३५]

### २.५.२ बाल कविताको परिभाषा

नेपाली बाल साहित्यको एउटा महत्त्वपूर्ण विधा बाल कविता प्रमुख र उल्लेख्य विधा हो । नेपाली बाल साहित्यका दुई भेद बाल गीत र बाल कविताका प्रायः गुण, विशेषता तत्त्व आदिलाई विद्वान्हरूले प्राय एकै ठाउँ चर्चा गरेको पाइन्छ । यसै सन्दर्भमा बाल गीतको चर्चा अगाडि नै गरि सकिएकाले बाल कविताको परिभाषालाई बाल गीतको परिभाषामा नै समेटिएको छ ।

### ३.५.३ बाल कविताका तत्त्वहरू

बाल साहित्यको एउटा अभिन्न विधा बाल कविता हो । यो नेपाली ग्रामीण बाल जगत्को प्राचीनतम विधा भएकाले कतिपय मौखिक रूपमा बाल कविताहरू जीवित रहँदै आएका छन्, भने कतिपय कवितालाई लिपिवद्ध पनि गरिएको छ । एउटा सिङ्गो पूर्ण बाल कविता बन्नको लागि विषय, भाषाशैली, लय र शीर्षक जस्ता घटकहरूको आवश्यकता पर्दछ विम्ब, प्रतीक, अलङ्कार, आकार आदि पनि त्यहाँ रहन सक्दछन् । यस्ता घटकहरू नै बाल कविताका तत्त्व वा अङ्गहरू हुन् । बाल कविता निर्माणका अनिवार्य वा आवश्यक तत्वहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

### ३.५.३.१ विषय वस्तु

विषय भनेको बाल कविताले प्रस्तुत गर्ने कथ्य भाग हो । कुनै पनि रचनामा केही न केही विषय रहन्छ । त्यो सामाजिक, धार्मिक, नैतिक, ऐतिहासिक आदि कुनै न कुनै विषयसँग सम्बद्ध हुन्छ । जसलाई भाव वा सन्देश भनिन्छ । बाल कवितामा भन्न खोजेको

---

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] ऐजन ।

कुरालाई कलात्मक पाराले रोचक प्रस्तुतिसहित सरल एवम् सहजता पूर्वक प्रस्तुत गर्नु पर्दछ । विषय विनाको बाल कविता रचना सम्भव नभएकाले यो बाल कविता निर्माणको अनिवार्य घटक वा तत्त्व हो ।

### ३.५.३.२ भाषाशैली

बाल कविताको रचना गर्दा सरल, सहज र सम्प्रेषणीय भाषाशैलीको प्रयोग गर्नु पर्दछ । बाल बालिकाको ग्रहण क्षमता अनुकूलका शब्द चयन गरी आकर्षक तरिकाले प्रस्तुत गर्नु पर्दछ । भाषा र शैली विना बाल कविताको रचना असम्भव भएकाले यो बाल कविता रचनाको अनिवार्य तत्त्व हो ।

### ३.५.३.३ लय

निश्चित रूपमै कविता र गीत गाइने अथवा भाका हालेर पढिने विधा हुन् । लय विनाको कविताको अस्तित्व नरहने भएकाले यो बाल कविताको अनिवार्य तत्त्व हो ।

### ३.५.३.४ शीर्षक

शीर्षक बाल कविता निर्माणको अनिवार्य तत्व हो । शीर्षकले कविताको विषय वस्तुलाई चिनाउने कार्य गर्दछ । बाल कविताको शीर्षक बाल पारख क्षमताको हुनु पर्दछ र जिज्ञासा मूलक हुन पनि जरुरी छ । शीर्षक विनाको कविता लय बिनाको सङ्गीत जस्तै बन्ने भएकाले यो बाल कविताको अनिवार्य तत्त्व हो ।

### ३.५.४ बाल कविताका विशेषता

बाल कविताका विशेषता भन्नाले यसको आफ्नोपन, प्रवृत्ति, चिनारी र अस्तित्व हुन् । यस्ता विशेषताहरूलाई बुँदागत रूपमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

क) सन्देशात्मकता,

ख) सरलता र सहजता,

ग) लयात्मकता,

घ) मौलिकता,

ङ) सम्प्रेषणीयता,

च) शास्त्रीय नियम अनुसारका छन्द, लय आदिको अस्वीकार,

छ) विषयगत विविधता आदि ।

यसरी बाल कविताका विशेषता यसका प्रवृत्तिगत चिनारी र अस्तित्व सँग सम्बन्धित छन् । निश्चय नै बाल कविता सरल हुन्छ अनि त्यसले साना साना बाल बालिकालाई केही न केही सन्देश दिएकै हुन्छ । यसले शास्त्रीय बन्धनलाई मान्दैन र बाल सम्पेषणलाई महत्त्व

दिएको हुन्छ । बाल कविताका विषय अनेक हुन्छन र कृतीम नभएर मौलिक हुन्छन् । यिनै कुराहरू नै बाल कविताका विशेषता हुन् ।

### ३.५.५. बाल कविताको वर्गीकरण

नेपाली ग्रामीण समाजको एउटा अपरिहार्य अङ्ग बाल साहित्य हो । बाल साहित्य अन्तर्गत पर्ने बाल कविता उल्लेख्य विधा हो । बाल कविताको माध्यमबाट बाल बालिकालाई शिक्षा अनि मनोरञ्जन दिइन्छ । बालकलाई हौसला प्रदान गर्न अनि नीति र चेतनाका कुरा सिकाउन बाल कविताकै प्रयोग गरिन्छ । बाल कविता सरल, सहज र सम्प्रेषणीय हुन जरुरी छ जसले गर्दा बालकको मन मस्तिष्कमा सजिलै प्रभाव पार्न सकोस्, अनि उनीहरूको चेतनाको विकास हो । नेपाली समाजमा प्रचलित बाल कवितालाई विद्वान्हरूले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । कसैले आयामका आधारमा, कसैले शैलीका आधारमा, कसैले उमेरका आधारमा र कसैले प्रयोजनका आधारमा वर्गीकरण गरेको पाइन्छ । यहाँ बाल कवितालाई विषय वस्तुका आधारमा वर्गीकरण गरिएको छ ।

#### ३.५.५.१ प्रकृति जगत् सम्बन्धी बाल कविता

बाल कवितामा प्रकृतिले प्रशस्तै मौलाउने ठाउँ पाएको हुन्छ । विभिन्न कविहरूले प्रकृतिको मनोरम, मनमोहक दृश्यलाई आफ्ना कल्पनाले सजाएर सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । यिनै कुरालाई तलका पंक्तिले स्पष्ट पारेका छन् :

> "चलिदे न हावा
> हल्लाइदे न पात
> झारिदे न बरर
> माथिबाट आँप ।"[३६]

#### ३.५.५.२ देशप्रेम सम्बन्धी बाल कविता

राष्ट्र, राष्ट्रियता, देशप्रेम र देशभक्ति विषय वस्तु भएका बाल कविता यस कोटीमा पर्दछन् । देशप्रेमको भावना अभिव्यक्त भएको एउटा बाल कविता निम्न अनुसारको छ :

> "कति राम्रो देश यो
> मन हाम्रो हर्ने
> झरना र नदीहरू
> कलकल गर्ने ।" [३७]

---

[३६] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १९ ।

[३७] विश्वम्भर चञ्चल, **चिरबिर चरी**, बाल गीत सङ्ग्रह, चौं.सं. (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६७), पृ.२४ ।

### ३.५.५.३ खेलकुद सम्बन्धी बाल कविता

स्वभावैले बाल बालिका खेलप्रिय हुन्छन् । उनीहरू खेल्न पाए भने खान अनि सुत्न नै बिर्सि दिन्छन् । खेलकुद सम्बन्धी कविताबाट बाल बालिकाहरूले एकातिर पर्याप्त मनोरञ्जन प्राप्त गर्छन् भने अर्कातिर उनीहरूको सृजनात्मक प्रतिभाको विकासमा समेत यसले सहयोग पुऱ्याउँछ ।[३८] खेलकुद सम्बन्धी बाल कवितालाई तल प्रस्तुत गरिन्छ :

"मिलीजुली खेलौला
साथी सबै मिलौँला
बारको टेको नाघेर
आँगनीमा घुमौँला ।"[३९]

### ३.५.५.४ पशुपन्छी सम्बन्धी बाल कविता

पशुपन्छीलाई विषय वस्तु बनाएर रचिएका बाल कवितालाई यस वर्गमा राख्न सकिन्छ । चराचुरुङ्गी तथा चौपायाका शारीरिक बनोट तथा बोली चाल चलन आदिका सम्बन्धमा बाल मनमा उठ्ने कौतूहल सरल रूपमा व्यक्तिएको पाइन्छ ।[४०] जस्तै :

"मेरी साथी मैना चरी
फरफर गर्छे घरिघरि
कहिले उडी माथि पुग्छे
कहिले फर्की तल झर्छे ।"[४१]

"गैंडा हैन, भैंसी हैन
हो जन्तुकै जाति
अचम्म नै लाग्छ देख्ता
नाम यसको हात्ती ।"[४२]

---

[३८] पूर्ववत् ।

[३९] भगवती जोशी, **पुतलीको विहे**, बाल कविता सङ्ग्रह, चौं सं. (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६७), पृ. ८ ।

[४०] पूर्ववत् ।

[४१] रुकू कार्की, **लालीगुराँस**, बाल कविता सङ्ग्रह, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६४), पृ. १८ ।

[४२] कृष्णप्रसाद पराजुली, **तारामण्डल**, बाल गीत सङ्ग्रह, (काठमाडौँ: रत्न पुस्तक भण्डार, २०६४), पृ. ६ ।

### ३.५.५.५ फलफुल सम्बन्धी बाल कविता

फलफुललाई विषय वस्तु बनाएर रचिएका कवितालाई यस वर्गमा राख्न सकिन्छ । नेपाली बाल कविताको रचना फलफुललाई विषय वस्तु बनाएर प्रशस्तै रचिएका छन् :

पातहरू हरिया छन्,
फुल पहेंलो
घिरौंलाको आँख्लै आँख्ला
लाग्यो चिचिलो ।[४३]

### ३.५.५.६ सामाजिक चालचलन सम्बन्धी बाल कविता

हाम्रो समाजका चालचलन, रीतिरिवाज प्रतिविम्बित भएका बाल कविता यस वर्गमा समेटिन्छन् ।[४४] जस्तैः

बाबु जान्छन् दाउरा काट्न
आमा जान्छिन् मेला
घरको धन्दा गर्दा गर्दै
जान्छे मेरो पढ्ने बेला ।[४५]

### ३.५.५.७ हास्य मनोरञ्जन सम्वन्धी बाल कविता

हास्य, मनोरञ्जनात्मक विषयलाई लिएर लेखिएका कवितालाई यस वर्गमा समेटिएको छ, जस्तै :

सिंहको र भालुको सङ्ग्राम पर्न लाग्यो
भालु गई स्यालसित सल्ला गर्न लाग्यो
मेराजम्बु मन्तरी हे कसको होला जित
रुखको राजा भालू हे तिम्रो हुन्छ जित
नपत्याए तिमीसित मैले लाएँ मित
हुइँया, हुइँया, हुइँया
स्याल-भालु गुइँया ।

---

[४३] विजयराज न्यौपाने, **बाल रत्न**, (बाल कविता सङ्ग्रह), ते.सं., (काठमाडौँः रत्न पुस्तक भण्डार, २०६६), पृ. २२ ।
[४४] पूर्ववत् ।
[४५] ऐजन, पृ. ३१ ।

### ३.५.५.८ चाडपर्व सम्वन्धी बाल कविता

हाम्रो समाजमा प्रचलित चाडपर्वलाई विषय बनाएर रचिएका बाल कविता यस वर्गमा समेटिन्टन्, जस्तैः

नेपालीको चाडपर्व
ठुलो दशैं अयो
पैसा छैन जसको
मैनै रुवायो ।[४६]

झिलिझिली झिलिमिली
बत्ती बाल्ने तिहार
सयपत्री-मखमली
फुल फुल्ने तिहार
काग-कुकुर पूजा हुने
तेल हाल्ने चहाड
गाई-गोरु लक्ष्मीपूजा
रमाइलो तिहार । [४७]

बाल कवितालाई विषय वस्तुका आधारमा विभिन्न प्रकारले वर्गीकरण गर्न सकिन्छ । बाल कविताको विषय अनेक हुने भएकाले मोटामोटी रूपमा प्रकृति, खेलकुद, फलफुल, चाडपर्व, सामाजिक चाल चलन, पशुपंक्षी, देशप्रेम र हास्य वा मनोरञ्जन आदिका आधारमा नै बाल कवितालाई वर्गीकरण गर्नु उपयुक्त हुन्छ ।

### ३.६ बाल गीत र बाल कविताबिच सम्बन्ध

नेपाली बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कविताबिचमा नजिकको सम्बन्ध रहेको छ । बाल साहित्यका गद्य र पद्य भेदमध्ये दुवै विधा पद्य भेद अन्तर्गत पर्दछन् । गद्य लयात्मक वा पद्य लयात्मक भाषामा प्रकट कलात्मक अभिव्यक्ति साहित्यको पद्य भेद हो ।[४८] यस किसिमको रचनामा शब्द संयोजनका माध्यमबाट साङ्गीतिक

[४६] रुकु कार्की, पूर्ववत्, पृ. २२ ।
[४७] विमलेन्द्र मिश्र, **पोखरीका माछा**, बाल कविता सङ्ग्रह, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६६), पृ. २० ।
[४८] शारदा अधिकारी (ढकाल), 'बाल साहित्यको सैद्धान्तिक स्वरूपः सङ्क्षिप्त परिचय', **बाल साहित्य** (वार्षिक), २०६६, पृ. २६ ।

माधुर्य उत्पन्न गराउने प्रयास गरिएको हुन्छ । यसैले साहित्यको पद्य भेद गेयात्मक हुन्छ । वाचनमा स्वतः लय र श्रुति मधुरता प्रकट हुने सामर्थ्ययुक्त हुन्छ । बाल साहित्यको पद्य भेद अन्तर्गतका कविता र गीतमा पनि गेयात्मक तथा श्रुतिमधुरता हुने भएकाले यिनीहरूबिच घनिष्ठ सम्वन्ध रहेको पुष्टि हुन्छ । बाल बालिकाहरू यस किसिमका रचनाहरूको श्रवण तथा वाचनमा रमाउँदै स्वतः कन्ठस्त पार्न पनि अग्रसर हुन्छन् ।[४९]

बाल बालिकामा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्द भण्डारलाई अभिवृद्धि तथा मनोरञ्जन समेत गराउने गर्ने कार्यमा बाल कविता र बाल गीत सक्षम र सशक्त विधाका रूपमा रहेका छन् ।[५०] यी दुवै विधा बाल बालिकामा मनोरञ्जन प्रदान गर्ने खालका मात्र नभई ज्ञानवर्द्धक र सन्देशमूलक पनि हुन्छन् । बाल बालिकाका जिज्ञासालाई समाधान गर्न दुबै विधा सक्षम छन्, भने ज्ञान र सिपको वृद्धिका लागि दुबै विधाको महत्त्व स्पष्टै रहेको छ । यद्यपि यी दुई विधाका बिचमा संरचनागत भिन्नता भने रहेको हुन्छ । गीतलाई लय र सङ्गीतको अनिवार्य आवश्यकता पर्दछ भने कविता गद्य लयमा समेत लेख्न सकिन्छ । बाल गीतमा स्थायी र अन्तराहरू रहेका हुन सक्छन् भने कवितामा यसको प्रयोग भएको पाइँदैन । गीतमा स्थानीय रहनी वा थेगो रहन सक्छ भने कवितामा यसको प्रयोग अवाञ्छनीय ठहर्दछ । गीत गायनको शैली पृथक् पृथक् रहन सक्छ, तर कविता बाचनको शैली एकैनासको हुनु पर्दछ । कविताको भाषा आलङ्कारिक हुन सक्तछ भने गीतको भाषा वस्तुपरक र यथार्थ हुन जरुरी छ ।

यसरी बाल गीत र बाल कविता बाल साहित्यका गद्य र पद्य भेदमध्येका पद्य भेद अर्न्तगत पर्ने पुराना र महत्त्वपूर्ण विधा हुन् । संरचनागत दृष्टिले यिनीहरूबिचमा केही भिन्नता भए पनि अरू सबै विधातात्त्विक दृष्टिले यिनीहरूबिचमा घनिष्टताको सम्बन्ध रहेको हुन्छ । भाषा, शैली, लय, कथ्य, छन्द, अलङ्कार, विम्ब, प्रतीक, आयाम आदि तत्त्वहरू यी दुबै विधाका अनिवार्य वा ऐच्छिक घटकहरू हुन् । बाल गीतमा जस्तो भाषा रहन्छ, कवितामा पनि त्यस्तै भाषाको प्रयोग गरिन्छ । त्यसैले यी दुई विधाका बिचमा नङ र मासुको जस्तै सम्वन्ध रहेको हुन्छ ।

---

[४९] ऐजन ।

[५०] प्रमोद प्रधान, पूर्ववत् ।

## परिच्छेद चार

# रत्न पुस्तक भण्डारद्वारा प्रकाशित नेपाली बाल गीत र कविताको अध्ययन

### ४.१ पृष्ठभूमि

आफ्नो स्थापनाको समयदेखि नै नेपाली भाषा साहित्यमा महत्त्वपूर्ण योगदान गर्दै आएको रत्न पुस्तक भण्डारको नेपाली बाल साहित्यमा महत्त्वपूर्ण योगदान रहेको छ ।[१] नेपाली बाल साहित्यको विकास र प्रबर्द्धनका क्रममा यस पुस्तक भण्डारले 'रत्न बालकोष' को स्थापना गरी नेपाली बाल साहित्यको विकासमा इँटा थपेको छ । नेपाली बाल साहित्यका विभिन्न विधाहरू, कथा, गीत, कविता, नाटक, उपन्यास, निबन्ध, जीवनी आदिको प्रकाशनमा अन्य प्रकाशन संस्थाभन्दा रत्न पुस्तक भण्डार धेरै नै अगाडि छ। अफ्र बाल गीत र कवितालाई प्राथमिकता दिएर प्रकाशन गर्नु यसको आफ्नै वैशिष्ट्य हो ।[२] वि.सं. २००६ मा माधवप्रसाद घिमिरेको **घामपानी** शीर्षकको बाल कविता सङ्ग्रह प्रकाशित गरी आफ्नो बाल साहित्यिक यात्रालाई अगाडि बढाएको रत्न पुस्तक भण्डारले आजसम्म लगभग १५० वटा बाल साहित्यका कृतिहरूको प्रकाशन गरेको छ।

नेपाली भाषा र साहित्यको विकासमा समर्पित रत्न पुस्तक भण्डार पुस्तक प्रकाशन र वितरणमा लामो समयदेखि क्रियाशील निजी क्षेत्रको महत्त्वपूर्ण संस्था हो । बाल साहित्यका स्तरीय कृति प्रकाशन गरी बाल बालिकालाई मनोरञ्जनका साथै समाजोपयोगी मानवीय ज्ञान प्रदान गर्ने, साहित्येतर ज्ञान विज्ञानका अन्य पुस्तक प्रकाशन गरी ज्ञानको प्रसारण गर्ने, स्रष्टाहरूलाई सृजन कार्यमा तथा पाठकहरूलाई पठन कार्यमा प्रवृत्त गराउने जस्ता महत्त्वपूर्ण कार्य यस भण्डारले प्राप्त गरेका उपलब्धि हुन् ।[३] स्थापना कालदेखि नै साहित्यिक कृतिहरू, समालोचनात्मक कृतिहरू, पाठ्य पुस्तकहरू र बाल साहित्यका विभिन्न कृतिहरू निरन्तर प्रकाशित गर्दै आएको रत्न पुस्तक भण्डारले नेपाली साहित्य भण्डारलाई समृद्ध बनाउन लागी परेर प्रशंसनीय कार्य गरेको छ। नेपाली भाषा र साहित्यको विकासको

---

[१] केदारमणि पौड्याल, "नेपाली बाल साहित्यमा रत्न पुस्तक भण्डारको योगदान", (अप्र. शोधपत्र, त्रि.वि., वि. ने. के. वि., कीर्तिपुर, २०६३), पृ. २५ ।

[२] ऐजन ।

[३] रोशन गौतम, 'नेपाली भाषा-साहित्यको उन्नयनमा रत्न पुस्तक भण्डारको योगदान', (अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि., वि. ने. कि. वि., कीर्तिपुर, २०६६), पृ. ४२ ।

प्रारम्भिक अवस्थामा देखा परेको रत्न पुस्तक भण्डारले आफ्नो स्थापना कालदेखि आजसम्म स्थापित साहित्यकारका कृति प्रकाशन गर्दै नेपाली बाल साहित्य जगत्लाई नै स्तरीकरण गर्न मद्दत पुऱ्याउँदै आएको छ भने नवोदित साहित्यकारका पनि निरन्तर कृति प्रकाशन गरी उनीहरूको प्रतिभा स्फूरणमा समेत सहयोग गरि रहेको छ ।

### ४.२ बाल साहित्यिक कृतिहरूको सूची

| क्र.सं. | साहित्यिक कृति | रचनाकार |
|---|---|---|
| १ | अर्थ न बर्थका कुरा | श्रीमती कल्पना प्रधान |
| २ | अनमोलमणि (बालकथा सङ्कलन) | शारदा अधिकारी |
| ३ | अनुहारको चित्र | शाश्वत पराजुली |
| ४ | अन्तरिक्षयात्रीहरू (वैज्ञानिक जीवनी) | कन्हैया नासननी |
| ५ | अक्षर | कपिल लामिछाने |
| ६ | आ-आफ्नो कर्तव्य (बाल नाटक) | वेदकुमारी न्यौपाने |
| ७ | आनन्दको आविष्कार | प्रेमा शाह |
| ८ | आप्पाको झण्डा (बालकथा) | अनन्त प्रसाद वाग्ले |
| ९ | आमाको उपचार | विष्णु के.सी. |
| १० | इन्द्रधनुष (बालकथा सङ्ग्रह) | प्रेमा शाह |
| ११ | इन्द्रेणी | कृष्णप्रसाद पराजुली |
| १२ | कथाको किताब | शारदा अधिकारी |
| १३ | कथा कोपिला | आनन्दप्रकाश नेपाल |
| १४ | कथा कथ्यौरी | देवीप्रसाद वनवासी |
| १५ | कसले के बुझ्यो र ? | इल्या भट्टराई |
| १६ | काँक्रो र बूढीको नाक | कमलप्रसाद शर्मा |
| १७ | कानाकाना कुर्र (बाल कविता) | प्रमोद प्रधान |
| १८ | कान्छाको मोटर | विनयकुमार कसजू |
| १९ | काले कुकुर | कपिल लामिछाने |
| २० | कालो माला (बालकथा) | मधुसूदनप्रसाद घिमिरे |
| २१ | किसान र भालु | माधव शर्मा |

| | | |
|---|---|---|
| २२ | कुभिण्डे भूत | माधव शर्मा |
| २३ | केही राष्ट्रिय विभूतिहरू (जीवनी) भाग १ | गोपाल पराजुली |
| २४ | केही राष्ट्रिय विभूतिहरू (जीवनी) भाग २ | गोपाल पराजुली |
| २५ | केही रमाइला कथा (बालकथा) | देवीप्रसाद वनवासी |
| २६ | श्रीकृष्णलीला | हिरण्यकुमारी पाठक |
| २७ | गणितबाट रमाइलो (बौद्धिक परीक्षा) | माधव शर्मा |
| २८ | गीतापापा (पौराणिक बालकाव्य) | प्रभा भट्टराई |
| २९ | घामको घर जूनको छानु (बाल गीत) | रामेश्वर राउत |
| ३० | चराहरूको पर्यटन मेला | कन्हैया नासनन्नी |
| ३१ | चरी आयो (बाल कविता) | कृष्णप्रसाद पराजुली |
| ३२ | चहचह (बाल गीत) | भारद्वाज मित्र |
| ३३ | चार चङ्गेरी | कृष्णप्रसाद पराजुली |
| ३४ | चिरबिर चरी (बाल गीत) | विश्वम्भर चञ्चल |
| ३५ | चील गाडिमा सरर | तेजप्रकाश श्रेष्ठ |
| ३६ | चुस्के र छुस्के (बालकथा) | शाश्वत पराजुली |
| ३७ | छिमेकी चरा | वाङ चानरोङ |
| ३८ | जङ्गलमा मङ्गल | ज्योति अधिकारी |
| ३९ | जमिनदारको मुक्ति | श्याम डोटेल |
| ४० | जातक कथा | केदार शाक्य |
| ४१ | जालमाथि चाल | गोविन्द पराजुली |
| ४२ | जिन्की र जोकर (बालकथा) | प्रेमा शाह |
| ४३ | जुनेली साँझ | तेजप्रकाश श्रेष्ठ |
| ४४ | जून दाइ आए | नवराज रिजाल |
| ४५ | झलमल्ल घाम (बालकथा) | तेजप्रकाश श्रेष्ठ |
| ४६ | झिलिमिली तारा (बाल कविता) | उज्ज्वल जी.सी. |
| ४७ | झुन्डिएको बगैंचा (यात्रा संस्मरण) | तेजप्रकाश श्रेष्ठ |
| ४८ | झ्यापुल्लेको बिजोग | विनयकुमार कसजू |

| | | |
|---|---|---|
| ४९ | टुटिलो र धनेश | ध्रुव घिमिरे |
| ५० | ठूले साने (बालकथा) | राजेश कोइराला |
| ५१ | डिक र बिरालो | शिवहरि अधिकारी |
| ५२ | तारामण्डल (बाल गीत) | कृष्णप्रसाद पराजुली |
| ५३ | तिमीलाई मन पर्ने कथा (बालकथा) | विमल भौकाजी |
| ५४ | तिरमिर तारा (बाल कविता) | सिद्धिचरण श्रेष्ठ |
| ५५ | दङ्ग-फुरुङ्ग (बालकथा) | शाश्वत पराजुली |
| ५६ | दयालु परी | श्रीमती कल्पना प्रधान |
| ५७ | दसैं, पिङ र हात्ती (बालकथा) | कपिल लामिछाने |
| ५८ | दानवीर स्कुल | कृष्णदीप सिग्देल |
| ५९ | नक्कलीको अक्कल | नवराज रिजाल |
| ६० | नमूना गाउँ | नारायणश्री अधिकारी |
| ६१ | नयाँ साथी | आनन्दप्रकाश नेपाल |
| ६२ | नातिनातिना | कृष्णप्रसाद पराजुली |
| ६३ | नानीहरूका कथाको किताब | ज्ञान उदास |
| ६४ | नालापानी | कृष्णप्रसाद पराजुली |
| ६५ | पञ्चतन्त्र | विश्वराज ढुङ्गाना |
| ६६ | पञ्चतन्त्रका पाँच कथा | श्रीमती कल्पना प्रधान |
| ६७ | पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी | गोपाल पराजुली |
| ६८ | पुतलीको बिहे (बाल कविता) | भगवती जोशी |
| ६९ | पुष्टकारी | ध्रुवकृष्ण दीप |
| ७० | प्रेरणा (बाल उपन्यास) | सगरमणि थापा |
| ७१ | पोखरीका माछा (बाल कविता) | विमलेन्द्र मिश्र |
| ७२ | पौराणिक बालकथा | गोपीकृष्ण शर्मा |
| ७३ | फुच्चे खरायो | कमलप्रसाद शर्मा |
| ७४ | फूलजस्तो मन | कृष्णप्रसाद पराजुली |
| ७५ | बाँदर्नीको माया (बालकथा) | स्याउते दाइ |

| | | |
|---|---|---|
| ७६ | बामपुड्के (बाल गीत) | कृष्णप्रसाद दुवाल |
| ७७ | बाल गीत भाग १ | प्रेमा शाह |
| ७८ | बाल गीत भाग २ | प्रेमा शाह |
| ७९ | बाल गुप्तचर | प्रकाशमणि दाहाल |
| ८० | बाल बगैँचा | विमला ढुङ्गाना |
| ८१ | बाल बाटिका | कृष्णप्रसाद दुवाल |
| ८२ | बाल बालिकाहरूका नाटक | सरूभक्त |
| ८३ | बाल रत्न (बाल गीत) | विजयराज न्यौपाने |
| ८४ | बिचरो बुख्याचा (बालकथा) | शाश्वत पराजुली |
| ८५ | बुद्धिमानीको परीक्षा | धर्म सापकोटा |
| ८६ | बुहारी (बाललोककथा) | पासाङ गोपर्मा |
| ८७ | बूढाको अर्ती | तेजप्रकाश श्रेष्ठ |
| ८८ | भकुल्लेको साथी को ? (बालकथा) | शाश्वत पराजुली |
| ८९ | भाँडाकुटी | कपिल लामिछाने |
| ९० | भूतसँग जम्काभेट | रेवती राजभण्डारी |
| ९१ | मकमक घुर | शैलेन्द्रप्रकाश नेपाल |
| ९२ | मनु र भँगेरा | प्रेमा शाह |
| ९३ | मन्टुकी बज्यैको कथाको पेटारो (बालकथा) | प्रेमा शाह |
| ९४ | मानिस नै देवता | ललिता दोषी |
| ९५ | मामाघरको हजुरबा (बालकथा) | नारायण अधिकारी |
| ९६ | मार्मिक सम्झनाहरू (जीवनी सङ्ग्रह) | कन्हैया नासननी |
| ९७ | माहुरीको पुस्तकालय | सुधा रिसाल शर्मा |
| ९८ | मितेरी गाउँ | रञ्जुश्री पराजुली |
| ९९ | मेरो सानो घोडा (बालकथा) | श्रीमती कल्पना प्रधान |
| १०० | मेरो मुरली | कृष्णप्रसाद पराजुली |
| १०१ | मेहनती कालु | विष्णुप्रसाद अधिकारी |
| १०२ | मोती र गुलाफ | शिवप्रसाद अधिकारी |

| | | |
|---|---|---|
| १०३ | रङ्गीचङ्गी कथाहरू (बालकथा) | प्रेमा शाह |
| १०४ | रमाइला दिनहरू | रञ्जुश्री पराजुली |
| १०५ | रमाइला नानी भाग १ | कृष्णप्रसाद पराजुली |
| १०६ | रमाइला नानी भाग २ | कृष्णप्रसाद पराजुली |
| १०७ | रमाइला नानी भाग ३ | कृष्णप्रसाद पराजुली |
| १०८ | रामेको कथा (बाल उपन्यास) | प्रेमा शाह |
| १०९ | राम्रो काम | प्रेमा शाह |
| ११० | राहुलका माछा र सुगा | कृष्णप्रसाद दुवाल |
| १११ | रूपैयाँ फल्ने रुख | श्रीमती कल्पना प्रधान |
| ११२ | लाटोकोसेरोलाई लड्डू | शाश्वत पराजुली |
| ११३ | लालीगुराँस | रुकु कार्की |
| ११४ | लुकामारी | कृष्णप्रसाद पराजुली |
| ११५ | लोखर्केको बिहे | विनोद न्यौपाने |
| ११६ | ल्वाँदे र ग्वाँदे | श्रीमती कल्पना प्रधान |
| ११७ | विज्ञानका ताराहरू | कन्हैया नासननी |
| ११८ | विदेशी बगैंचाका चार थुँगा फूल | गोविन्दराज भट्टराई |
| ११९ | विदेशी बगैंचाका पाँच थुँगा फूल | गोविन्दराज भट्टराई |
| १२० | विदेशी बगैंचाका छ थुँगा फूल | गोविन्दराज भट्टराई |
| १२१ | शोकाकुल ढुङ्गाहरू | श्रीमती कल्पना प्रधान |
| १२२ | सगुन र सडक (बालकथा) | जनकप्रसाद हुमागाईं |
| १२३ | सङ्गतको फल | डी.पी. विरही |
| १२४ | सन्तु र सुगा (बालकथा) | प्रभा भट्टराई |
| १२५ | सर्वश्रेष्ठ प्राणी को ? (बालकथा) | देवेन्द्रप्रसाद उप्रेती |
| १२६ | साथीभाइको कथा | छायादत्त न्यौपाने |
| १२७ | साथीसँग बनभोज | सौरभकिकरण श्रेष्ठ |
| १२८ | साथी-साथी (बालकथा) | लक्ष्मी उप्रेती |
| १२९ | सारङ्गी (बाल कविता) | ध्रुवकृष्ण दीप |

| | | |
|---|---|---|
| १३० | सीमाको सुगा | कमलप्रसाद शर्मा |
| १३१ | सुनचाँदीको बालक | श्रीमती कल्पना प्रधान |
| १३२ | सुनकेस्रा (बालकथा) | कृष्णप्रसाद पराजुली |
| १३३ | सुनौला तीन कुरा (बालकथा) | कृष्णप्रसाद पराजुली |
| १३४ | सुनाखरी (बाल गीत) | ध्रुवकृष्ण दीप |
| १३५ | सुनको छाती | परशु प्रधान |
| १३६ | सुन्दर पार्कका सुन्दर फूलहरू | कन्हैया नासननी |
| १३७ | सुरीको साइकल (बालकथा) | शाश्वत पराजुली |
| १३८ | सूर्यमुखी फूल | माधव शर्मा |
| १३९ | सेती परी काली परी (बालकथा) | श्रीमती कल्पना प्रधान |
| १४० | स्वार्थी ब्वाँसो (बालकथा) | ललिता दोषी |
| १४१ | हराएकी छोरी | शारदा अधिकारी (ढकाल) |
| १४२ | हरियाली (बाल-उपन्यास) | रञ्जुश्री पराजुली |
| १४३ | हाम्रा केही प्रसिद्ध साहित्यकार भाग १ | गोपाल पराजुली |
| १४४ | हाम्रा केही प्रसिद्ध साहित्यकार भाग २ | गोपाल पराजुली |
| १४५ | हान्स क्रिश्चियन एन्डरसन र उनका परीकथाहरू | विनयकुमार कसजू |
| १४६ | हिउँ कान्छा (बालकथा) | शाश्वत पराजुली |
| १४७ | हिमाली डाँफे | कृष्णप्रसाद पराजुली |
| १४८ | हीराको टुक्रा | शाश्वत पराजुली |
| १४९ | हीरा र मोती | श्रीमती कल्पना प्रधान |

## ४.३ बाल गीत र बाल कविताका पुस्तकहरूको सूची

### ४.३.१ बाल कविता सङ्ग्रह

| क्र.सं. | साहित्यिक कृति | रचनाकार | पहिलो प्रकाशन |
|---|---|---|---|
| १ | रमाइला नानी | कृष्णप्रसाद पराजुली | २०२२ |
| २ | चरी आयो | कृष्णप्रसाद पराजुली | २०४७ |
| ३ | बामपुड्के | कृष्णप्रसाद दुवाल | २०५८ |

| | | | |
|---|---|---|---|
| ४ | बाल-रत्न | विजयराज न्यौपाने | २०५८ |
| ५ | तिरमिर तारा | सिद्धिचरण श्रेष्ठ | २०५९ |
| ६ | पुतलीको बिहे | भगवती जोशी | २०६० |
| ७ | कानाकाना कुर्र | प्रमोद प्रधान | २०६२ |
| ८ | गीतापापा | प्रभा भट्टराई | २०६४ |
| ९ | लाली गुराँस | रुकु कार्की | २०६४ |
| १० | पोखरीका माछा | विमलेन्द्र मिश्र | २०६६ |
| ११ | बाल बगैंचा | विमला ढुङ्गाना | २०६७ |
| १२ | झिलिमिली तारा | उज्ज्वल जि.सी. | २०६७ |

### ४.३.२ बाल गीत सङ्ग्रह

| क्र.सं. | साहित्यिक कृति | रचनाकार | पहिलो प्रकाशन |
|---|---|---|---|
| १ | सुनाखरी | ध्रुवकृष्ण दीप | २०५८ |
| २ | चहचह | भारद्वाज मित्र | २०५९ |
| ३ | चिरबिर चरी | विश्वम्भर चञ्चल | २०६२ |
| ४ | तारामण्डल | कृष्णप्रसाद पराजुली | २०६४ |
| ५ | घामका घर जूनको छानु | रामेश्वर राउत | २०६६ |

## ४.४ बाल गीत र बाल कविताहरूको विश्लेषण एवम् मूल्याङ्कन

### ४.४.१ बाल-रत्न बाल कविता सङ्ग्रह

#### ४.४.१.१ विषय वस्तु

**बाल रत्न** कवि 'विजयराज न्यौपाने'द्वारा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा बाल बालिकालाई मन पर्ने प्रकृति, खेल, जनावर, चराचुरुङ्गी, फलफुल, राष्ट्रियता, घरबार, मानव आदिका सुन्दर कविताहरू सँगालिएका छन् । बाल बालिका असल, ज्ञानी र परिश्रमी भइदिऊन् भन्ने कवि इच्छा कवितामा प्रस्टै आएको छ ।

**प्रार्थना** यस सङ्ग्रहको पहिलो र उल्लेख्य कविता हो । सूर्यलाई कविताको विषय वस्तु बनाएर कविले सूर्यको महत्त्वलाई कलात्मक पाराले प्रस्तुत गरेका छन् । सूर्य नभए संसार अन्धो हुने कुरा कविताको भावले बुझाउँछ । **बिहानी** शीर्षकको कविताले बाल

बालिकालाई बिहान चाँडै उठे आफ्नो भाग्य पनि उठ्ने र धेरै सुते भाग्य पनि सुत्ने कुरालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **पुस्तक र पवन** शीर्षकको कविताले पुस्तकको महत्त्वबारे प्रकाश पारेको छ भने **घरबार** शीर्षकको कविताले चराचुरुङ्गीको घरबार सम्बन्धी विषयलाई प्रस्तुत गरेको छ । **अहा ! हेर छहरा र मौसमको खेल** प्रकृतिपरक कविता हुन् । कविले यी कवितामा प्रकृतिको सुन्दर वर्णन गरेका छन् ।

**लाग्दछ यही नजाती** यस सङ्ग्रहको उल्लेख्य कविता हो । छोरा र छोरीबिचको भेदभावलाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **बालशक्ति** शीर्षकको कविताले बाल अधिकारको बारेमा चर्चा गर्दै आफ्नो हक र अधिकार पाउन बाल बालिकाहरू सङ्गठित हुनु पर्ने कुरालाई प्रस्तुत गरेको छ । **मेरो रहर** शीर्षकको कविताले बालकको महत्त्वकांक्षी भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । किसानी पोलाई **किसानको गीत** शीर्षकको कविताले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **जानुहुन्न मुग्लान** शीर्षकको कविताले स्वदेशमै बसेर राष्ट्र सेवा गर्नु पर्छ भन्ने कुरालाई प्रस्तुत गरेको छ । स्वदेशमै सिर्जनाका अनेकौं अवसर छन् भन्दै कविताले जाँगर चलाऊ, धनको धन्दामा नलाग भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । हिमालको रमणीय र स्वच्छ वातावरलाई **मेरो हिमाल** शीर्षकको कविताले वर्णन गर्दै हिमाललाई नेपालको गौरवका रूपमा प्रस्तुत गरेको छ । **मुसा मुसीको कथा** शीर्षकको कविता लोक कथालाई आधार बनाई रचिएको कविता हो । स्यालले भाले चोरेर खाएको कथालाई कविले सुन्दर रूपमा कवितात्मक अभिव्यक्ति गरेका छन् ।

**भानुभक्त** यस सङ्ग्रहको उल्लेख्य कविता हो । आदि कवि भानुभक्तको ऐतिहासिक भाषिक एकीकरणलाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **दीपावली** शीर्षकको कविताले बत्तीले आफू जलेर अरूलाई उज्यालो दिएको भावलाई प्रस्तुत गरेको छ । **अधिकार देऊ** शीर्षकको कविताले पशुपन्छीले मानवको जस्तै अधिकार पाउनु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **बाल रत्न** रत्न पुस्तक भण्डारका संस्थापक रत्नप्रसाद श्रेष्ठको पुस्तक व्यवसायिकतालाई विषय वस्तु बनाएर रचिएको कविता हो । **दाँत** शीर्षकको कविताले दाँतलाई सधैं सफा राख्नुपर्छ भन्ने कुरालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **मान्छेभित्र मान्छे छ** शीर्षकको कविताले मागेर जीवन निर्बाह गर्ने जोगीको कारुणिक भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । कलिलै उमेरमा सगरमाथा चढेर कीर्तिमान राखेको कुरालाई **तेम्बाछिरीको रहर** शीर्षकको कविताले कलात्मक ढङ्गमा प्रस्तुत गरेको छ ।

**मान्छेको मूल्य** यस सङ्ग्रहको अर्को उल्लेख्य कविता हो । मान्छेको मूल्य भन्नु नै उसको बोली, बचन र व्यवहार हो भन्ने कुरालाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **यस्तो खेल खलौं** र **नाचन नानी नाचन** बाल बालिकाका खेलकुद सम्बन्धी कविता हुन् । **सपना** शीर्षकको कविताले बालकले सपनामा देखेको कुरालाई कवितात्मक रूप दिएको छ भने **आयो आयो कुखुरो** शीर्षकको कविताले कुखुराको वर्णन गरेको छ । पानी परेपछिको रमाइलो वातावरणलाई **सिमसिम पानी** शीर्षकको कविताले आकर्षक ढङ्गमा प्रस्तुत गरेको छ

**४.४.१.२ भाषाशैली**

**बाल रत्न** कवि 'विजयराज न्यौपाने'द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बालप्रिय र मिठा बनेका छन् । कवितालाई सरल बनाउन कविले नानी, पापा, आमा, नाना, बाबा जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेका छन् :

"नाच न नानी नाचन, पैसा दिउँला पाचना
हाँस न नानी हाँसन, पापा दिउँला चाटन" पृ. ७

न-न, म-म, चीँ-चीँ, फुर्की-फुर्की, उडूँ-उडूँ, टिपूँ-टिपूँ जस्ता वर्ण र शब्दहरूको आवृत्तिले कवितालाई झन् रोचक र सरल बनाएका छन् :

"चरीजस्तै उडूँ-उडूँ लाग्छ मलाई
जून-तारा टिपूँ-टिपूँ लाग्छ मलाई" । पृ. १८

सरल र सहज विम्ब र प्रतीकको प्रयोगले कवितालाई बाल सम्प्रेषणीय र मिठा बनाएको छ । भाषा अनुसारकै वस्तुपरक र मौलिक अभिव्यक्तिले यी कविता सरल र सहज बनेका छन् । गाउँखाने कथा र लोक कथाका शैलीमा पनि कविता रचिएका छन् । अधिकांश कविता वस्तुपरक भए पनि केही कविता भावपरक शैलीमा पनि रचिएका छन् ।

**४.४.१.३ लय**

**बाल-रत्न** लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता गद्य र पद्य लयमा बद्ध छन् । कविले कविताको लय मिलाउन न-न, म-म, चीँ-चीँ, फुर्की-फुर्की, उडूँ-उडूँ, टिपूँ-टिपूँ जस्ता वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएका छन् :

"म जूनटीकी तिमी जूनजस्ती
म सुनटीकी तिमी सूर्य जस्ती" । पृ. ५

खररर, सररर, लड्दै-बढ्दै, सरक्क, खरक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कविता झन् लयात्मक बनेका छन् ।

"बाल कथा, कविता त पढ्छे खररर

लेख्न पनि सिपालु छ लेख्छे सररर" । पृ १५

अधिकांश कविता १०, १२, १४ र १६ अच्छेरे लोक लयमा रचिएका छन भने केही कविता गद्य लयमा समेत रचिएका छन् । अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले यी कवितालाई लयात्मक र गेयात्मक बनाएका छन् ।

### ४.४.१.४ शीर्षक

**बाल-रत्न** बाल कविता सङ्ग्रहभित्र 'प्रार्थना', 'बिहानी', 'नाचन नानी नाचन', 'पुस्तक र पवन', 'घरबार' 'आयो आयो कुखुरो', 'सिमसिम पानी', 'अहा ! हेर छहरा', 'मौसमको खेल', 'मेरी मुना', 'बालशक्ति', 'लाग्दछ यदी नजाती', 'मेरो रहर' 'गाउँखाने कथा' 'बेलुन', 'किसानको गीत', 'घिरौँला', 'जान्नुहुन्न, मुग्लान', 'मेरो हिमाल', 'मुसामुसीको कथा', 'सपना', 'समुद्र', 'दिपावली', 'भानुभक्त', 'अधिकार देऊ', 'यस्तो खेल खेलौँ', 'झगडाको ओखती', 'मान्छेको मूल्य', 'तेम्बाछिरीको रहर', 'मान्छेभित्र मान्छे छ', 'बाल-रत्न', र 'दाँत' गरी ३२ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । अधिकांश कविताको शीर्षक वस्तुपरक छ भने केही कविताको शीर्षक भाव अनुकूल छ । छोटा छोटा शीर्षक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । बाल बालिकाकाले जानेका विषय नै कविताको शीर्षक बनेका छन् । शीर्षकले नै कविताभित्रको विषयलाई प्रस्तुत गरेकाले यी सम्पूर्ण कविताको शीर्षक वस्तुपरक र सार्थक रहेको छ ।

### ४.४.१.५ निष्कर्ष

**बाल-रत्न** कवि 'विजयराज न्योपाने'द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको लोकप्रिय बाल कविता सङ्ग्रह हो । कविताभित्र नजानिदो पाराले चेतनाका स्वरहरू आएका छन् । बाल बालिका असल, ज्ञानी र परिश्रमी भइदिऊन् भन्ने कवि इच्छा प्रस्ट रूपमा प्रकट भएको छ । कविताको लय मिलाउन कविले गरेको प्रयास उल्लेख्य छ भने सरल विम्ब र प्रतीकको प्रयोगले कविता बाल सम्प्रेषणीय बनेका छन् । कविताका शीर्षक वस्तुपरक भएकाले सार्थक र उपयुक्त छन् । बाल परिचित विषय नै कवितामा आएकाले कविताले बुझाउने भाव प्रस्ट रूपमा आएको छ । बाल बालिकालाई मनोरञ्जन दिन र उनीहरूको ज्ञान र सिपको वृद्धि गर्ने कार्यमा यस सङ्ग्रहका कविताले उल्लेख्य भूमिका

खेलेका छन् । समग्रमा बाल रत्नका सम्पूर्ण कविता अमूल्य रत्न भएकाले बाल प्रिय, मिठा र स्तरीय छन् ।

**४.४.२ झिलिमिली तारा बाल कविता सङ्ग्रह**

**४.४.२.१ विषय वस्तु**

**झिलिमिलि तारा** कवि 'उज्ज्वल जी.सी.'द्वारा रचिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल र रमाइला भएकाले बाल बालिका प्रिय छन् । कविले प्रकृति, चराचुरुङ्गी, मानव, राष्ट्र, खेल, जनावर आदि विविध विषय वस्तुको संयोजन गरेर कविताको सिर्जना गरेका छन् । यस सङ्ग्रहका कविताले बाल चेतना विकासमा उल्लेखनीय भूमिका खेलेका छन् ।

**यो राष्ट्रका हामी** यस सङ्ग्रहको पहिलो र उल्लेख्य कविता हो । बाल बालिका भनेका राष्ट्रका फुल र धर्तीका तारा हुन् भन्ने भावलाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **संसारको रीत** शीर्षकको कविताले सत्यको कहिल्यै हार हुँदैन भन्ने कुरालाई प्रस्तुत गरेको छ । **यो धर्तीका तारा** शीर्षकको कविताले धर्तीका तारा भनेर बाल बालिकालाई प्रस्तुत गर्दै उनीहरूलाई चम्काउनका लागि असल शिक्षा चाहिन्छ भन्ने कुरालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **पुतली** शीर्षकको कविताले फुलबारीमा डुलेर फुलको रस चुस्ने पुतलीको वर्णन गरेको छ । **धर्म** शीर्षकको कविताले सबैभन्दा ठुलो धर्म भनेकै दिनु हो भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । सबैभन्दा ठुलो धन भनेर स्वास्थ्यलाई **स्वास्थ्य** शीर्षकको कविताले बाल बालिकालाई जानकारी गराएको छ । **नर्बिसौं है** शीर्षकको कविताले खाना आनु अघि हात खुट्टा धुनुपर्छ भन्ने कुरालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**झिलिमिली** तारा यस सङ्ग्रहको उल्लेख्य कविता हो । यस कवितामा आकाशका तारासँग धर्तीका बाल बालिकालाई तुलना गरिएको छ । आकाशका ताराजस्तै चम्किला बनाउन बाल बालिकालाई असल शिक्षा दिनु पर्छ भन्ने कुरालाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । साना-साना नानीहरूका क्रियाकलापलाई **हाम्रा भाइबहिनी** नामक कविताले रूपमा प्रस्तुत गरेको छ । **बालगजल** शीर्षकको कविताले असल र ज्ञानी भई राष्ट्र सेवा गर्नु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **लालीगुराँस** शीर्षकको कविताले वनपाखामा फुल्ने लालीगुराँस फुलको सुन्दर रूपमा वर्णन गर्दै यसको महत्त्वका बारेमा बाल बालिकालाई जानकारी गएको छ । पानी पर्दाको रमाइलो क्षणलाई **असार महिना** शीर्षकको

कविताले सुन्दर रूपमा वर्णन गरेको छ । बाल साथीको क्रियाकलापलाई **मेरो साथी** नामक कविताले वर्णन गरेको छ । **सगरमाथा** शीर्षकको कविताले सगरमाथालाई नेपालको गौरवका रूपमा प्रस्तुत गर्दै राष्ट्र प्रेमको भावलाई प्रस्तुत गरेको छ ।

**नभन्नुस् न खाते** यस सङ्ग्रहको उल्लेख्य कविता हो । सडक बाल बालिकाको दयनीय अवस्थाको कारूणिक भावलाई यस कविताले प्रस्तुत गरेको छ । **रै'छिन देवी गुरुमा** शीर्षकको कविताले शिक्षा दिने गुरुमालाई देवीका रूपमा प्रस्तुत गरेको छ । **मेरो कुरा** शीर्षकको कविताले बालकको महत्त्वाकांक्षी लक्ष्यलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **सम्भm है** शीर्षकको कवितामा बाल बालिकालाई असल बनाउन उनीहरूलाई असल शिक्षा दिनुपर्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

### ४.४.२.२ भाषाशैली

**झिलिमिली तारा** कवि 'उज्ज्वल जी.सी.' द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल र सरस भएकाले बाल प्रिय र मिठा छन् । बाल भावना र रुचि अनुकूलका शब्द चयन गरेर कविले कविताको रचना गरेका छन् । कविको कविताको भाषा वस्तुपरक रहेको छ । मौलिक अभिव्यक्तिले कवितालाई झन् सरल बनाएको छ । बाल मस्तिष्कमा अटाउन सक्ने भाषा र शैलीको छनोट गरेर कविले कविताको रचना गरेका छन् । केही कविता भावपरक शैलीमा लेखिए पनि अधिकांश कविता वस्तुपरक शैलीमा लेखिएका छन् । विर, फुल, पुतली, तारा, सगरमाथा, किरा जस्ता विम्ब र प्रतीकको प्रयोग गरेर कविले कवितालाई बाल सम्प्रेषणीय बनाएका छन् । भुरु-भुरु, हेर-हेर, साना-साना, प्यारा-प्यारा, राम्रा-राम्रा आदि जस्ता शब्दहरूको आवृत्तिले यी कविता झन् सरल र सरस बनेका छन् :

"भुरु-भुरु उडेका छन्  
पुतलीका ताँती  
हेर-हेर भाइबहिनी  
आकाशको माथि ।" (पृ. ८)

### ४.४.२.३ लय

**झिलिमिली तारा** 'उज्ज्वल जी.सी.' द्वारा सरल भाषा र शैलीमा लेखिएको लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता गद्य र पद्य लयमा बद्ध छन् । यी कविता लय हालेर गाउन र गुनगुनाउन सकिने खालका भएकाले बालप्रिय र मिठा छन् ।

अधिकांश कविता १०, १२, १४ र १६ अच्छेरे लोक लयमा रचिएका छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । माथि, बाँची, भाई, खाई, दुःख, सुख, तारा, सारा, बादल, मादल, आदि जस्ता अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले कवितालाई लयात्मक र गेयात्मक बनाएका छन् । जस्तै :

"धेरै धेरै पढीलेखी
ज्ञानी बन भाई
किन गर्ने झैझगडा
टन्न खाना खाई" । (पृ. १७)

### ४.४.२.४ शीर्षक

**झिलिमिली तारा** बाल कविता सङ्ग्रहभित्र 'यो राष्ट्रका हामी', 'संसारको रीत', 'पुतली', 'यो धर्तीका तारा', 'धर्म', 'स्वास्थ्य', 'नर्बिसौं है', 'ज्ञानलहर', 'झिलिमिली तारा', 'मिल्छ सुख', 'सत्य कुरा', 'हाम्रा भाइबहिनी', 'बालगजल', 'सम्झ है', 'लाली गुराँस', 'असार महिना', 'मेरो साथी', 'सगरमाथा', 'नभन्नुस् न खाते', 'मेरो कुरा', 'रै'छिन देवी गुरुमा', र 'आऊ तिमी आमा' गरी २२ शीर्षकका बाल कविताहरू सङ्कलित गरिएका छन् । कविले बाल बालिकाको ज्ञानमा आधारित विषयलाई नै कविताको शीर्षक बनाएका छन् । अधिकांश कविताको शीर्षक वस्तुपरक भए पनि केही कविताको शीर्षक भाव अनुकूल छन् । शीर्षक र कविताको भावबिच सङ्गठित तालमेल भएकाले सम्पूर्ण कविताको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ ।

### ४.४.२.५ निष्कर्ष

**झिलिमिली तारा** बाल बालिकाका लागि रचिएको रमाइला बाल कविताहरूको सङ्ग्रह हो । यसमा सङ्कलित बाल कविताहरू बाल बालिकाले गुनगुनाउन सक्ने र गुनगुनाएर उनीहरू रमाउने खालका छन् । यस सङ्ग्रहका कवितामा आमा र गुरुआमा प्रतिको सद्भावलाई त चिनाइएको छ नै, साथसाथै स्वास्थ्य र धर्मका कुरालाई पनि कलात्मक रूपमा प्रस्तुत गरिएको छ । सबै कविता सरल भएकाले बाल सम्प्रेषणीय र लयात्मक बनेका छन् । कविताले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिएका छन् र उनीहरूको ज्ञान र चेतनाको विकास गर्ने कार्यमा उल्लेखनीय भूमिका खेलेका छन् । कविताको शीर्षक चयन बाल रुचि अनुकूल नै देखिन्छ । कविले बाल ग्रहण क्षमता अनुकूलका शब्दहरूको चयन गरेर कविताको रचना गरेकाले यी कविता बाल भावना

अनुकूलका बनेका छन् । कविले कविताको लय मिलाउन गरेको प्रयत्न उल्लेख्य पक्ष हो । कविता लयात्मक भएकाले पनि बाल प्रिय र मिठा बनेका छन् । समग्रमा **झिलिमिली तारा**मा आकाशमा तारा चम्केझैं धर्तीका हाम्रा बाल बालिकालाई चम्काउने लक्ष्य राखेर लेखिएका उत्कृष्ट बाल कविताहरू रहेका छन्, जसले बाल बालिकालाई ज्ञानी, परिश्रमी र अध्ययनशील बन्नका लागि प्रसस्तै प्रेरणा दिएका छन् ।

### ४.४.३ बाल बगैँचा बाल कविता सङ्ग्रह

#### ४.४.३.१ विषय वस्तु

**बालबगैँचा** कवयित्री 'विमला ढुङ्गाना (निरौला)'द्वारा रचिएको बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा साना साना नानीहरूका लागि रचिएका छोटा छोटा २७ वटा बाल कविताहरू सङ्कलित गरिएका छन् । बालबगैँचा बाल बालिकाहरूको बगैँचा हो । बगैँचामा जस्तो बोट, पात, फुल र लहरा हुन्छन् ।, यस कविता सङ्ग्रहमा पनि बाल बालिकासँग सम्बद्ध भावना लयात्मक रूपमा सरसराएका छन् । बाल बालिकालाई माटो चिनाउँदै किताब, तारा, गुरु, घण्टाघर, फुल, सगरमाथा, वनजङ्गल आदि विषयमा लेखिएका कविता यस सङ्ग्रहमा सङ्गृहीत छन् ।

**माटो** यस सङ्ग्रहको पहिलो कविता हो । यस कवितामा कविले माटोलाई चिनाउँदै यसको महत्त्वका बारेमा प्रस्ट पारेका छन् । **आमा** शीर्षकको कविताले आमालाई संसारमा सबैभन्दा प्यारो वस्तुका रूपमा चिनाएको छ । फुलका कोपिला जस्तै बाल बालिका पनि साना साना कोपिला हुन् भन्ने कुरालाई **कोपिला** शीर्षकको कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **सगरमाथा** शीर्षकको कविताले सगरमाथालाई चिनाउँदै नेपालीहरूको शिरका रूपमा प्रस्तुत गरेको छ । **इन्द्रेनी** प्रकृतिपरक कविता हो । इन्द्रेनी लाग्दाको रमाइलो वातावरणलाई यस कविताले कलात्मक रूपमा वर्णन गरेको छ । **सिसाकलम** शीर्षकको कविताले बाल साथीमा रूपमा कलमलाई चिनाएको छ । आकाशका तारा र धर्तीका बाल ताराबिचको सम्बन्धलाई **जूनरानी** शीर्षकको कविताले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **लालीगुराँस** फुललाई विषय वस्तु बनाएर रचिएको कविता हो । डाँडा पाखामा फुल्ने लालीगुराँस फुलको वर्णन गर्दै कविले यसलाई राष्ट्रिय फुलका रूपमा प्रस्तुत गरेका छन् । **किताब** शीर्षकको कविताले किताबले दिने ज्ञानका बारेमा वर्णन गर्दै बाल साथीका रूपमा किताबलाई चिनाएको छ ।

**चहचह पिङ** शीर्षकको कवितामा पिङ खेल्न हाम्रा साना साना नानीहरू कति रमाउँछन् भन्ने भावलाई प्रस्तुत गरिएको छ । **बादल दाई** शीर्षकको कवितामा आकाशमा लाग्ने कालो बादललाई चिनाउँदै यसका कार्यलाई कविले कवितात्मक रूपमा वर्णन गरेका छन् । वनजङ्गलको महत्त्व बारे **वनजङ्गल** शीर्षकको कविताले बाल बालिकालाई जानकारी गराएको छ भने सफा र ताजा खानेकुरा खाए मात्रै स्वास्थ्य रहन सकिन्छ भन्ने कुरालाई **खानेकुरा** शीर्षकको कविताले वर्णन गरेको छ । **घण्टाघर** शीर्षकको कविताले घण्टाघरलाई चिनाउँदै यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो भन्ने भावलाई सुन्दर रूपमा वर्णन गरेको छ । **आकाशका तारा** शीर्षकको कविताले आकाशका तारासँग धर्तीका बाल तारालाई तुलना गर्दै आकाशका ताराभन्दा धर्तीका बाल ताराकै महत्त्व रहेको कुरालाई प्रष्ट पारेको छ ।

**आमा र गुरुमा** यस सङ्ग्रहको उल्लेख्य कविता हो । यस कविताले आमा र गुरुमा प्रतिको सद्भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । साना नानीहरूको चक्चके पनलाई **सानी नानी** शीर्षकको कविताले कलात्मक रूपमा वर्णन गरेको छ । घर आँगन सधैं सफा राख्नु पर्दछ अनिमात्र स्वस्थ्य रहन सकिन्छ भन्ने कुरालाई **सफा राखौं** शीर्षकको कविताले वर्णन गरेको छ । **किन पढ्ने?** शीर्षकको कविताले असल, ज्ञानी र परिश्रमी बन्न पढ्नु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **बाह्र महिना** शीर्षकको कविताले महिनाहरूलाई चिनाएको छ भने **बानी** शीर्षकको कविताले सानो बालकको आनिबानिलाई प्रस्तुत गरेको छ । सडकमा बसेर मागी खाने सडक बालकको कथालाई **सडक बालक** नामक कविताले कारुणिक भावलाई प्रस्तुत गर्दै समानताको पक्षमा आवाज बुलन्द गरेको छ । बाल बालिकाको क्रियाकलापलाई **हप्ताको डायरी** शीर्षकको कविताले प्रस्तुत गरेको छ । **साहित्यका शिखर** शीर्षकको कविताले नेपाली साहित्यका शिखरका रूपमा भानुभक्त, लक्ष्मीप्रसाद, लेखनाथ, बालकृष्ण, विश्वेश्वरप्रसाद, पारिजात, माधवप्रसाद आदिलाई प्रस्तुत गर्दै उनीहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । **बालबगैंचा** शीर्षकको कविताले बाल बालिकाहरू रमाउने ठाउँका रूपमा बगैंचालाई प्रस्तुत गर्दै बगैंचाको महत्त्व बारे बाल बालिकालाई ज्ञान दिएको छ । **पुतली** शीर्षकको कविताले फुलको रस चुस्ने पुतलीको बानीलाई कलात्मक पाराले प्रस्तुत गरेको छ ।

### ४.४.३.२ भाषाशैली

**बालबगैँचा** 'विमला ढुङ्गाना (निरौला)' द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बालप्रिय र मिठा छन् । कविले कवितालाई सरल बनाउन बुबु, पापा, नानी, सानी, नाना, आमा, बाबा, चीची जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेकी छन् । जस्तै :

"चोली जामा लाई
सानी नानी आई
बुबु पापा खाई
गर्छे बाईबाई" पृ. २२

अहा !, ए ! जस्ता विस्मयादीबोधक शब्दहरूको प्रयोगले कवितालाई झन् रोचक बनाएका छन् । जस्तै :

"अहा ! लालीगुराँस फूल कति राम्रो
आफ्नो संसार चिनाउने राष्ट्रिय फूल हाम्रो" । पृ. १३

सररर, हररर, टललल, झललल, सरक्क, फरक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई आकर्षक बनाएका छन् :

"सगरमाथा शिर हाम्रो
हिउँ टललल
संसारलाई चिनाउने
रूपै झललल " । पृ. ९

भाषा अनुसारकै मौलिक अभिव्यक्तिले कविता झन् सरल र सहज बनेका छन् । केही कविता प्रश्नात्मक शैलीमा पनि रचिएका छन् । समग्रमा भाषा जति मिठो छ शैली उति नै आकर्षक भएकाले यस सङ्ग्रहका सबै कविता बाल सम्प्रेषणीय र आकर्षक बनेका छन् ।

### ४.४.३.३ लय

**बालबगैँचा**का सम्पूर्ण कविता लयात्मक र गेयात्मक छन् । टललल, झललल, राम्रो, हाम्रो आई, खाई, सरक्क, फरक्क आदि जस्तो अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले यी कवितालाई लयात्मक र गेयात्मक बनाएका छन् । रे-रे, का-का, न-न, घर-घर,

ठिक्क-ठिक्क, मागी-मागी आदि जस्ता वर्ण एवम् शब्दहरूको आवृत्तिले कवितालाई झन् लयात्मक बनाएका छन् । जस्तै :

“सडकमै सुत्छन् रे

मागी -मागी खान्छन् रे

जसले जहाँ बोलाउँछ

त्यतैतिर जान्छन् रे” । (पृ. ३०)

अधिकांश कविता ८, १०, १२ र १४ अच्छेरे लोक लयमा रचिएका छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । अनुकरणात्मक शब्दहरूको प्रयोगले कविता झन् लयात्मक बनेका छन् ।

### ४.४.३.४ शीर्षक

‘विमला ढुङ्गाना (निरौला)’ द्वारा रचिएको **बालबगैंचा** बाल कविता सङ्ग्रहभित्र ‘माटो’, ‘आमा’, ‘पुतली’, ‘कोपिला’, ‘सगरमाथा’, ‘इन्द्रेनी’, ‘सिसाकलम’, ‘जूनरानी’, ‘लालीगुराँस’, ‘किताब’, ‘चहचह पिङ’, ‘वनजङ्गल’, ‘बादल दाई’, ‘खानेकुरा’, ‘घण्टाघर’, ‘आकाशका तारा’, ‘साना नानी’, ‘आमा र गुरुमा’, ‘सफा राखौं’, ‘किन पढ्ने?’, ‘बाऱ्ह महिना’, ‘खेल्ने चौर’, ‘सडक बालक’, ‘बालबगैंचा’, ‘हप्ताको डायरी’ र ‘साहित्यका शिखर’ गरी २७ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । यी कविताको शीर्षक बाल कौतूहललाई जगाउने खालका भएकाले कविताको शीर्षक चयन उत्कृष्ट देखिन्छ । बाल परिचित विषय नै कविताको शीर्षक चयन भएको छ । प्रश्नात्मक ढाँचाका शीर्षक बनाएर कविले बाल बालिकाहरूलाई कविता पढ्न प्रेरित गरेका छन् । सबै शीर्षक छोटा र सरल छन् ,जसले गर्दा बाल सम्प्रेषणमा सहजता भएको छ । कविताभित्रको विषयलाई शीर्षकले नै बोध गराएकाले कविताको शीर्षक चयन वस्तुपरक, उपयुक्त र सार्थक रहेको छ ।

### ४.४.३.५ निष्कर्ष

**बालबगैंचा**का सम्पूर्ण कविता सरल र सहज छन् । बाल बालिकाको ज्ञान र चेतना विकास गर्ने कार्यमा यस सङ्ग्रहका कविताले उल्लेख्य भूमिका खेलेका छन् । कविले बाल भावनालाई बुझेर त्यही अनुकूलका शब्द चयन गरेर कवितालाई सम्प्रेषणीय बनाएका छन् । कविता भित्र माटो, फुल, सगरमाथा, पुतली आदिलाई चिनाइएको छ नै, त्यसका साथै आमा र गुरुआमाप्रतिको सद्भावलाई पनि प्रस्तुत गरिएको छ । कविताभित्र चेतनाका स्वरहरू प्रसस्तै आएका छन् । जसले गर्दा बाल बालिकालाई असल र ज्ञानी बन्न प्रेरणा मिलेको छ ।

कविताको भाषा जति सरल छ, शैली उति नै आकर्षक भएकाले कविता रमाइला र रोचक बनेका छन् । कविले कविताको लय मिलाउन गरेको प्रयास उल्लेख्य छ, जसले गर्दा कविता लयात्मक र मिठा बनेका छन् । कविताको शीर्षक चयन वस्तुपरक भएकाले कविता बाल सम्प्रेषणीय बनेका छन् । समग्रमा बाल रुचि र क्षमतालाई ख्याल गरेर कविले कविताको रचना गरेकाले यस सङ्ग्रहका सबै कविता बाल प्रिय र मिठा बनेका छन् । यी कविताले बाल चेतना विकासको कार्यमा उल्लेख्य भूमिका खेलेका छन् ।

**४.४.४ गीतापापा पौराणिक बाल काव्य**

**४.४.४.१ विषय वस्तु**

**गीतापापा** 'प्रभा भट्टराई (आचार्य)'द्वारा पौराणिक विषय वस्तुमा रचिएको उत्कृष्ट बाल काव्य हो । हिन्दू दर्शनको महत्त्वपूर्ण ग्रन्थ गीतालाई मूल आधार बनाएर कविले काव्यको रचना गरेकी छन् । यो बाल बालिकालाई पौराणिक ज्ञान दिने उद्देश्यले रचिएको गीतको अंश हो । यसमा कौरब र पाण्डवबिच युद्धका तयारीका क्रममा भगवान् श्रीकृष्णले पाण्डवहरूलाई साथ दिएको र उनीहरूको साहस र हौसला प्रदान गर्ने काम गरेको प्रसङ्ग छ ।

गीता सबैको सम्पत्ति हो । गीताले बाँच्ने आधारनीति र मान्छेमा हुनुपर्ने नैतिकतालाई सिकाउँछ र यो सबैलाई चाहिन्छ भन्ने सन्देश यस 'गीतापापा' पौराणिक बाल काव्यले प्रस्तुत गरेको छ । गीताभित्रको कर्म, भक्ति, ज्ञान अनि विशुद्ध राजनीतिलाई बाल भाषामा यस काव्यले सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**नमस्कार कृष्णलाई !** उपशीर्षकबाट काव्य प्रारम्भ भएको छ । भगवान् श्रीकृष्णको उपासना गरेर काव्यले पूर्वीय काव्य मान्यतालाई अनुसरण गरेको छ । **परिचय र परिवेश** उपशीर्षकमा कौरब र पाण्डवहरूको ऐतिहासिक परिचय र युद्धभूमिको परिवेशलाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ । **गीता ज्ञान आरम्भ** उपशीर्षकमा काव्यको सम्पूर्ण विषय वस्तु समेटिएको छ । यसमा कृष्णको उपदेशलाई कर्म योगका रूपमा प्रस्तुत गरिएको छ ।

कौरबहरूसँग जुवा हारेपछि बाह्र वर्ष वनवास जानु पर्ने पाण्डवहरूको कारुणिक भाव यस काव्यमा प्रकट भएको छ । आफ्नो भएको सबै थोक गुमाएपछि पाण्डवहरू वन जान तयार हुन्छन् । बाह्र वर्षको कठोर बनवास पछि फर्किएर आफ्नो राज्य फिर्ता माग्दा कौरवहरूले युद्ध गरेर जितेर लैजाऊ भन्ने आज्ञा गरेपछि पाण्डवहरू युद्धमा होमिन पुग्दछन् । युद्धका नायक अर्जुनले युद्धमा सबै आफ्नै आफन्त देखेपछि उनमा युद्धप्रति वितृष्णा

आउँदछ । आफ्नो गाण्डिव धनु भुइँमा फ्याँकेर उनी युद्ध गर्न चाहँदैनन् तर भगवान् श्री कृष्ण उनलाई क्षेत्रीको छोरो, किन कायर हुन्छौ भनेर बारम्बार उपदेश दिँदै युद्ध गर्न हौसला दिन्छन् । जस्तै :

"पार्थ तिमी लड्न जाऊ, किन पछि हट्छौ ?

क्षत्रिय भै कायरभैँ किन लुते बन्छौ ?" पृ. ३६

ज्ञान र कर्मबिच तुलना गर्दै काव्यले कर्म योगकै पक्षमा आवाज उठाउँदै कर्ममा नै भक्ति छ, अनि कर्ममानै ज्ञान छ भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । मान्छेले आफ्नो कर्तव्य छोडेर कर्तव्य विमुड बन्नु हुन्न भन्ने सन्देश यस काव्यले प्रस्तुत गरेको छ । समाजका चार जात भनेर ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रलाई प्रस्तुत गर्दै काव्यले यिनीहरूका विशेषता र गुणका बारेमा यसरी प्रस्तुत गरेको छ :

"आस्थिकता क्षमा शान्ति ब्राह्मणको गुण

शूर-वीर क्षत्रियभैँ हुन सक्छ कुन ?

वैश्यहरू खेतीपाती, बेपारमा पक्का

शूद्रहरू सेवागरी हुन जान्छन् सच्चा" । पृ. ३४

सत्त्व, रजो र तम त्रिगुणको चर्चा गर्दै सत्त्व गुणले मान्छेलाई दुःखबाट तार्छ भन्ने निष्कर्ष यस बाल काव्यले प्रस्तुत गरेको छ । काव्यको अन्त्यमा सबैभन्दा ठुलो तत्त्व ज्ञानका रूपमा गीतलाई प्रस्तुत गरिएको छ ।

### ४.४.४.२ भाषाशैली

**गीतापापा** सरल र सहज भाषा र शैलीमा लेखिएको पौराणिक बाल काव्य हो । सरल भाषा, सरस शैली र मौलिक अभिव्यक्तिले गर्दा यो काव्य सरल, मिठो र बाल प्रिय बनेको छ । गीताका श्लोकलाई आफ्नै मौलिक भाषामा उतारेर कविले यस काव्यलाई सरल र बाल सम्प्रेषणीय बनाएकी छन् । बाल मन मस्तिष्कमा अटाउन सक्ने भाषा छनौट गरेर कविले गीतालाई सुन्दर रूपमा प्रस्तुत गरेकी छन् । विम्ब र प्रतीकको न्यून प्रयोगले यो काव्य ज्यादै सरल बनेको छ ।

### ४.४.४.३ लय

**गीतापापा** पौराणिक विषयलाई आधार बनाएर रचिएको लयात्मक बाल काव्य हो । यस काव्यका सबै श्लोक ८ अक्षरमा विश्राम हुने १४ अच्छेरे लोक वा भ्याउरे एउटै लयमा

संरचित छन् । यी श्लोकलाई लय हालेर गाउन सकिने भएकाले बाल प्रिय र मिठा छन् । अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले काव्यलाई लगात्मक बनाएकी छन् :

"सत्व-रज-तम तीनैगुण भन्दा पर

बस्नुपर्छ आत्मा चिन्न, तिमी त्यसै गर ।" पृ. १४

**४.४.४.४ शीर्षक**

**गीतापापा** एउटै शीर्षकमा रचिएको बाल काव्य हो । हिन्दू दर्शको महत्त्वपूर्ण ग्रन्थ गीतालाई आधार मानेर कविले यस काव्यको रचना गरेकी छन् । यस काव्यभित्र **नमस्कार कृष्णलाई ! परिचय र परिवेश र गीता ज्ञान आरम्भ** गरी तिन उपशीर्षकहरू रहेका छन् । गीता दर्शनको कर्म योगको शिक्षालाई यस काव्यले अनुसरण गरेकाले यसको शीर्षक सार्थक र उपयुक्त रहेको छ । एउटै शीर्षकभित्र पौराणिक विषय बस्तुको वर्णन गरेर कविले बाल बालिकालाई नौलो खुराक दिएकी छन् ।

**४.४.४.५ निष्कर्ष**

**गीतापापा** पौराणिक घटनालाई आधार मानेर रचिएको उत्कृष्ट बाल काव्य हो । ज्ञान र कर्मबिच तुलना गर्दै कर्म योगकै पक्षमा यसले आवाज उठाएको छ । एउटै विषय वस्तुको वर्णन निश्चय नै नेपाली बाल काव्यका लागि यो नौलो प्रयोग हो । ६२ श्लोकहरू रहेको प्रस्तुत काव्यलाई खण्डकाव्य माने पनि अत्युक्ति हुने छैन । ८ अक्षरमा विश्राम हुने १४ अच्छेरे लोक वा झ्याउरे एउटै छन्दमा रचिएकाले यो काव्य निकै नै बालप्रिय बनेको छ । बाल क्षमता अनुकूलका शब्द चयनमा कविले ध्यान पुऱ्याएकी छन भने मौलिक अभिव्यक्तिले यो काव्य सरस र सहज भएको छ । बाल साहित्यमा खण्डकाव्यात्मक रूपको यो काव्यले बाल साहित्यकारहरूलाई यस क्षेत्रतिर पनि दृष्टि दिने सङ्केत कविले गरेकी छन् । बाल बालिकाको ज्ञान र सिपको विकास गर्ने कार्यमा यस काव्यले महत्त्वपूर्ण योगदान गरेकाले यो काव्य बाल बालिकाका लागि साँच्चैको पापा बनेको छ ।

**४.४.५ रमाइला नानी बाल कविता सङ्ग्रह**

**४.४.५.१ विषय वस्तु**

**रमाइला नानी** 'कृष्णप्रसाद पराजुली'को उत्कृष्ट बाल कविता सङ्ग्रह हो । नेपाली बाल साहित्यका चर्चित कवि पराजुलीले बाल समाजका विविध विषय वस्तुलाई समेटेर कवितात्मक रूप दिएका छन् । उनका यस सङ्ग्रहका कविता सरल, मिठा अनि बालप्रिय छन् । ३३ वटा छोटा छोटा बाल कविताहरू सङ्गृहीत गरिएको प्रस्तुत सङ्ग्रहमा कविले

राष्ट्र, जनावर, प्रकृति, खेल, चराचुरुङ्गी, अन्न, सपना जस्ता विषय वस्तु चयन गरेर कविताको सिर्जना गरेका छन् ।

**हाम्रो देश** यस सङ्ग्रहको पहिलो र उत्कृष्ट कविता हो । कविले राष्ट्रलाई कविताको विषय वस्तु बनाई यहाँको रहनसहन, संस्कृति, वेषभूषा, भाषाभाषी, जातजाति, चाडपर्व आदिको कलात्मक अभिव्यक्ति गर्दै राष्ट्रिय एकताको भावलाई प्रस्तुत गरेका छन् । यसै गरी **सानु छ है सानु** र **धर्ती आमै** शीर्षकका कविताले पनि राष्ट्रप्रेमको भावलाई प्रस्तुत गरेका छन् ।

**चक्चके गोरु** शीर्षकको कविताले गोरुको छुच्चो प्रवृत्तिलाई कलात्मक पाराले व्यङ्ग्य गरेको छ । यस कविताले बाल बालिकालाई चक्चक् गर्ने बानीले हानी गर्छ भन्दै असल र चरित्रवान् नागरिक बन्ने प्रेरणा दिएको छ । यसै गरी **गाईले धान खायो** र **गाई भन्नु तारी** शीर्षकका कविता पनि जनावरलाई विषय वस्तु बनाएर रचिएका कविता हुन् ।

**बसबस रे** र **वरिपरि मौरी** शीर्षकका कविता माहुरीलाई विषय वस्तु बनाएर रचिएका कविता हुन् । माहुरीको परिश्रमी भावलाई कविताले प्रस्तुत गर्दै मेहनत गरेर खानु पर्छ भन्ने सन्देश यी कविताले दिएका छन् ।

**परेवा** शीर्षकको कविताले परेवा पन्छीको आनिबानीलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । **कुखुरी काँ** र **जूनकीरी** शीर्षकका कविताले पनि पन्छीका क्रियाकलापलाई नै प्रस्तुत गरेका छन् ।

**इन्द्रेनी** प्रकृति परक कविता हो । इन्द्रेनी लाग्दाको रमाइलो वातावरणलाई यस कविताले सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ । **आँपको बोटमुनि** र **हरबर तोरी** शीर्षकका कविताले पनि प्रकृतिको सुन्दर वर्णन गरेका छन् ।

**राम्रा कुरा** शीर्षकको कविताले बाल बालिकालाई राम्रा र नराम्रा कुरा बारे जानकारी दिँदै असल बन्नका लागि नराम्रो काम गर्नु हुन्न भन्ने कुरालाई प्रस्तुत गरेको छ । **म** शीर्षकको कविताले बालकको महत्त्वाकांक्षी भावलाई यसरी प्रस्तुत गरेको छ :

"मान्छे हुँ पक्का, गुनिलो छ बानी
म हुन्छु साँच्चै, छरितो र ज्ञानी ।" (पृ. २६)

**बत्ती** शीर्षकको कविताले उज्यालोको महत्त्वलाई प्रष्ट पारेको छ भने **यति नाना फाट्यो** शीर्षकको कविता बाल बालिकाको खेलकुद सम्बन्धी कविता हो । यसै गरी **ऐया आमा, हरबर तोरी, चच है, टपटप टोपी** र **पटपट रेखी** शीर्षकका कविता पनि बाल

बालिकाका खेलकुद सम्बन्धीकै कविताहरू हुन् । यी कवितामा बाल बालिका खेल्न पाउँदा कति रमाउँछन् भन्ने कुरालाई कविले सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन् ।

**मकै पाक्यो !** र **धानको बाला** शीर्षकका कविताले अन्नलाई विषय वस्तु बनाएर अन्नको महत्त्वलाई प्रष्ट पारेका छन् । **आँखा** शीर्षकको कविताले आँखाको महत्त्वलाई प्रस्तुत गर्दै आँखा नभए सृष्टि नै अँध्यारो हुने र सिर्जनाका मुहान नै सुक्ने कुराको चर्चा गरेको छ । **आजरातीको सपना** शीर्षकको कविताले बालकले सपनामा देखेको घटनालाई कलात्मक पाराले यसरी प्रस्तुत गरेको छ :

"घरबाट रमाउँदै

खेल्न भनी हिँडेछु

माथि माथि उड्दै

बादलमा पुगेछु ।" (पृ. ५३)

### ४.४.५.२ भाषाशैली

**रमाइला नानी** 'कृष्णप्रसाद पराजुली'द्वारा सरल एवम् सहज भाषाशैलीमा साना साना बाल बालिकाका लागि लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । कविले कवितालाई सरल बनाउन बाल बोलीका नाना, बाबा, नानी, पापा आदि जस्ता शब्दहरूको प्रयोग गरेका छन् :

"सुनसुन मेरा बाबा-नानी !

घाम नझुल्की ब्यूँझ बिहानी ।" (पृ. १२)

च-च, न-न, ड-ड, साना-साना, नानी-नानी जस्ता वर्ण एवम् शब्दहरूको आवृत्तिले कवितालाई रमाइला बनाएका छन् :

"घिउ खाने डाडु

डाडु खाने पतरी

हलुवा र पुरी

घुमाउने टपरी ।" (पृ. १३)

ऐया !, ए !, अहो ! जस्ता विष्मयादीबोधक शब्दहरूको प्रयोगले कवितालाई झन् आकर्षक बनाएका छन् । लड्छ-बड्छ, सररर-हररर, खुरुक्क-जुरुक्क आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कवितालाई बालप्रिय र पठनीय बनाएका छन् :

"धेरै उफ्रने आफैं लड्छ

ढुनुमुनु गर्दै ढल्छ बढ्छ ।" (पृ. ३४)

कविले कविताको वर्णन वस्तुपरक शैलीमा गरेका छन् । केही कविता प्रश्नात्मक र प्रश्नोत्तरात्मक शैलीमा पनि रचेका छन्, भने केही कविता बाह्रमासे र गाउँखाने कथाको शैलीमा पनि रचना गरेका छन् :

“देवलझैँ छ देवल होइन
बोल्दछ मान्छे होइन
चारै मुख छन् ब्रह्मा होइन
के हो सबतिर छैन ?” (पृ. ३१)

### ४.४.५.३ लय

**रमाइला नानी** बाल कविता सङ्ग्रहका सबै कविता लयात्मक र गेयात्मक छन् । कविले कविताको लय मिलाउन च-च, न-न, ड-ड, साना-साना, नानी-नानी, म-म आदि जस्ता वर्ण र शब्दहरूकै आवृत्ति गरेका छन् :

“म खेल्छु साथीसँग खेल हाई !
म नाच्छु साथीसँग गीत गाई ।” (पृ. २६)

लड्छ-बढ्छ, सरर-हरर, खुरक्क-जुरुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई झन् लयात्मक बनाएका छन् । अधिकांश कविता ८, १०, १२ र १४ अच्छेरे लोक लयमा बद्ध छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । बाजा, ताजा, मुहार, जुहार, ध्यान, ज्ञान, बानी, ज्ञानी आदि जस्ता अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले यी कवितालाई लयात्मक बनाएका छन् :

“पुस्तक आफैं बोल्छन् नानी !
बुझ्न सकेमा पार्छन् ज्ञानी ।” (पृ. १२)

### ४.४.५.४ शीर्षक

**रमाइला नानी** बाल कविता सङ्ग्रहभित्र ‘बत्ती’, ‘हाम्रो देश,’ ‘गाईले धान खायो,’ ‘वरिपरि मौरी’, ‘सुनसुन मेरा’, ‘बसबस रे’, ‘राम्रा कुरा’, ‘कुखुरी काँ’, ‘आँपको बोटमुनि’, ‘ऐया ! आमा’, ‘हरबर तोरी’, ‘यति नाना फाट्यो’, ‘परेवा’, ‘सानु छ है सानु’, ‘धर्ती आमै’, ‘म’, ‘चच है’, ‘ए काली’, ‘गाउँखाने कुरा’, ‘गाई भन्नु तारी’, ‘चकचके गोरु’, ‘सबाई’, ‘मकै पाक्यो ?’, ‘आँखा’, ‘टपटप टोपी’, ‘जूनकीरी’, ‘धानको बाला’, ‘दाइँगीत’, ‘इन्द्रेनी’, ‘पटपट रेखी’, ‘बाह्रमासे गीत’ र ‘आजरातिको सपना’ गरी ३२ शीर्षकका कविताहरू सङ्गृहीत छन् । अधिकांश कविताको शीर्षक बस्तुपरक रहेको छ । केही कविताको शीर्षक भावअनुकूल रहेको

छ । कविले कविताको शीर्षक चयनमा बाल समाजका विषय वस्तुलाई रोजेका छन् । छोटा छोटा शीर्षक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । केही कविताको शीर्षक वर्णहरूको आवृत्तिले निर्माण भएको छ र तिनीहरूले बाल बालिकालाई कविता पढ्न आकर्षित बनाएका छन् । शीर्षकले नै विषय वस्तुको बोध गराएकाले यी सम्पूर्ण कविताको शीर्षक सार्थक, उपयुक्त र औचित्यपूर्ण रहेको छ ।

**४.४.५.५ निष्कर्ष**

**रमाइला नानी** बाल कविता सङ्ग्रहमा रमाइला बाल कविताहरू संकलित गरिएका छन् । साना साना बाल बालिकाका लागि लेखिएका यी कविता ज्यादै सरल रहेका छन् । कविले कविताको वस्तुपरक वर्णन गरेका छन् । कविले कविताको विषय वस्तु बाल परिचित यथार्थलाई नै रोजेका छन् । कतिपय कविता कविता जस्ता नभई गीत जस्ता बनेका छन् । लय मिलाउन कविले वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएको देखिन्छ । बाल बालिकालाई ज्ञान र चेतना बृद्धि गर्न अनि मनोरञ्जन दिन यस सङ्ग्रहका कविताले उल्लेख्य भूमिका खेलेका छन् । समग्रमा यस सङ्ग्रहका कविता बाल भावना, क्षमता र रुचि अनुकूल भएकाले साना साना बाल बालिकाका लागि सन्देशात्मक र उपयोगी रहेका छन् ।

**४.४.६ पुतलीको बिहे बाल कविता सङ्ग्रह**

**४.४.६.१ विषय वस्तु**

**पुतलीको बिहे** लोकप्रिय बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा बाल बालिकाले देखेका, भोगेका र सुनेका विषय वस्तुका रसिला, मिठा र लयात्मक कविता सङ्कलित छन् । कवयित्री 'भगवती जोशी'ले राष्ट्र, खेल, पशुपन्छी, प्रकृति, मानव र भगवान् स्तुतिलाई मूल विषय वस्तु बनाएर कविताको रचना गरेकी छन् । २२ वटा बालकविताहरू सङ्गृहीत प्रस्तुत सङ्ग्रहका कविताले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिएका छन् ।

**आमासँग** यस सङ्ग्रहको पहिलो र उल्लेख्य कविता हो । यस कवितामा कविले धर्तीमातालाई मानवीकरण गरेर जन्म दिने आमासँग तुलना गर्दै मानिसले धर्तीलाई शान्त र सुन्दर पार्न गर्नुपर्ने कर्तव्य बोध गराएकी छन् । **विद्यार्थी, हजुरआमा, सानी नानी** र **आमा आउनुभयो** शीर्षकका कविता मानवलाई विषय वस्तु बनाएर रचिएका कविता हुन् । यी कवितामा कविले मान्छेका क्रियाकलापहरूलाई सुन्दर ढङ्गले कवितात्मक अभिव्यक्ति गरेकी छन् । मान्छेमा हुनुपर्ने गुण मान्छेले गर्नुपर्ने कर्तव्यका कुराहरूलाई यी कविताले कलात्मक ढङ्गमा वर्णन गरेका छन् ।

**नेपाल आमा, मेरो हिमाल, देश हाम्रो, मेरो देश** र **हिमाली खोला** शीर्षकका कविताले राष्ट्रलाई कविताको विषय वस्तु बनाएर राष्ट्रप्रेमको भावलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । जस्तै :

"संसारको कुनाभित्र मेरो सानो देश छ
सीधासाधा नेपालीको सादा पहिरन-भेष छ ।" (पृ. १९)

नेपालीहरूको वेषभूषा, रहनसहन, भाषाभाषी, संस्कृति, वर्ण, लिङ्ग आदिको राष्ट्रिय एकताको भावलाई यी कविताले यसरी प्रस्तुत गरेका छन् :

"जाति, वर्ण, लिङ्ग, धर्म, गर्नु हुन्न भेद
यस्तै शिक्षा हामीलाई दिन्छ हाम्रो वेद ।" (पृ. २५)

**छट्टु स्याल** र **मेरो मुने** शीर्षकका कविताले जनावरहरूका क्रियाकलापलाई प्रस्तुत गरेका छन् भने **खेल** बाल बालिकाको खेलकुद सम्बन्धी कविता हो । खेल्न पाउँदा बाल बालिका खान र सुत्न नै विर्सन्छन् भन्ने भावलाई यस कविताले प्रस्तुत गरेको छ ।

**परदेशी बुबा** यस सङ्ग्रहको उल्लेख्य कविता हो । स्वदेशमा रोजगार नपाएपछि नेपालीहरूले बिदेशिनु पर्ने बाध्यात्मक परिस्थितिलाई यस कविताले प्रस्तुत गरेका छ । खाना र नानाको उचित व्यवस्था नहुँदा मान्छेले विदेशिनु पर्ने बाध्यात्मक परिस्थितिको उजागर यस कविताले गरेको छ । **सरस्वती बन्दना** विद्याकी देवी सरस्वतीलाई विषय वस्तु बनाएर रचिएको कविता हो । **भँगेरी चरी** शीर्षकको कविताले चराको चञ्चले पनलाई कलात्मक पाराले प्रस्तुत गरेको छ भने **ऋतु** प्रकृतिपरक कविता हो । यस कविताले ऋतुहरूको राजका रूपमा वसन्त ऋतुलाई प्रस्तुत गर्दै अन्य ऋतुहरूको सुन्दर वर्णन गरेको छ । **डमरुवाला** शीर्षकको कविताले डमरु बजाएर मागी खाने जोगीको दिनचर्यालाई सुन्दर रूपमा वर्णन गरेको छ । **पुतलीको बिहे** शीर्षकको कविता यस सङ्ग्रहको उल्लेख्य कविता हो । सानी सानी पुतलीको बिहे भएपछि घरमा भएको शोकाकुल अवस्थाको भावलाई यस कविताले सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ ।

**४.४.६.२ भाषाशैली**

**पुतलीको बिहे** कवयित्री 'भगवती जोशी'द्वारा सरल एवम् सहज भाषाशैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । कविले कवितालाई सरल बनाउन सरल भन्दा सरल भाषा र शैलीको प्रयोग गरेकी छन् । सानी, नानी, पुतली, आमा, बाबा, मुने जस्ता बाल बोलीका शब्दहरूको प्रयोगले कवितालाई सरल एवम् सहज बनाएको छ :

"सानी नानी पुतली

कति राम्री चञ्चली ।" (पृ. १२)

न-न, छ-छ, चरी-चरी, नाना-नाना, चीँ-चीँ आदि जस्ता वर्ण र शब्दहरूको आवृत्तिले यी कवितालाई झन् सरल र सहज बनाएका छन् :

"चीँ मुसी चीँ चिनानाना

तारा ! देऊ न नाना ।" (पृ. १६)

कविले उड्कुसी, मुड्कुसी, सरररर, झरर, बढ्छ, हट्छ जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरेर कवितालाई झन् सरल र आकर्षक बनाएका छन् । अधिकांश कविता वस्तुपरक शैलीमा रचिए पनि केही कविता प्रश्नात्मक र भावपरक शैलीमा पनि रचिएका छन् :

"परदेशमा गएको

बाबा खोई आएको ?

बाबा आई घरको

छानु खोई छाएको ?" (पृ. १३)

कविले बाल पारख क्षमता अनुसारकै तारा, पुतली, भँगेरी, स्याल, मुने र कुइरो जस्ता विम्ब र प्रतीकको प्रयोग गरेर कवितालाई सरल बनाएका छन् ।

**४.४.६.३ लय**

**पुतलीको बिहे** कवयित्री 'भगवती जोशी'द्वारा रचिएको लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कवितालाई लय हालेर गाउन सकिन्छ । लय मिलाउन कविले वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएकी छन् । हिमाल, विशाल, नेपाली, गोर्खाली, बढ्छ, हट्छ, सिक, झिक, काली, फाली आदि जस्ता अन्त्यानुप्रासको सबल संयोजनले कवितालाई लायत्मक बनाएका छन् । जस्तै :

"उत्तरमा ढाक्ने मलाई भन्छन् सबै हिमाल

हेर्दा राम्रो म त छु है, सानु हैन विशाल ।" (पृ. २२)

बढ्छ, हट्छ, उड्कुसी, मुड्कुसी, सरररर, झररर जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कवितालाई झन् लयात्मक बनाएका छन् :

"राम्रो गरे हिमालको सान मान बढ्छ

यसमा चमक देखेपछि शत्रु पनि हट्छ ।" (पृ. २३)

यस सङ्ग्रहका सबै कविता १०, १२, १४ र १६ अच्छेरे लोक लयमा बद्ध छन् भने केही कविता  गद्य लयमा समेत रचिएका छन् ।

### ४.४.६.४ शीर्षक

**पुतलीको बिहे** बाल कविता सङ्ग्रहभित्र 'आमासँग', 'भँगेरी चरी', 'छट्टु स्याल', 'मिलिजुली खेल', 'आमा आउनु भयो', 'सरस्वती बन्दना', 'पुतलीको बिहे', 'परदेशी बुबा', 'हिमाली खोला', 'खेल', 'बसन्तपुर', 'मेरो देश', 'फूलबारी', 'डमरुवाला', 'मेरो हिमाल', 'देश हाम्रो', 'ऋतु' 'विद्यार्थी', 'हजुरआमा', 'मेरो मुने', 'नेपाल आमा' र 'सानी नानी' गरी २२ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । सबै कविताको शीर्षक वस्तुपरक रहेको छ । छोटा छोटा र बाल बालिकाले देखेका, सुनेका, र भोगेका विषय नै कविताको शीर्षक चयन भएकाले बाल सम्प्रेषणमा सहजता थपेको छ । शीर्षकले नै विषय वस्तुको परिचय गराएका छन् । बाल मानसिकतामा आधारित यी सम्पूर्ण शीर्षक उपयुक्त र सार्थक रहेका छन् ।

### ४.४.६.५ निष्कर्ष

**पुतलीको बिहे** कवयित्री 'भगवती जोशी' को उत्कृष्ट बाल कविता सङ्ग्रह हो । बाल समाजका विविध विषय वस्तुलाई कवितात्मक रूप दिएर कविले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिने प्रयत्न गरेकी छन् । यी कविताले बाल बालिकाहरूको ज्ञान र चेतनाको बृद्धि गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् । बाल भाषा र मौलिक अभिव्यक्तिले कविता बाल सम्प्रेषणीय बनेका छन् । कविताको लय मिलाउन कविले गरेको प्रयास उल्लेख्य पक्ष हो भने अनुकरणात्मक शब्दहरूको संयोजनले कवितालाई झन् रोचक बनाएका छन् । बाल बालिकालाई कविताका माध्यमले मनोरञ्जन दिने र ज्ञान चेतनाको बिस्तार गराउने कविको लक्ष्य सफल भएको देखिन्छ । वस्तुपरक र बाल बालिकाको चेतना अनुकूलकै शीर्षक निर्माण भएकाले यी सम्पूर्ण कविताको शीर्षक उपयुक्त र सार्थक रहेका छन् । सरल भन्दा सरल विम्ब र प्रतीकको प्रयोगले कवितालाई बाल सम्प्रेषणीय बनाएको छ । समग्रमा यस सङ्ग्रहका सबै कविता बाल सम्प्रेषणीय, लयात्मक र उत्कृष्ट भएकाले बालप्रिय मिठा र रसिला छन् ।

**४.४.७ बामपुड्के बाल कविता सङ्ग्रह**

**४.४.७.१ विषय वस्तु**

**बामपुड्के** कवि 'कृष्णप्रसाद दुवाल' द्वारा रचिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । बाल बाल बालिकाका लागि काम गर्ने राष्ट्रसङ्घीय निकाय युनेस्कोको छनौटमा परेको प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत बाल कविताहरू निकै नै उत्कृष्ट रहेका छन् । नेपाली बाल समाजका विविध विषय वस्तुहरूलाई समेटेर कविले यी कविताको रचना गरेका छन् । जनावर, प्रकृति, मानव, राष्ट्र, पेशा, चराचुरुङ्गी आदि विषयलाई कविताको विषय बनाएर कविले बाल बालिकालाई मनोरञ्जन दिने प्रयास गरेका छन् । यसमा बाल बालिकाकै सामाजिक परिवेशका कविता छन्, देशप्रेमका कविता छन् र नैतिक चेतनाका कविता छन् ।

**बामपुड्के** यस सङ्ग्रहको प्रथम र उल्लेख्य कविता हो । यसैका नामबाट कविता सङ्ग्रहको नामकरण गरिएको छ । यस कवितामा कविले एउटा बालकलाई विषय बनाएर उसको शरीरमा आएको क्रमिक परिवर्तनलाई कलात्मक रूपले प्रस्तुत गरेका छन् । **नेपाल मेरो देश हो** र **पहाडको देश हो यो** शीर्षकका कविताले राष्ट्रप्रेमको भावलाई छताछुल्ल पोखेका छन् :

"खोला-नाला झरना मेरो
वनजङ्गलको गुराँस मेरो
बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग
मगर, शेर्पा, तामाङ मेरो ।" (पृ. ६)

**गाई, बिरालो करायो, यौटा पाठो उफ्रिरहेछ, मेरो सानो कुकुर, बिरालो भाग्यो, कुखुराको चल्ला, लाम्खुट्टे, पिँजडाको सुगा, कमिला** शीर्षकका कविताले पशुपन्छीका क्रियाकलापलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **पिँजडाको सुगा** शीर्षकको कविताले पिँजडामा थुनिदाको चराको बेदनालाई यसरी प्रस्तुत गरेको छ :

"जति राम्रो भए पनि
मनमा पीर चर्को छ
राधाकृष्ण भने पछि
राधाकृष्ण भन्दछ ।" (पृ. ८)

**बत्ती** यस सङ्ग्रहको उल्लेख्य कविता हो । उज्यालोको महत्त्वलाई प्रस्तुत गर्दै ज्ञानरूपी बत्तीका रूपमा शिक्षाको महत्त्वलाई यस कविताले कलात्मक पाराले प्रस्तुत गरेको

छ । **सुजीकार** शीर्षकको कविताले सुजीकारको पेशा निष्ठताको भावलाई सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ । **धूँवा, धूँवा** शीर्षकको कविताले शहरी प्रदूषणलाई प्रस्तुत गर्दै वातावरणलाई स्वच्छ राख्न मान्छेले गर्नु पर्ने कर्तव्य बोधको पाठ सिकाएको छ । **इन्द्रेनी** प्रकृतिपरक कविता हो । इन्द्रेनी लाग्दाको रमाइलो वातावरणलाई यस कविताले सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ ।

**मेरी आमा** शीर्षकको कविताले आमाबाट बाल बालिका एकैछिन टाढा रहन सक्तैनन् भन्ने भावलाई सुन्दर पाराले प्रस्तुत गरेको छ भने **हलकारा** शीर्षकको कविताले हुलाकीको सन्देश ल्याउने कामलाई उसको दिनचर्याको रूपमा प्रस्तुत गरेको छ । **म हुँ छोरा/छोरी** शीर्षकको कविताले बाल इच्छा र आकांक्षा अनि उसको भविष्यको लक्ष्यलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **घाम राजा प्यारो भयो** शीर्षकको कविताले घामको महत्त्वलाई प्रष्ट पारेको छ । **मेरो घर** शीर्षकको कविताले घरपरिवारको स्वच्छ वातावरणलाई प्रस्तुत गरेको छ । **फुलबारी मेरो साथी** शीर्षकको कविताले बाल बालिकाको खेल्ने र रमाउने ठाउँका रूपमा फुलबारीलाई प्रस्तुत गर्दै फुलको महत्त्वका बारेमा चर्चा गरेको छ । **काम गर्ने ठुलो** शीर्षकको कविताले काम गरेर खाने मान्छे संसारमा महान् हुन्छ भन्ने भाव प्रस्तुत गर्दै चोरी, डकैती र ठगी खाने मान्छेको कू प्रवृत्तिलाई व्यङ्ग्य गरेको छ ।

### ४.४.७.२ भाषाशैली

'कृष्णप्रसाद दुवाल' को बामपुड्के उत्कृष्ट बाल कविता सङ्ग्रह हो । सरल र सहज भाषाशैलीमा लेखिएको प्रस्तुत सङ्ग्रहका सबै कविता सरल र सहज छन् । चुँ-चुँ, म्याँउ-म्याँउ, मिनिमिनि, घ्वाङ-घ्घाङ, म-म, न-न, उहूँ-उहूँ जस्ता वर्ण र शब्दहरूको आवृत्तिले कवितालाई सरल र सहज बनाएका छन् :

"म्याउँ-म्याउँ-म्याउँ बिरालो करायो
चुँ-चुँ-चुँ- चुँ मुसा भाग्यो ।" (पृ. १४)

बाबु, नानी, बुबु, माम जस्ता बाल बोलीका शब्दहरूको प्रयोगले यी कविता बाल सम्प्रेषणीय बनेका छन् :

"रोयो-रोयो बाबु रोयो
उहूँ, उहूँ उहूँ
रोयो-रोयो नानी रोयो
उहूँ, उहूँ उहूँ ।" (पृ. २२)

भाषा अनुसारकै मौलिक र वस्तुपरक शैलीको प्रयोगले यी कविता बाल सम्प्रेषणीय बनेका छन् । कमिलो, पहाड, पिँजडा, सुगा, बत्ती जस्ता विम्ब र प्रतीकको प्रयोगले कवितालाई झन् रोचक बनाएका छन् ।

### ४.४.७.३ लय

**बामपुड्के** लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता लयात्मक भएकाले तिनलाई गाउन र गुनगुनाउन सकिन्छ । वर्ण एवम् शब्दहरूको आवृत्तिले यी कवितालाई लयात्मक र गेयात्मक बनाएका छन् । छर्ने, पर्ने, लाग्ने, जाग्ने, उज्यालो, दियालो, तारा, सारा, जाने, लाने, झरेछ, परेछ आदि जस्ता अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले कवितालाई लयात्मक बनाएका छन् :

"आमा बाबु कोही छैनन् गाउँबाट झरेछ
सहरको झिलिमिली देख्ता छक्क परेछ । (पृ. ६)

यस सङ्ग्रहका अधिकांश कविता १०, १२, १४, १६ र १८ अच्छेरे लोक लयमा बद्ध छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । सरररर, फररर, फटाफट, चटाचट, घ्वाङ-घ्वाङ जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कवितालाई झन् लायत्मक र आकर्षक बनाएका छन् ।

### ४.४.७.४ शीर्षक

**बामपुड्के** बाल कविता सङ्ग्रहभित्र 'बामपुड्के', 'नेपाल मेरो देश हो', 'पिँजडाको सुगा', 'पहाडको देश हो यो', 'गाई', 'बत्ती', 'कमिला', 'आकाशमा झलमल', 'बिरालो करायो', 'सुजीकार', 'यौटा पाठो उफ्रिरहेछ', 'मेरो सानो कुकुर', 'म हुँ छोरा/छोरी', 'धूँवा, धूँवा', 'बिरालो भाग्यो', 'काम गर्ने ठुलो', 'बाबु रोयो', 'इन्द्रेनी', 'हलकारा', 'फूलबारी मेरो साथी', 'कुखुराको चल्ला', 'पानी पर्ने छाँट छ', 'अहा ! मेरो चङ्गा उडेछ', 'घाम राजा प्यारो भयो', 'मेरो घर', 'मेरी आमा', 'लाम्खुट्टे' गरी २७ शीर्षकका बाल कविताहरू सङ्गृहीत छन् । केही शीर्षकहरू लामा लामा भए पनि बाल सम्प्रेषणमा असर परेको छैन । कविले बाल समाजका बाल बालिकाको ज्ञानमा आधारित विषय वस्तुलाई नै कविताको शीर्षक बनाएका छन् । विष्मयादीबोधक र विकल्पवाची शब्द र चिन्हहरूको प्रयोग गरेर कविले शीर्षक निर्माण गरेका छन् । सबै शीर्षकहरू वस्तुपरक भएकाले र विषय वस्तुको वर्णन मौलिक रूपमा गरेकाले यी सम्पूर्ण कविताको शीर्षक उपयुक्त र सार्थक छन् । बाल सम्प्रेषणमा यी शीर्षकले सहायता पुऱ्याएकाले बाल रुचि र क्षमता अनुकूलका शीर्षक रहेका छन् ।

#### ४.४.७.५ निष्कर्ष

**बामपुड्के** 'कृष्णप्रसाद दुवाल' द्वारा रचित उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका कविता साना साना बाल बालिकाका लागि निकै नै उपयोगी खालका छन् । सरल भन्दा सरल भाषाशैलीमा कविताको रचना गरिएकाले बाल सम्प्रेषणमा सहजता थपेको छ । बाल बालिकाले देखेका र भोगेका विषय वस्तुमा नै कविले कविताको रचना गरेका छन् । वर्णहरूको आवृत्तिले कविताको लय मिलाउन उल्लेख्य भूमिका खेलेको कुरा प्रस्टै छ । शीर्षक वस्तुपरक भएकाले बाल सम्प्रेषणीय र उपयुक्त छन् भने सरल एवम् सहज विम्ब र प्रतीकको प्रयोगले कवितालाई आकर्षक बनाएका छन् । समग्रमा 'बामपुड्के' बाल कविता सङ्ग्रहका कविताले बाल बालिकालाई मनोरञ्जन दिन र ज्ञान र सिपको बृद्धि गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् । बाल रुचि र क्षमता अनुकूलका कविता भएकाले सम्पूर्ण कविता बाल सम्प्रेषणीय, लयात्मक, सरल र मिठा बनेका छन् ।

### ४.४.८ पोखरीका माछा बाल कविता सङ्ग्रह

#### ४.४.८.१ विषय वस्तु

**पोखरीका माछा** कवि 'विमलेन्द्र मिश्र'द्वारा रचित उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा साना साना बाल बालिकाले रुचाउने विषय वस्तुका कविता छन् । चाडपर्व, पुतली, खेल, नयाँ वर्ष, वर्ण, फुल अञ्चलका नाम आदिलाई कविले कविताको विषय वस्तु बनाएका छन् ।

**क देखि ज्ञ सम्म** यस सङ्ग्रहको पहिलो कविता हो । बाल बालिकालाई अक्षर चिनाउने प्रयत्न गर्दै कविले क देखि ज्ञ सम्मका अक्षरबाट निर्मित शब्दहरूको वर्णन गरेका छन् । **नयाँ वर्ष** शीर्षकको कविताले नयाँ वर्षलाई आनन्द र खुसीको बिहानीका रूपमा प्रस्तुत गरेको छ । **पुतली** शीर्षकको कविताले पुतलीको फुलबारीमा डुलेर फुलको रस चुस्ने क्रियाकलापलाई प्रस्तुत गरेको छ । **असार** शीर्षकको कवितामा सिमसिम पानी पर्दाको रमाइलो वातावरणलाई प्रस्तुत गरिएको छ ।

**हाम्रो देशका चौध अञ्चल** यस सङ्ग्रहको उल्लेख्य कविता हो । बाल बालिकालाई अञ्चलका नाम कण्ठस्त गराउने उद्देश्यले अञ्चलका नामबाट कविताको रचना भएको छ । फुटबल खेल बाल बालिकाको खेल सम्बन्धी कविता हो । नियमित समय मिलाएर खेल्नाले स्वस्थ्य रहन सकिन्छ भन्ने भावलाई यस कविताले प्रस्तुत गरेको छ । **श्रीपञ्चमी, तिहार** र **दशैं आयो** शीर्षकका कविता चाडपर्वलाई विषय वस्तु बनाएर रचिएका कविता हुन् ।

चाडपर्वमा हाम्रा साना नानीहरू कति रमाउँछन् भन्ने भावलाई यी कविताले सुन्दर रूपमा प्रस्तुत गरेका छन् ।

**बाह्र महिना** शीर्षकको कविताले बाह्र महिनाको वर्णन गर्दै महिनै पिच्छेको वातावरणलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **बाबा-नानी** साना साना नानीहरूलाई विषय वस्तु बनाएर रचिएको कविता हो । आमाले साना नानीलाई उपदेश दिएर असल र ज्ञानी बन्ने प्रेरणा दिएको प्रसङ्गलाई यस कविताले प्रस्तुत गरेका छ । **लालुपाते फूल** शीर्षकको कविताले फुलको सुन्दर वर्णन गर्दै वातावरणलाई सफा र स्वच्छ राख्न फूल रोप्नुपर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **पोखरीका माछा** यस सङ्ग्रहको अन्तिम र उल्लेख्य कविता हो । पोखरीभित्रका माछाहरूको सलबलाउने प्रवृत्तिलाई यस कविताले बालापनसँग तुलना गरेको छ :

"पोखरीको पानी भित्र
माछा सलबलायो
हेर्दा हेर्दै हाम्रो मन
आनन्दले छायो ।" (पृ. ३१)

**४.४.८.२ भाषाशैली**

**पोखरीका माछा** सरल एवम् सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बाल सम्प्रेषणीय बनेका छन् । बाल भावना अनुकूलका शब्द चयन र मौलिक र वस्तुपरक अभिव्यक्तिले कविता सरल र सरस बनेका छन् । चरी, पुतली, गोरु, परेवा जस्ता विम्ब र प्रतीकले कवितालाई आकर्षक बनाएका छन् । बाबा, नानी, पुतली, आमा, पापा जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेर कविले कवितालाई सरल र सहज बनाएका छन् :

"मोरो बाबा, मेरो नानी
हुनुपर्छ ज्ञानी
बुद्धिमान् र निडरस भै
अघि बढ्नू तिमी ।" (पृ. २५)

**४.४.८.३ लय**

'विमलेन्द्र मिश्र'द्वारा रचित **पोखरीका माछा** लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता गद्य र पद्य लयमा बद्ध छन् । अधिकांश कविता ८, १०, १२ र १४

अच्छेरे लोक लयमा रचिएका छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । अन्त्यानुप्रासको कुशल संयोजनले कवितालाई झन् लयात्मक र गेयात्मक बनाएको छ । फुर्र, सुर्र, बुट्टा, फुट्टा, खुट्टा, सरर, हरर आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई झन् लायत्मक र आकर्षक बनाएका छन् :

"ससाना छन् खुट्टा
पङ्खमा छन् बुट्टा
पुतलीका जोडी
छैनन् केही फुट्टा ।" (पृ. १०)

### ४.४.८.४ शीर्षक

**पोखरीका माछा** बाल कविता सङ्ग्रहभित्र 'क देखि ज्ञ सम्म', 'नयाँ बर्ष', 'पुतली', 'असार', 'फूटबल खेल', 'तिहार', 'हाम्रो देशका चौध अञ्चल', 'श्रीपञ्चमी', 'बाह्र महिना', 'दशैं आयो', 'बाबा-नानी', 'लालुपाते फूल', 'पोखरीका माछा' गरी १३ शीर्षकका बाल कविताहरू सङ्गृहीत छन् । एकदेखि चारसम्मका शब्दहरूको संयोजन गरेर कविले कविताको शीर्षक निर्माण गरेका छन् । चाडपर्व, खेल, वर्ण, पुतली आदि जस्ता वस्तुपरक शीर्षक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । सबै शीर्षकले विषय वस्तुको बोध गराएकाले यी कविताको शीर्षक उपयुक्त र सार्थक रहेका छन् । बाल बालिकालाई उत्सुक जगाउने खालका कविताको शीर्षक भएकाले उनीहरूले पढ्न रुचाउने खालका शीर्षक बनेका छन् ।

### ४.४.८.५ निष्कर्ष

**पोखरीका माछा** सरल र सहज भाषा शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बाल प्रिय र मिठा छन् । बाल बालिकाले रुचाउने विषय वस्तुको प्रयोग अनि मौलिक र वस्तुपरक अभिव्यक्तिले कवितालाई बाल रुचि अनुकूल बनाएको छ । वर्ण र शब्दहरूको आवृत्तिले कविताको लय मिलाउन उल्लेख्य भूमिका खेलेको कुरा प्रष्टै छ भने अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई रोचक र आकर्षक बनाएका छन् । कविताको शीर्षक चयन वस्तुपरक भएकाले बाल सम्प्रेषणमा सहजता थपेको छ । बाल बालिकालाई उत्सुक तुल्याउने र उनीहरूको रुची जगाउने नयाँ वर्ष, पुतली, दशैं आयो, तिहार, श्रीपञ्चमी आदि कविताले गर्दा यो सङ्ग्रह निकै चाख

लाग्दो बनेको छ । समग्रमा यस सङ्ग्रहका कविता बाल रुचि, क्षमता, स्तर र तह अनुकूल भएकाले उनीहरूको ज्ञान र चेतना बृद्धि गर्न सक्षम छन् ।

**४.४.९ कानाकाना कुर्र बाल कविता सङ्ग्रह**

**४.४.९.१ विषय वस्तु**

**कानाकाना कुर्र** 'प्रमोद प्रधान'द्वारा रचित उत्कृष्ट बाल कविता सङ्ग्रह हो । कविले बाल समाजका विविध विषय वस्तुहरूलाई समेटेर कविताको रचना गरेका छन् । यसमा बाल बालिकाकै सामाजिक परिवेशमा कविता छन्, देश प्रेमका कविता छन्, चराचुरुङ्गीका कविता छन् अनि नैतिक चेतनाका कविता छन् । कविताभित्र नजानिँदो पाराले चेतनाका स्वरहरू आएका छन् । चराचुरुङ्गी, मानव, नदी, राष्ट्र, फुल आदिलाई कविताको विषय वस्तु बनाइएको छ ।

**बोलाउँदैछ र पुतली** मलाई यस सङ्ग्रहको पहिलो कविता हो । कविले पुतलीलाई कविताको विषय वस्तु बनाएर फुलबारीमा डुल्ने पुतलीको सुन्दर वर्णन गरेका छन् । **सरमाथा शिर हाम्रो** शीर्षकको कविताले नेपालीहरूको पहिचान र शिरका रूपमा सगरमाथालाई प्रस्तुत गरेको छ । **मने एक्लै रुँदै छ** शीर्षकको कवितामा कविले बाल बालिकालाई बाख्राको पाठासँग तुलना गर्दै उसको चञ्चले पनलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् ।

**हाँस, हाँस मेरो नाम** शीर्षकको कविताले हाँसको ढल्की हिँड्ने बानीलाई प्रस्तुत गरेको छ भने **भँगेरा-भँगेरी** शीर्षकको कविताले भँगेराको चलाखीपन र उसको गुँड बनाउने कार्यको सुन्दर वर्णन गरेको छ । **बर्षा रानी** शीर्षकको कविताले वर्षालाई रानीको रूपमा प्रस्तुत गर्दै पानीको महत्त्व बारे बाल बालिकालाई जानकारी गराएको छ । मक्मक् घुर परेवा पन्छीलाई विषय वस्तु बनाएर रचिएको कविता हो भने हावा शीर्षकको कविताले हावाको महत्त्वलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ ।

**कसले के भन्छ** ? यस सङ्ग्रहको उल्लेख्य कविता हो । जून, तारा, चरी र घामका कार्यलाई कविले आफ्नै बोलीमा प्रस्तुत गरेका छन् । **बुलबुले ताल** शीर्षकको कविताले तालको सुन्दर वर्णन गर्दै सुर्खेत जिल्लाको गहनाका रूपमा बुलबुले काललाई प्रस्तुत गरेको छ । कोइलीको आवाजलाई **कोइली** शीर्षकको कविताले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **नदी कति राम्रो** शीर्षकको कविताले नेपालका नदीहरूको सुन्दर वर्णन गर्दै पानीको महत्त्व उपयोगिता बारे बाल बालिकालाई शिक्षा दिएको छ । **फोहोरी मान्छे** शीर्षकको

कविताले फोहोरी भएर बस्ता स्वास्थ्य बिग्रन्छ भन्ने भावलाई प्रस्तुत गर्दै बाल बालिकालाई सफा भएर बस्नु पर्छ भन्ने शिक्षा दिएको छ ।

**हाम्रा सबै प्यारा** यस सङ्ग्रहको अर्को उल्लेख्य कविता हो । यस कविताले नेपालका ऐतिहासिक विर सपूतहरूको वर्णन गर्दै राष्ट्रप्रेमको भावलाई सुन्दर रूपले प्रस्तुत गरेको छ । बाल बालिकालाई असल, ज्ञानी र अध्ययनशील बन्न **असल विद्यार्थी** शीर्षकको कविताले प्रेरित गरेको छ । **काना काना कुर्र** शीर्षकको कविताले बालकहरूको चञ्चले पनलाई कविताको विषय वस्तु बनाएको छ । **घाम राजा र जून रानी** शीर्षकको कविताले घामलाई राजा र जूनलाई रानीको उपमा दिँदै घाम र जूनको उज्यालोको महत्त्वलाई प्रष्ट पारेको छ । **सानो राजा** बालकलाई विषय वस्तु बनाएर रचिएको कविता हो । बालककी आमाले बच्चालाई फकाउँदा राजाको रूपमा प्रस्तुत गर्दै कविताले बालकको सुन्दर वर्णन गरेको छ ।

**४.४.९.२ भाषाशैली**

**कानाकाना कुर्र** सरल एवम् सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट **बालकविता** सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बाल प्रिय बनेका छन् । बाबा, राजा, पापा, नानी, ताते, चाचा जस्ता बाल बोलीका शब्दहरूको प्रयोगले कवितालाई बाल सम्प्रेषणीय बनाएका छन् :

“सानो राजा ताते गर्दै, आऊ यता आऊ

रुनु हुन्न राजा बाबा, मीठो पापा खाऊ ।” (पृ. १२)

चा-चा, चीँ-चीँ, म-म, न-न, नानी-नानी, सरर-सरर जस्ता वर्ण र शब्दहरूको आवृत्तिले कवितालाई झन् सरल र सहज बनाएका छन् :

चा-चा, चीँ-चीँ गर्दै करायो

मेरो आँगन भँगेरो आयो ।” (पृ. १४)

कविले वस्तुपरक र मौलिक अभिव्यक्तिमा कविताको रचना गरेका छन् । केही कविता प्रश्नात्मक शैलीमा पनि रचिएका छन् । राजा, रानी, भँगेरी, सगरमाथा, जून र कोइली जस्ता सरल विम्ब र प्रतीकले कवितालाई झन् सरल र सहज बनाएका छन् ।

**४.४.९.३ लय**

**कानाकाना कुर्र** ‘प्रमोद प्रधान’द्वारा रचिएको लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता ८, १०, १२ र १४ अच्छेरे लोक लयमा वद्ध छन् । लय मिलाउन कविले वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएका छन् भने कुर्र, खुर्र, भुर्र, चुर्र, सरसर,

फरफर, गड्याङ, गुडुङ्ग जस्ता अनुकरणात्मक शब्दहरूले कवितालाई झन् लयात्मक बनाएका छन् :

"कानाकाना कुर्र, कानाकाना कुर्र
म त मामा घर, पुगी आउँछु खुर्र ।" (पृ. २२)

### ४.४.९.४ शीर्षक

'प्रमोद प्रधान'को **कानाकाना कुर्र** बाल कविता सङ्ग्रहभित्र 'बोलाउँदै छ पुतली मलाई', 'सगरमाथा शिर हाम्रो', 'मने एक्लै रुँदै छ', 'कर्णालीको पुल', 'हाँस, हाँस मेरो नाम', 'सानो राजा', 'फूलबारी यो हाम्रो', 'वर्षा रानी', 'भँगेरा-भँगेरी', 'मक्मक् घुर', 'घाम राजा र जून रानी', 'कानाकाना कुर्र', 'हावा', 'कसले के भन्छ ?', 'बुलबुले ताल', 'कोइली', 'नदी कति राम्रो', 'फोहोरी मान्छे', 'सबै हाम्रा प्यारा' र 'असल विद्यार्थी' गरी २० शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । एकदेखि पाँचसम्मका शब्दहरूको संयोजन गरेर कविले कविताको शीर्षक निर्माण गरेका छन् । प्रश्नात्मक ढाँचाको शीर्षक पनि बनाएर कविले बाल जिज्ञासा जगाउने काम गरेका छन् । अधिकांश कविताको शीर्षक वस्तुपरक भए पनि केही कविताको शीर्षक भाव अनुकूल देखिन्छ । बाल जगत्का विषयलाई कविताको शीर्षक बनाएर कविले बाल सम्प्रेषणमा ख्याल गरेका छन् । शीर्षकले नै विषय वस्तुको बोध गराएकाले यी सम्पूर्ण कविताको शीर्षक उपयुक्त, सार्थक र औचित्यपूर्ण रहेको छ ।

### ४.४.९.५ निष्कर्ष

**काना काना कुर्र** बाल समाजका विविध विषय वस्तुलाई समेटेर रचना गरिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका बिस कविताका माध्यमबाट प्रकृतिका विविध रूप र रङ्ग, नेपालको भौगोलिक स्वरूप, चराचुरुङ्गी र खोलानालाका बारेमा जानकारी दिँदै बाल बालिकालाई सिर्जनशील हुन कविले प्रेरित गरेका छन् । सरल भन्दा सरल भाषा र शैलीको प्रयोगले यी कविता बाल सम्प्रेषणीय बनेका छन् । बाल बालिका परिश्रमी र अध्ययनशील भइदिऊन् भन्ने कवि इच्छा कवितामा प्रष्टै भेटिन्छ । लय मिलाउन कविले वर्ण र शब्दहरूकै आवृत्तिमै जोड दिएको कुरा कविताका पङ्क्तिले प्रष्टै देखाएका छन् । कविताको भाषा वस्तुपरक र मौलिक भएकाले बाल रुचि र क्षमताको ख्याल भएकै छ । कविताको शीर्षक केही लामा छन् तर बाल बोधगम्यतामा असर परेको छैन । समग्रमा यस सङ्ग्रहका कविताले बाल बालिकाको ज्ञान र चेतनाको विस्तार गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् ।

### ४.४.१० चरी आयो बाल कविता सङ्ग्रह

### ४.४.१०.१ विषय वस्तु

**चरी आयो** कवि 'कृष्णप्रसाद पराजुली'द्वारा रचिएको लोकप्रिय बाल कविता सङ्ग्रह हो । चराका विविध जातहरूको वर्णन यस सङ्ग्रहका कविताले गरेका छन् । सबै कविताको विषय वस्तु चराहरू नै रहेका छन् । एउटै विषयलाई केन्द्रविन्दु बनाएर रचिएको प्रस्तुत बाल कविता सङ्ग्रह नेपाली बाल साहित्याकाशमा एउटा नौलो प्रयोग हो । कविले चराका माध्यमबाट बाल बालिकालाई ज्ञान र चेतना दिने कार्य गरेका छन् । बाल बालिकालाई मनोरञ्जन दिन यस सङ्ग्रहका सबै कविता सक्षम छन् । चराचुरुङ्गीका विभिन्न क्रियाकलापहरूलाई यस सङ्ग्रहका कविताले सुन्दर रूपमा वर्णन गरेका छन् ।

**चरी आयो** यस सङ्ग्रहको प्रथम कविता हो । एउटा सानो चरो कताबाट आयो र के खबर ल्यायो भन्दै कविले बाल बालिकालाई जिज्ञासु बनाउने काम गरेका छन् । **मक्मक घुर** शीर्षकको कविताले परेवा पन्छीको आनिबानीलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ भने **काका कौवा** शीर्षकको कविताले कागको सन्देश ल्याउने भावलाई प्रस्तुत गरेको छ । **ढुकु गर्न थाल्यो** ढुकुरलाई विषय वस्तु बनाएर रचिएको कविता हो भने **चिरबिर** शीर्षकको कविताले चराको आवाजलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **सानु चरी चाँचरी** शीर्षकको कविताले चराको आफ्ना साना साना बचरालाई चारो खुवाउने क्रियाकलापलाई प्रस्तुत गर्दै सन्तान प्रतिको ममताको भावलाई प्रस्तुत गरेको छ ।

**अहा ! मुजुर** यस सङ्ग्रहको उल्लेख्य कविता हो । मुजुरको नाच्ने कलालाई यस कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **मैना चरी** शीर्षकको कविताले मैना चरीको दिनचर्यालाई प्रस्तुत गरेको छ भने काफल पाक्यो शीर्षकको कविताले वनमा काफल पाकेको खबर चराले ल्याउने प्रसङ्गलाई यसरी प्रस्तुत गरेको छ :

"सुनाएर सबको कानमा
काफल चरी उड्यो बनमा
मीठो भाका उसले खोल्यो
नयाँ खबर दिई बोल्यो ।" (पृ. २७)

**कोइली भन्छ को हो ?** शीर्षकको कविताले कोइली चराको बोल्ने कलालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **नाच्यो जुरेली** शीर्षकको कविताले जुरेली चराको नाच्ने कलालाई प्रस्तुत गर्दै बाल बालिकालाई नाच्ने प्रेरणा दिएको छ । यसै गरी **डाँफे चरी, चरी बास्यो** र

**सुगा मागी खाँदैन** शीर्षकका कविता पनि चराका क्रियाकलापलाई नै विषय वस्तु बनाएर रचिएका कविता हुन् । यी कवितामा चराका बोली र नाच्ने कलालाई कविले आकर्षक ढङ्गमा प्रस्तुत गरेका छन् ।

### ४.४.१०.२ भाषाशैली

**चरी आयो** 'कृष्णप्रसाद पराजुली'द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता चरा सम्बन्धी भएकाले ज्यादै सरल छन् । मक्मक् घुर, ढुकुर कुर, चिर्र-चिर्र, चुर्र-चुर्र, चीँ-चीँ, चूँ-चूँ जस्ता शब्द र वर्णहरूको आवृत्तिले यी कवितालाई आकर्षक एवम् सरल बनाएका छन् :

"चिर्र-चिर्र, चुर्चुर
कति मीठो बोली
बोलीभन्दा झन् मीठो
मिलाएको लोली ।" (पृ. १९)

बाल बोलीका पापा, माम, चाचा, टिकी, जस्ता शब्दहरूको प्रयोगले यी कवितालाई झन् सरल बनाएका छन् :

"उहाँ पापा खायो
यहाँ माम खायो
उता गाजल लायो
यता टिकी लायो ।" (पृ. ८)

कविले सरल भन्दा सरल भाषाको छनोट गरेर कविताको रचना गरेकाले यी सम्पूर्ण कविता बाल सम्प्रेषणीय बनेका छन् । केही कविता प्रश्नात्मक शैलीमा पनि रचिएको कुरा यी पङ्क्तिले प्रष्ट पार्दछन् :

"अहाँ ! चरी आयो
कताबाट आयो ?
कहाँबाट आयो ?" (पृ. ५)

### ४.४.१०.३ लय

**चरी आयो** बाल कविता सङ्ग्रहभित्रका सबै कविता लयात्मक र गेयात्मक छन् । चराका यी कवितालाई गाउन र गुनगुनाउन सकिन्छ । सबै कविता गद्य र पद्य लयमा वद्ध छन् । अधिकांश कविता लोक लयमा रचिएका छन् भने केही कविता गद्य लयमा समेत

रचिएका छन् । वर्ण एवम् शब्दहरूको आवृत्तिले लय मिलाउन उल्लेख्य भूमिका खेलेको छ भने फुरुक्क, भुरुक्क, फुर्र, भुर्र, चिर्र, चुर्र जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई झन् लयात्मक बनाएको तथ्य निम्न पङ्क्तिले प्रष्ट पार्दछन् :

"चारा टिप्यो चुच्चाले चरी फुरुक्क
फुत्त-फुत्त उफ्रेर उड्यो भुरुक्क ।" (पृ. १८)

### ४.४.१०.४ शीर्षक

**चरी आयो** बाल कविता सङ्ग्रहभित्र 'चरी आयो', 'मक्मक् घुर', 'काका कौवा', 'ढुकु गर्न थाल्यो', 'चिरबिर', 'सानु चरी चाँचरी', 'अहा ! मुजुर', 'मैनाचरी', 'काफल पाक्यो', 'कोइली भन्छ को हो ?', 'नाच्यो जुरेली', 'सुगा मागी खाँदैन', 'चरी बास्यो' र 'डाँफे चरी' गरी १४ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । चराका विभिन्न जात र क्रियाकलाप अनि आनिबानीलाई कविताको विषय वस्तु बनाएर कविले शीर्षक चयन गरेका छन् । चराका क्रियाकलापमा समर्पित यी कविताको शीर्षक वस्तुपरक भएकाले उपयुक्त र सार्थक रहेको छ । चराका क्रियाकलाप र आवाजलाई शीर्षकले नै बोध गराएकाले बाल सम्प्रेषणमा सहजता थपेको छ । विष्मयादीबोधक चिन्ह र प्रश्नात्मक चिन्हको प्रयोगले कविताको शीर्षक आकर्षक बनेका छन् । सबै कविताको शीर्षक वस्तुपरक र छोटा छोटा भएकाले बाल रुचि र क्षमता अनुकूल बनेका छन् ।

### ४.४.१०.५ निष्कर्ष

**चरी आयो** 'कृष्णप्रसाद पराजुली'द्वारा रचिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका कविताले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिएका छन् । चराका यी कविता सरल सरस भएकाले बालप्रिय र मिठा बनेका छन् । विभिन्न जातका चराहरूको केन्द्रिकृत वर्णन निश्चय नै नेपाली बाल कविताका क्षेत्रमा यो नौलो प्रयोग हो । चराका पिर र व्यथा अनि उनीहरूको घरबारको कथालाई यस सङ्ग्रहका कविताले जस्ताको तस्तै प्रस्तुत गरेका छन् । कविताको भाषा वस्तुपरक र यथार्थ छ भने मौलिक अभिव्यक्तिले कवितालाई थप आकर्षक बनाएको छ । अन्त्यानुप्रासको कलात्मक संयोजनले यी कवितालाई लयात्मक र गेयात्मक बनाएको छ । कविताको शीर्षक चयन वस्तुपरक भएकाले सार्थक र औचित्यपूर्ण रहेको छ । समग्रमा चरी आयो बाल कविता सङ्ग्रहका सबै कविता बाल रुचि, क्षमता, इच्छा र तह अनुकूलका भएकाले बाल सम्प्रेषणीय, मिठा र लयात्मक छन् । यी

कविताले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिनुका साथै र ज्ञान सिपको बृद्धि गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् ।

**४.४.११ लालीगुराँस बाल कविता सङ्ग्रह**

**४.४.११.१ विषय वस्तु**

**लालीगुराँस** 'रुकु कार्की' द्वारा रचिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । बाल समाजका मानव, चराचुरुङ्गी, फुल, प्रकृति, जनावर, कलम, राष्ट्र आदिलाई विषय वस्तु बनाएर कविले यी कविताको रचना गरेका छन् । कवितामा चेतना स्वरहरू प्रस्टै आएका छन् भने नैतिक शिक्षा र आचरणका कुराहरू पनि प्रशस्त आएका छन् । यस सङ्ग्रहमा साना साना नानीहरूका लागि रचिएका २७ वटा छोटा छोटा बाल कविताहरू सङ्गृहीत गरिएका छन् ।

**अनगिन्ती तारा** यस सङ्ग्रहको पहिलो र उल्लेख्य कविता हो । आकाशका ताराहरूसँग हाम्रा बाल बालिकाहरूलाई तुलना गर्दै कविले धर्तीका ताराका रूपमा प्रस्तुत गरेका छन् । **चिरबिर भँगेरी, मैना चरी, आई जुरेली, डाँफे** र **मुनाल** शीर्षकका कवितामा चराचुरुङ्गीलाई विषय वस्तु बनाएर कविले चराहरूका क्रियाकलापलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **माली गाई, मेरो सानो सुरी** र **मुसा** आयो शीर्षकका कवितामा जनावरहरूका आचरणलाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ ।

**छोरीका कुरा** यस सङ्ग्रहहको उल्लेख्य कविता हो । छोरा र छोरी बिचको भेदभावलाई प्रस्तुत गर्दै कविले पढ्न नपाऐकी छोरीको बिलौनालाई कलात्मक पाराले अभिव्यक्त गरेका छन् । **म सानी छोरी** शीर्षकको कविताले पनि छोरीको बिलौनालाई प्रस्तुत गरेको छ भने **मुनु र बुनु** शीर्षकको कविताले बाखाको मुनुसँग बुनुलाई तुलना गरेको छ । बाल बालिकाहरूको साथीका रूपमा **कलम मेरो साथी** शीर्षकको कविताले कलमलाई प्रस्तुत गरेको छ ।

**हाम्रो सगरमाथा, मुटुभरि माया, मेरो गाउँ** र **शान्तिको सन्देश** शीर्षकका कविताले राष्ट्रप्रेमको भावलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । जहाँ गए पनि आफ्नै राष्ट्र प्यारो हुन्छ भन्ने कुरा कविताले प्रस्तुत गरेका छन् । **शरद् आयो** शीर्षकको कविताले शरद् ऋतुको कलात्मक वर्णन गरेको छ भने **झरना** प्रकृतिपरक कविता हो । नेपालका झरनाहरूको सुन्दर वर्णन यस कविताले गरेको छ । **दशैं आयो** शीर्षकको कविताले चाडपर्वमा हाम्रा नानीहरू कति रमाउँछन् भन्ने भावलाई प्रस्तुत गरेको छ । लालीगुराँस फुललाई विषय वस्तु

बनाएर रचिएको कविता हो । डाँडापाखामा फुलेर वातावरण रमाइलो बनाउने लालीगुराँस फुलको वर्णन यस कविताले गरेको छ । **हाम्री हजुरआमा** शीर्षकको कविताले हजुरआमाका बोली वचन र क्रियाकलापलाई उपदेशात्मक रूपमा प्रस्तुत गरेको छ । फुलबारीको महत्त्व र उपयोगितालाई **फूलबारी** शीर्षकको कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ भने **आँप पाके** फलफुललाई विषय वस्तु बनाएर रचिएको कविता हो । **हाँसिरहे जून** शीर्षकको कविताले जूनलाई बाल बालिकासँग तुलना गरेको छ । **साउने झरी** शीर्षकको कविताले झरी परेपछिको वातावरण कस्तो हुन्छ भन्ने भावलाई प्रस्तुत गरेको छ ।

**४.४.११.२ भाषाशैली**

**लालीगुराँस** कवि 'रुकु कार्की'द्वारा सरल र सहज भाषाशैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल भएकाले बालप्रिय र मिठा बनेका छन् । नुनु, बाबा, बुबु, नानी, पापा, चीची, राजा, रानी, आमा, आदि बाल बोलीका शब्दहरूको प्रयोगले यी कवितालाई सरल र सहज बनाएको कुरा यी पङ्गक्तिहरूले पुष्टि गरेका छन् :

"नुनु बाबा नुनु, गर्छ छुनुमुनु
नानी मेरो ज्ञानी, मायाको छ खानी ।" (पृ. २८)

न-न, म-म, छ-छ, चिर्बिर-चिर्बिर, चकचक-चकचक आदि वर्ण र शब्दरुको आवृत्तिले कवितालाई आकर्षक बनाएका छन् :

"चिर्बिर-चिर्बिर भँगेरी
खेल्छ नाच्छ दिनभरि ।" (पृ. ६)

मौलिक र वस्तुपरक अभिव्यक्तिले यी कविता बाल सम्प्रेषणीय र आकर्षक बनेका छन् । केही कविता प्रश्नात्मक शैलीमा पनि रचिएका छन् । पानी, माटो, तारा, ज्ञानी, गर्छ, हिमाल आदि ठेट नेपाली शब्दहरूको प्रयोगले कवितालाई रमाइला र आकर्षक बनाएका छन् भने संस्कृत र अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोगले कवितालाई बाल सम्प्रेषणीय बनाएका छन् ।

**४.४.११.३ लय**

**लालीगुराँस** लयात्मक बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता पद्य र गद्य लयमा बद्ध छन् । अधिकांश कविता १०, १२, १४ र १६ अच्छेरे लोक लयमा वद्ध छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । टललल, झललल, सररर, हररर, चुर्र,

फुर्र जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई लयात्मक र गेयात्मक बनाएका छन् । जस्तै :

"उत्तर राम्रो हिमचुली टललल टल्क्यौ

जून-घाम रमाउँदा झललल-झल्क्यो ।" (पृ. १६)

### ४.४.११.४ शीर्षक

**लालीगुराँस** बाल कविता सङ्ग्रहभित्र 'अनगिन्ती तारा', 'चिरबिर भँगेरी', 'मुनु-बुनु', 'म सानी छोरी', 'कलम मेरो साथी', 'शान्तिको सन्देश', 'हामी साना नानी', 'साउने झरी', 'शरद आयो', 'हाम्री हजुरआमा', 'हाम्रो सगरमाथा', 'मुटुभरि माया', 'मैना चरी', 'फूलबारी', 'झरना', 'मेरो गाउँ', 'दशैँ आयो', 'लालीगुराँस', 'हाँसिरहे जून', 'मूसा आयो', 'आई जुरेली', 'आँप पाके', 'नुबु बाबा', 'माली गाई', 'मेरो सानो सुरी', 'डाँफे र मुनाल' र 'छोरीका कुरा' गरी २७ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । बाल बालिकाले देखेका र जानेका विषयमा नै कविताको शीर्षक निर्माण भएको छ । सबै शीर्षक छोटा छोटा र बस्तुपरक छन् । शीर्षकले नै कविताभित्रको विषय बोध प्रष्ट रूपमा गरेकाले बाल सम्प्रेषणमा सहजता भएको छ । एकदेखि तिन सम्मका शब्दहरूको संयोजनबाट कविताको शीर्षक निर्माण भएको छ । बाल सम्प्रेषणमा प्रशस्तै ख्याल गरेकाले यी सम्पूर्ण शीर्षक उपयुक्त र सार्थक रहेका छन् ।

### ४.४.११.५ निष्कर्ष

**लालीगुराँस** विविध विषय वस्तुमा रचिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । बाल परिचित वस्तुहरू नै कविताको विषय रहेका छन् । कविताले बाल बालिकालाई मनोरञ्जन दिने र ज्ञान र चेतनाको बृद्धि गर्ने कार्य प्रशस्तै गरेका छन् । कविताको लय मिलाउन वर्ण र शब्दहरूकै आवृत्तिमा कविले जोड दिएको कुरा कविताका पङ्क्तिहरूले पुष्टि गरेका छन् भने अन्त्यानुप्रासको कलात्मक संयोजनले यी कविता लयात्मक र गेयात्मक बनेका छन् । कविताको शीर्षक वस्तुपरक छ । शीर्षकले नै कविताको विषयलई प्रष्ट पारेको छ । कविताभित्र नजानिदो पाराले चेतनाका स्वरहरू आएका छन् । समग्रमा **लालीगुराँस** बाल कविता सङ्ग्रहका सबै कविता बाल रुचि, क्षमता र इच्छा अनुकूलका भएकाले बाल सम्प्रेषणीय र मिठा छन् । यी कविताले बाल बालिकाको ज्ञान र चेतना विकास गर्ने कार्यमा उल्लेखनीय भूमिका खेलेका छन् ।

### ४.४.१२ तिरमिर तारा बाल कविता सङ्ग्रह

### ४.४.१२.१ विषय वस्तु

**तिरमिर तारा** 'सिद्धिचरण श्रेष्ठ'को लोकप्रिय बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा साना साना नानीहरूका लागि लेखिएका १९ वटा बाल कविताहरू सङ्गृहीत गरिएका छन् । कविले बाल भावनालाई बुझेर उनीहरूको रुचि अनुकूलका कविताको सिर्जना गरेका छन् । बाल समाजका प्रकृति, फुल, पुतली, जनावर, चराचुरुङ्गी, राष्ट्र, आमा आदिलाई कविले कविताको विषय वस्तु बनाएर बाल बालिकालाई मनोरञ्जन दिन र ज्ञान सिपको बृद्धि गर्न यी कविताको रचना गरेका छन् । कविले विषयमाथिको पकड, प्रस्तुतिको मौलिकता,रोचकता र भाषिक मिठासलाई एकसाथ प्रस्तुत गरेका छन् । बाल बालिका असल, ज्ञानी, परिश्रमी र अध्ययनशील भइदिउन् भन्ने कवि इच्छा कवितामा प्रष्टै आएको छ ।

यस बाल कविता सङ्ग्रहका **बुद्धिमान काग, फटाहा गोठालो** र **कमिलाको कथा** गरी तिनवटा बाल कवितामा नेपाली बाल समाजमा प्रचलित लोक कथालाई कवितात्मक रूप दिइएको छ । गाग्राको तल्लो भागमा रहेको पानी खान कागले गाग्रामा ढुङ्गा हाली अन्त्यमा पानी खान सफल भएको कथालाई **बुद्धिमान काग** शीर्षकको कविताले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **तिरमिर तारा** शीर्षकको कविताले आकाशका तारासँग बाल बलिकालाई तुलना गर्दै आकाशका तारा भन्दा धर्तीका बाल ताराको महत्त्वलाई प्रस्तुत गरेको छ । **आमा** शीर्षकको कविताले सन्तानप्रतिको आमाको ममतालाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । तोरी फुल्दाको रमाइलो वातावरणलाई **तोरीबारी** नामक कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ भने **असिना** प्रकृतिपरक कविता हो । असिना परेर किसानको बाली नष्ट भएको अनि उसको पारिवारिक दुःख आएको भाव यस कविताले प्रस्तुत गरेको छ ।

बाल बालिका असल, ज्ञानी र परिश्रमी भइदिऊन् भन्ने कवि इच्छा **स्वाबलम्बन** शीर्षकको कवितामा प्रकट भएको छ । **किताब** शीर्षकको कविताले ज्ञान र सिपको बृद्धि गर्ने कार्यमा किताबको भूमिकालाई प्रष्ट पारेको छ भने **आह्वान** शीर्षकको कवितामा युग कवि श्रेष्ठ युगकै आह्वान गर्दछन् । जीर्ण, थोत्रो र भत्किएको युगलाई हामी सबै मिलेर नयाँ संसारमा रूपान्तरण गर्नुपर्छ भन्ने भाव यस कविताले प्रकट गरेको छ । **सयपत्री** शीर्षकको कविता फुललाई विषय वस्तु बनाएर रचिएको कविता हो । **पाठी** शीर्षकको कविताले

बाखाको पाठीको चञ्चलेपनलाई प्रस्तुत गरेको छ । आँखाको महत्त्वलाई **आँखा** शीर्षकको कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**भाइ-बहिनी** र **नानी** यस सङ्ग्रहका उल्लेख्य कविता हुन् । साना साना नानीहरूलाई कविताको विषय वस्तु बनाएर कविले उनीहरूलाई असल शिक्षा दिएर ज्ञानी बनाउनुपर्छ भन्ने भावलाई यी कवितामा प्रस्तुत गरेका छन् । **छात्र गीत** शीर्षकको कवितामा बाल बालिकाको महत्त्वाकांक्षी भावलाई कविले सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन् । पढिरहेछौँ हामी शीर्षकको कविताले पढी, गुनी असल बनेर राष्ट्रसेवा गर्ने बाल बालिकाको लक्ष्यलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

### ४.४.१२.२ भाषाशैली

**तिरमिर तारा** कविवर 'सिद्धिचरण श्रेष्ठ'द्वारा सरल एवम् सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता सरल र सहज एकाले बाल प्रिय र मिठा बनेका छन् । झारझुर, तारतुर, फारफुर, छारछुर, चहारूँ, बढारूँ, साँचूँ, बाँचूँ आदि अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कविता आकर्षक र सरल बनेका छन् । जस्तै :

"फूल र पात झार्दै झारझुर-झारझुर
अशिना बस्र्यो सबतिर तारतुर-तारतुर ।" (पृ. १३)

मौलिक र वस्तुपरक अभिव्यक्तिले यी कवितालाई आकर्षक बनाएको छ । पापा, बाबा, नानी, राजा, चाचा, पुतली, रानी, मुनु, बनु जस्ता बाल बोलीका शब्दहरूको प्रयोगले कवितालाई झन् सरल बनाएका छन् :

"मेरो बाबा मेरी नानी
यौटा राजा यौटी रानी ।" (पृ. ८)

अधिकांश कविता मौलिक र वस्तुपरक शैलीमा रचिएका छन् भने केही कविता प्रश्नात्मक शैलीमा पनि रचिएका छन् :

"कैले बाको जुँगा तानी
भन्छन् यस्तो मेरो खोइ नि ?" (पृ. ९)

### ४.४.१२.३ लय

'सिद्धिचरण श्रेष्ठ' को **तिरमिर तारा** लोकप्रिय बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै कविता लयात्मक भएकाले बालप्रिय र मिठा बनेका छन् । यी सबै

कवितालाई लय हालेर गाउन र गुनगुनाउन सकिन्छ । अधिकांश कविता ८, १०, १२ र १४ अच्छेरे लोक लयमा बद्ध छन् भने केही कविता गद्य लयमा समेत रचिएका छन् । साँचूँ, बाँचूँ, सरसर, फरफर, झर्को, अर्को, किताब, सखाप आदि जस्ता अन्त्यानुप्रासको सबल संयोजन गरेर कविले यी कवितालाई लयात्मक बनाएको तथ्य यी पङ्गक्तिले पुष्टि गर्दछन् :

"सधैँ नमानकी कन कत्ति झर्को
दिन्छौ बताइकन ज्ञान अर्को ।" (पृ. १७)

"जम्मा गरीकन धूलो घरबार साँचूँ,
यौटा किताब-टुकुरा लिई वेद बाँचूँ ।" (पृ. १२)

अनुकरणात्मक शब्दहरूको प्रयोग र वर्ण एवम् शब्दहरूको आवृत्तिले यी कवितालाई झन् लयात्मक र गेयात्मक बनाएको छ ।

### ४.४.१२.४ शीर्षक

**तिरमिर तारा** बाल कविता सङ्ग्रहभित्र 'तिरमिर तारा', 'आमा', 'भाइ-बहिनी', 'आँखा', 'तोरीबारी', 'असिना', 'आमा ! म बालक बनूँ', 'स्वावलम्बन', 'नानी', 'पुतली', 'किताब', 'आह्वान', 'बुद्धिमान काग', 'फटाहा गोठालो', 'भँगेरा र कमिलाको कथा', 'पढिरहेछौँ हामी', 'पाठी', 'सयपत्री' र 'छात्रगीत' गरी १९ शीर्षकका बाल कविताहरू सङ्गृहीत गरिएका छन् । कविताको शीर्षक बाल बालिकाले देखेका र सुनेकै विषयमा निर्माण भएको छ । केही शीर्षकहरूको बनौट लामो र जटिल भए पनि कविताको भाव अनुकूल नै देखिन्छ । अधिकांश शीर्षक वस्तुपरक छन् । शीर्षकले नै कविताको विषयलाई प्रष्ट पारेका छन् । त्यसैले **तिरमिर तारा**का सम्पूर्ण कविताको शीर्षक सार्थक र उपयुक्त छन् ।

### ४.४.१२.५ निष्कर्ष

**तिरमिर तारा** कविवर 'सिद्धिचरण श्रेष्ठ'को लोकप्रिय बाल कविता सङ्ग्रह हो । बाल समाजका विविध विषयलाई कविले कविताको विषय वस्तु बनाएका छन् । यस सङ्ग्रहका १९ वटा कविताले बाल बालिकालाई मनोरञ्जन दिनाका साथै ज्ञान र सिपको बृद्धि गर्न प्रशस्तै सन्देश दिएका छन् । केही कविताको विषय लोक कथालाई बनाइए पनि कवितात्मक शैली उत्कृष्ट देखिन्छ । कविताको भाषा सरल र सहज भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । केही कविता लामा भए पनि बाल रुचि अनुकूल नै छन् । वर्ण र शब्दहरूको

पुनरावृत्तिले कवितालाई लयात्मक बनाएका छन् भने अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई झन् रमाइला र आकर्षक बनाएका छन् । **तिरमिर तारा**का सम्पूर्ण कविता आकाशका तारा जस्तै चम्किला भएकाले बाल बालिका प्रिय, मिठा, लयात्मक र सम्प्रेषणीय छन् । यी कविताले बाल चेतना र ज्ञानको विकासमा उल्लेख्य भूमिका खेलेका छन् । कविले बाल भावनालाई बुझेर उनीहरूको रुचि, इच्छा र क्षमता अनुकूल कविताहरू सिर्जना गरेकाले यी कविता बालप्रिय र उत्कृष्ट बनेका छन् । बाल चेतना विकासमा यस सङ्ग्रहका कविताले उल्लेखनीय भूमिका खेलेका छन् ।

### ४.४.१३ तारामण्डल बाल गीत सङ्ग्रह

#### ४.४.१३.१ विषय वस्तु

**तारामण्डल** 'कृष्णप्रसाद पराजुली'द्वारा रचिएको उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहलाई रत्न पुस्तक भण्डारले वि.सं. २०६४ मा पहिलोपटक प्रकाशन गरेको छ । तारामण्डलभित्र बाल समाजका जनावर, मानव, राष्ट्र, चराचुरुङ्गी, चाडपर्व, शहर, प्रकृति, आदिका भावपरक गीतहरू सङ्गृहीत गरिएका छन् । कविले बाल भावनालाई बुझेर उनीहरूको रुचि अनुकूलका गीतहरू सिर्जना गरेका छन् ।

**हाम्री आमा** यस सङ्ग्रहको प्रथम र उल्लेख्य गीत हो । जन्म दिने आमालाई धर्ती आमासँग तुलना गर्दै कविले राष्ट्र सेवाको भावलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **हात्ती, आयो माली गाई, म्याँम्याँम्याँ,** र **कुकर किन भुक्छ** ? शीर्षकका गीतमा जनावरहरूलाई गीतको विषय वस्तु बनाएर जनावरहरूका बोली र व्यवहारलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **अनार** शीर्षकको गीतले फलफुलको महत्त्वबारे प्रष्ट पारेको छ भने **बादल** प्रकृतिपरक गीत हो । **हाम्रा बालतारा** शीर्षकको गीतले धर्तीका ताराका रूपमा बाल बालिकाहरूलाई प्रस्तुत गर्दै शिक्षारूपी उज्यालो ज्ञान दिएर उनीहरूलाई धर्तीमा चम्काउनु पर्दछ भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**देश हाम्रो नेपाल** यस सङ्ग्रहको उल्लेख्य गीत हो । कविले गीतको विषय वस्तु राष्ट्रलाई बनाएर राष्ट्रप्रेमको भाव यस गीतमा छताछुल्ल पोखेका छन् । **पुल छैन के गर्नु,** शीर्षकको गीतले खोलामा पुल नभएका कारण गाउँघरका बाल बालिकाहरू पढ्नबाट बञ्चित भएको कुरालाई यसरी प्रस्तुत गरेको छ :

"स्कुल जाने बेलामा किताब हाल्यौँ, झोलामा
पुल छैन के गर्नू तर्नुपर्छ खोलामा ।" (पृ. १८)

**चरी** शीर्षकको गीतले जङ्गलमा गुँड लाएर बस्ने चराको दिनचर्यालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **हाम्रो मामाघर** शीर्षकको गीतले बाल बालिका मामाघर जान कति रमाउँछन् भन्ने भावलाई सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ । **काँक्राफर्सी रोप** शीर्षकको गीतले काम गरे मात्र खान पाइन्छ भन्ने कुरालाई प्रस्तुत गरेको छ । **कुरा होइन काम** शीर्षकको गीतले ठगेर खाने मान्छेहरूको प्रवृत्तिलाई कलात्मक ढङ्गले व्यङ्ग्य गरेको छ । **बाटो काटौं** शीर्षकको गीतले व्यस्त सडकमा कसरी बाटो काट्ने भन्ने कुरालाई प्रस्तुत गरेको छ । **अहा ! ताराबाजी** शीर्षकको गीत बाल बालिकाको खेल सम्बन्धी गीत हो । बाल बालिका खेल्न कति रमाउँछन् भन्ने भावलाई यस गीतले सुन्दर रूपमा वर्णन गरेको छ ।

**दशैं आयो** र **तिहारको भैलो** चाडवाडलाई विषय वस्तु बनाएर रचिएका गीत हुन् । हाम्रा नानीहरू चाडपर्वमा कति रमाउँछन् भन्ने कुरालाई यी गीतले प्रष्ट पारेका छन् । घण्टाघर शीर्षकको गीतले काठमाडौंको मुटुमा रहेको घण्टाघरको सुन्दर वर्णन गरेको छ भने **ठूली वनमा** शीर्षकको गीतले पढ्ने बेलामा घाँस, दाउरा काट्नुपर्ने छोरीको बिलौनालाई प्रस्तुत गरेको छ । **अब चिनें** शीर्षकको गीतले रेडियोको आवाजलाई सुन्दर रूपमा वर्णन गरेको छ ।

**४.४.१३.२ भाषाशैली**

**तारामण्डल** 'कृष्णप्रसाद पराजुली'द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल कविता सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत सरल र सरस भएकाले बाल बालिका प्रिय र मिठा छन् । अहा !, ए !, जस्ता विष्मयादीबोधक शब्दहरूको प्रयोगले गीतलाई आकर्षक बनाएको छ भने आमा, बाबा, नाना, बुबु, पापा आदि बाल बोलीका शब्दहरूको प्रयोगले गीतलाई सरल र सहज बनाएका छन् :

"आमा दिन्छिन् खाना
बाबा दिन्छन् नाना
हुन्नौं मान्छे साना
हाम्रो आफ्नै बाना ।" (पृ. ५)

छुट्टी, भुट्टि, खुट्टी, सुर्लुक्क, बुर्लुक्क, पाङ्ग्रे, च्याङ्ग्रे जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी कविता झन् सरल र आकर्षक बनेको कुरा यी पङ्क्तिले प्रष्ट पार्दछन् :

"आज हाम्रो छुट्टी, खाने मकै भुट्टि
दह्रिला छन् खुट्टी चाहिन्न है लट्ठी ।" (पृ. १३)

सरल र सहज विम्ब र प्रतीकको प्रयोगले यी गीतलाई बाल सम्प्रेषणीय बनाएको छ । अधिकांश गीत वस्तुपरक शैलीमा रचिए पनि केही गीत प्रश्नात्मक शैलीमा पनि रचिएका छन् । जस्तै :

"चरीले वनमा के खान्छ ?

रातमा उडी काँ जान्छ ?

कनिका केही छरूँ कि ?

म पनि कुरा गरुँ कि ?" (पृ. २२)

### ४.४.१३.३ लय

**तारामण्डल** लयात्मक बाल गीतहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत लयात्मक, मिठा र रसिला बनेका छन् । यी गीतलाई भाका हालेर गाउन र गुनगुनाउन सकिन्छ । छुट्टी, भुट्टि, खुट्टी, सुर्लुक्क, बुर्लुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी गीतलाई लयात्मक र गेयात्मक बनाएका छन् भने नेपाल, विशाल, कर्णाली, द्यौराली, घाममा, काममा, झोलामा, खोलामा, खान्छ, जान्छ थरीको चरीको आदि जस्ता अन्त्यानुप्रासको कलात्मक संयोजनले यी गीतलाई झन् लयात्मक बनाएको कुरा यी पङ्गक्तिले प्रस्ट पार्दछन् :

"वर्सातको यामम‍ा, पुस-माघको घाममा

पढ्नै पर्दछ राम्ररी, हट्नु हुन्न काममा ।" (पृ. १८)

गीतको लय मिलाउन कविले म-म, न-न, छ-छ, चिर्बिर-चिर्बिर, म्याँ-म्याँ, का-का जस्ता वर्ण र शब्दहरूको आवृत्ति गरेका छन् । अधिकांश गीत, ८, १०, १२, १४ र १६ अच्छेरे लोक लयमा बद्ध छन् भने केही गीत गद्य लयमा समेत रचिएका छन् ।

### ४.४.१३.४ शीर्षक

**तारामण्डल** बाल गीत सङ्ग्रहभित्र 'हाम्री आमा', 'हात्ती', 'अनार', 'जून झुल्की आयो', 'हाम्रा बालतारा', 'बादल', 'अब चिनें', 'आज हाम्रो छुट्टी', 'देश हाम्रो नेपाल', 'म्याँम्याँम्याँ', 'पुल छैन के गर्नु', 'फल खाँदा बल बढ्छ', 'चरी', 'हाम्रो मामाघर', 'आयो माली गाई', 'काँक्राफर्सी रोप', 'बाटो काटौं', 'कुकुर किन भुक्छ ?', 'कुरा होइन काम', 'चरीका छुनुमुनु आँखा', 'दशैं आयो', 'अहा ! ताराबाजी', 'तिहारको भैलो', 'ठूली वनमा', 'घण्टाघर' र 'एक दानु स्याउ' गरी २६ शीर्षकका बाल गीतहरू सङ्गृहीत गरिएका छन् । प्रश्नात्मक अनि विष्मयादीबोधक चिन्हको प्रयोगले शीर्षक आकर्षक बनेका छन् । जनवार,

चाडपर्व आदिका वस्तुपरक शीर्षक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । सबै शीर्षकले विषय वस्तुको बोध गराएकाले बाल मस्तिष्कमा सहजै अटाउन सक्ने सरल शीर्षक रहेका छन् । केही शीर्षक गीतको भाव अनुकूल भए पनि बाल सम्प्रेषणमा सहायता नै पुगेको छ । एकदेखि चारसम्मका शब्दहरूको संयोजनबाट शीर्षक चयन भएको छ । यी गीतका सबै शीर्षकले विषय वस्तुको बोध गराएकाले सार्थक र औचित्यपूर्ण शीर्षक रहेका छन् ।

**४.४.१३.५ निष्कर्ष**

**तारामण्डल** 'कृष्णप्रसाद पराजुली' द्वारा साना साना नानीहरूको प्रयोजनका लागि लेखिएको २६ वटा छोटा छोटा बाल गीतहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत मिठा र लयात्मक भएकाले बालप्रिय बनेका छन् । बाल परिचित विषय नै गीतमा आएको छ, जसले बाल सम्प्रेषणमा सहजता थपेको छ । गीतभित्र चेतनाका स्वरहरू प्रशस्तै आएका छन् । गीतको लय मिलाउन गरेको कविको प्रयास उल्लेख्य पक्ष हो, जसले कवितालाई सरल र सरस बनाएको छ । गीतको शीर्षक चयन वस्तुपरक छ, जसले गर्दा बाल सम्प्रेषणमा सहजता पुऱ्याएको छ । गीतको भाषा र शैली वस्तुपरक र मौलिक भएकाले यी गीत सरल र मिठा बनेका छन् । बाल बालिका परिश्रमी, अध्ययनशील र ज्ञानी बनून् भन्ने कवि इच्छा गीतमा प्रस्टै झल्किन्छ । बाल भावना, रुचि र इच्छा अनुकूलका गीतहरूको सिर्जना गरी बाल बालिकालाई मनोरञ्जन दिने र ज्ञान सिपको बृद्धि गर्ने कार्यमा यस सङ्ग्रहका गीतले उल्लेख्य भूमिका खेलेका छन् । समग्रमा **तारामण्डल** बाल गीत सङ्ग्रहका सबै गीत आकाशका तारा जस्तै चम्किला, लयात्मक र मिठा भएकाले बालप्रिय बनेका छन् ।

**४.४.१४ सुनाखरी बाल गीत सङ्ग्रह**

**४.४.१४.१ विषय वस्तु**

**सुनाखरी** 'ध्रुवकृष्ण दीप' द्वारा रचित उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहमा छोटा छोटा २० वटा बाल गीतहरू सङ्गृहीत छन् । चराचुरुङ्गी, जनावर, मानव, माहुरी, आदि विषय वस्तुमा कविले यी गीतको रचना गरेका छन् । बाल बालिकालाई चेतनशील र जागरुक बनाउन यी गीतले उल्लेख्य भूमिका खेलेका छन् । परिश्रम गरेर खानुपर्छ भन्ने भाव यस सङ्ग्रहका गीतले प्रस्तुत गरेका छन् ।

**चिनारी गीत** यस सङ्ग्रहको पहिलो गीत हो । पञ्चेवाजा, सगरमाथा र राजालाई यो गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । दिनुलाई सबै भन्दा ठुलो धर्म मान्दै मनलाई स्वर्गका रूपमा यस गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । चरादेखेपछि बाल बालिका कति रमाउँछन् भन्ने भावलाई **आइज चरी** शीर्षकको गीतले प्रस्तुत गरेको छ । **काग** शीर्षकको गीतले कागले आफ्नै नाम काटेर बोल्ने कलालाई प्रस्तुत गरेको छ । **मेरो च्यान्टे घोडा, खरायो, सुइँखुट्टे मुसो** र **बच्चा सबै राम्रो** शीर्षकको गीतले जनावरहरूका क्रियाकलाप र आवाजलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **रातो भाले** शीर्षकका गीतले भालेको बोल्ने कलालाई प्रस्तुत गरेको छ । **ढिकी** शीर्षकको गीतले परिश्रम गरेर खानुपर्दछ भन्ने भावलाई यसरी प्रस्तुत गरेको छ :

“दसै नङ्ग्रा खियाउँछु
आफ्नै माना खान्छु
पसिना बगाउँछु
यसैमा रमाउँछु ।” (पृ. १९)

**माहुरी** शीर्षकको गीतले अर्काले परिश्रम गरेर फलाएको फललाई लुटेर खानुहुन्न भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **तिम्रै गीत** शीर्षकको गीतमा बाल बालिकाको चञ्चले पनलाई प्रस्तुत गरिएको छ भने **झरी गीत** पानी पर्दाको रमाइलो वातावरणलाई प्रस्तुत गरेर रचिएको गीत हो । **आफ्नो आफ्नो बोली** शीर्षकको गीतले जनावरहरूका आवाजलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गरेको छ । **झिँगा** शीर्षकको गीतले फोहोरी पनालाई घृणा गर्दै स्वस्थ्य रहन सफा खाना खानु पर्दछ भन्ने भावलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । **मीठो बोल्ने नानीलाई** शीर्षकको गीत बाल बालिकालाई विषय वस्तु बनाएर रचिएको गीत हो । राम्रो कुरा बोल्ने मान्छेमात्र असल हुन्छ भन्ने कुरालाई यस गीतले प्रस्तुत गरेको छ ।

**भँगेरी** शीर्षकको गीतले भँगेराको चर्चा गर्दै बचरालाई चारा खुवाउने उसको कलालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **बेलुन** शीर्षकको गीतमा बेलुनलाई बाल बालिका रूँदा फुल्याउने खेलौनाका रूपमा प्रस्तुत गरिएको छ भने **आज शनिवार** शीर्षकको गीतमा छुट्टिका दिन बाल बालिका मिलेर खेल्नुपर्दछ भन्ने भावलाई प्रस्तुत गरिएको छ । **जुनेली गीत** आकाशको जूनलाई विषय बनाई रचिएको गीत हो । जून लाग्दाको रमाइलो बातावरणलाई यस गीतले सुन्दर ढङ्गमा प्रस्तुत गरेको छ । **तिम्रो नाम के ?** प्रश्नोत्तरात्मक

शैलीमा लेखिएको उत्कृष्ट बाल गीत हो । यस गीतमा सबै मिलेर खेल्नु पर्दछ अनि धेरै पढेर ज्ञानि भई राष्ट्रसेवा गर्नु पर्दछ भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ ।

**४.४.१.४.२ भाषाशैली**

**सुनाखरी** 'ध्रुवकृष्ण दीप'द्वारा सरल र सहज भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत सरल र सरस भएकाले बालप्रिय र मिठा छन् । यी गीतलाई सरल बनाउन कविले नानी, बाबा, आमा, चाचा, पापा जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेका छन् :

"मीठो बोल्ने नानीलाई सबले माया गर्छन्
तीतो बोल्ने नानीलाई कल्ले यहाँ टेर्छ ।" (पृ. २४)

यस सङ्ग्रहका गीतलाई सरल बनाउन कविले भुनु-भुनु, भन-भन, डुली-डुली, चिर्र-चिर्र, फुर्लङ-फुर्लङ जस्ता शब्दहरूको आवृत्ति गरेका छन् :

"रातो भाले फुर्लुङ-फुर्लुङ फुर्ती गरी हिँड्छ
आफ्नै छाया देखे पनि खुबै घुरी हेर्छ ।" (पृ. १४)

गीतको भाषा वस्तुपरक भएकाले यी गीत बाल सम्प्रेषणीय बनेका छन् भने मौलिक अभिव्यक्तिले गीतलाई झन् सरल बनाएको छ । भाले, चरी, खरायो, झिँगा, ढिकी, माहुरी जस्ता सरल विम्ब र प्रतीकले गीतलाई बालप्रिय बनाएका छन् । केही गीत प्रश्नोत्तरात्मक शैलीमा पनि रचिएका छन् । जस्तै :

"तिम्रो नाम के ?
मेरो नाम विष्णु ।" (पृ. १०)

**४.४.१४.३ लय**

**सुनाखरी** 'ध्रुवकृष्ण दीप' द्वारा सरल र सरस भाषा र शैलीमा लेखिएको लयात्मक बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत पद्य र गद्य लयमा बद्ध छन् । गीतको लय मिलाउन किवले का-का, जा-जा, छ-छ, म-म, भुनु-भुनु, डुली-डुली जस्ता वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएका छन् :

"का-का-का
कति का-का
नकरा धेरै
जा-जा-जा ।" (पृ. १२)

अधिकांश गीत ८, १०, १२ र १४ अच्छेरे लोक लयमा रचिएका छन् भने केही गीत गद्य लयमा पनि रचिएका छन् । यी गीतलाई भाका हालेर गाउन सकिने भएकाले बालप्रिय र मिठा बनेका छन् । अन्त्यानुप्रासको कुशल संयोजन गरेर कविले गीतलाई झन् लयात्मक र आकर्षक बनाएका छन् ।

### ४.४.१४.४ शीर्षक

'ध्रुवकृष्ण दीप'को **सुनाखरी** बाल गीत सङ्ग्रहमा 'चिनारी गीत', 'आइज चरी', 'सुइँखुट्टे मुसो', 'तिम्रो नाम के ?', 'जुनेली गीत', 'काग', 'आज शनिवार', 'खरायो', 'रातो भाले', 'बेलुन', 'भँगेरी', 'माहुरी', 'ढिकी', 'तिम्रै गीत', 'झरी गीत', 'झिँगा', 'आफ्नो-आफ्नो बोली', 'मेरो च्यान्टे घोडा', 'मीठो बोल्ने नानीलाई', 'बच्चा सबै राम्रो' गरी २० शीर्षकका बाल गीतहरू सङ्गृहीत गरिएका छन् । यी शीर्षक बाल बालिकालाई जिज्ञासु र उत्सुक बनाउने खालका छन् । प्रश्नात्मक शीर्षक निर्माणले गीतलाई आकर्षक बनाएको छ । अधिकांश गीतको शीर्षक वस्तुपरक भए पनि केही गीतको शीर्षक भावअनुकूल रहेको छ । शीर्षकले नै विषय वस्तुको बोध गराएकाले यी सम्पूर्ण गीतको शीर्षक सार्थक, उपयुक्त र औचित्यपूर्ण रहेका छन् । बाल परिचित विषय नै गीतको शीर्षक भएकाले बाल गीतको सम्प्रेषणमा सहजता भएको छ ।

### ४.४.१४.५ निष्कर्ष

'ध्रुवकृष्ण दीप' द्वारा रचित **सुनाखरी** उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत मिठा, रसिला र लयात्मक छन् । बाल बालिकाले देखेका, सुनेका र भोगेकै विषय वस्तुमा यी गीतको रचना भएको छ । गीतको भाषा सरल भएकाले बाल सम्प्रेषणीय बनेका छन् । वस्तुपरक र मौलिक अभिव्यक्तिद्वारा कविले यी गीतलाई बाल प्रिय बनाएका छन् । बाल बालिकालाई मनोरञ्जन दिन र ज्ञान चेतनाको विकास गराउने कार्यमा यस सङ्ग्रहका गीतले उल्लेख्य भूमिका खेलेका छन् । वर्ण एवम् शब्दहरूको आवृत्तिले यी गीतलाई लयात्मक र गेयात्मक बनाएको छ । गीतको शीर्षक वस्तुपरक भएकाले बाल रुचि, इच्छा र क्षमता अनुकूल नै शीर्षक निर्माण भएको देखिन्छ । ढिकी, आइज चरी, भँगेरी, झरी गीत र माहुरी शीर्षकका गीत अन्यका तुलनामा बाल प्रिय र स्तरीय छन् । गीतभित्र बाल बालिका परिश्रमी, अध्ययनशील र ज्ञानी बनून् भन्ने कवि इच्छा प्रस्टै आएको छ । समग्रमा **सुनाखरी** बाल गीत सङ्ग्रहका सबै गीत सरल, सरस र मिठा भएकाले बाल बालिका प्रिय र उत्कृष्ट छन् । यी गीतले बाल चेतनाको विकास गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् ।

### ४.४.१५ चहचह बाल गीत सङ्ग्रह

### ४.४.१५.१ विषय वस्तु

**चहचह** 'भारद्वाज मित्र'द्वारा रचिएको लोकप्रिय बाल गीत सङ्ग्रह हो । यसमा २४ वटा छोटा छोटा बाल गीतहरू सङ्गृहीत गरिएका छन् । यस सङ्ग्रहमा कविले बाल समाजका विविध विषय वस्तुलाई समेटेर गीतको रचना गरेका छन् । यसमा राष्ट्रप्रेमका गीत छन्, चराचुरुङ्गीका गीत छन्, खेल सम्बन्धी गीत छन् अनि प्रकृति र मानवका गीत छन् । कविले बाल भावना र क्षमतालाई ख्याल गरेर गीतको रचना गरेकाले यी सम्पूर्ण गीत बालप्रिय बनेका छन् ।

**संसार भोलि तिम्रै हो** यस सङ्ग्रहको पहिलो र उल्लेख्य गीत हो । कविले बालकलाई विषय बनाएर उसको महत्त्वाकांक्षी लक्ष्यलाई कलात्मक पाराले यस गीतमा प्रस्तुत गरेका छन् । **चन्द्रमाको फूल बनाई** शीर्षकको गीतले चन्मद्रमाको सुन्दर वर्णन गरेको छ भने **खेलौँ खेलौँ पुतली** खेलौनालाई विषय वस्तु बनाएर रचिएको गीत हो । खेलौनाको निर्जीव पनालाई यस गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **हामी सबै ज्ञानी छौँ** शीर्षकको गीतले असल, ज्ञानी बन्न राम्रो पढ्नु पर्दछ भन्ने भावलाई प्रस्तुत गरेको छ । **माया गर्न सबै**लाई शीर्षकको गीतले फुलबारीमा डुलेर फुलको रस चुस्ने पतुलीको क्रियाकलापलाई सुन्दर रूपमा वर्णन गरेको छ । **अब भुलेछौँ** शीर्षकको गीतले आफ्ना आमा र बुबालाई आमा र बुबा नभनी ड्याडी, मम्मी भन्ने आधुनिक संस्कारलाई कलात्मक रूपमा व्यङ्ग्य गरेको छ ।

**माटोलाई माया गर्न** यस सङ्ग्रहको उल्लेख्य गीत हो । यस गीतमा राष्ट्रप्रेमको भाव छताछुल्ल पोखिएको छ । **डण्डीबियो बाईबाई** बाल बालिकाको खेल सम्बन्धी गीत हो । **आँखा छोपेर** शीर्षकको गीत प्रश्नोत्तरात्मक शैलीमा रचिएको उत्कृष्ट बाल गीत हो । **चहचह** बाल बालिकाको खेलकुद सम्बन्धी गीत हो । खेल्न पाउँदा बाल बालिका कति रमाउँछन् भन्ने कुरा यस गीतमा प्रस्तुत भएको छ । असल मान्छे बन्न पढि, गुनी, ज्ञानी हुनु पर्ने भावलाई **असल मान्छे** शीर्षकको कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **आमा छिटो आऊ** शीर्षकको गीतले आमाबाट बाल बालिका एकैछिन पनि टाढा रहन सक्तैनन् भन्ने भावलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । आकाश र धर्तीको सम्बन्धलाई **आकाश रोयो** शीर्षकको कविताले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **साना हात खोपिँदा** शीर्षकको गीतले बाल श्रमलाई विषय बनाई बाल बालिकाले पढ्न र लेख्न नपाउँदाको कारुणिक भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**हुनुपर्छ बराबरी** यस सङ्ग्रहको उल्लेख्य गीत हो । धनी र गरिब बिचको असमानतालाई व्यङ्ग्य गर्दै समानताको पक्षमा यस गीतले आवाज बुलन्द गरेको छ । **भोलि धेरै थापिसक्यौं** शीर्षकको गीतले सडक बाल बालिकाको दयनीय अवस्थालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **थोत्रो रीति** शीर्षकको गीतले थोत्रो, जीर्ण र पुरानो रीतिलाई व्यङ्ग्य गर्दै देशलाई सुन्दर बनाउनका लागि यसलाई जरै उखेलेर फाल्नु पर्छ भन्ने क्रान्तिकारी भावलाई प्रस्तुत गरेको छ । **मुलुकको मुहार** शीर्षकको गीतले राष्ट्रप्रेमको भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ भने **वसन्तको मुनासँग** प्रकृतिपरक गीत हो । वसन्त ऋतु र फुलका मुनाबिचको सम्बन्धलाई यस गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । बाल बालिकालाई कोपिलाका रूपमा प्रस्तुत गर्दै भविष्यमा फुलेर वातावरण रमाइलो र सुन्दर पार्ने बाल लक्ष्यलाई **फुल्छ पक्के कोपिला छ भने** शीर्षकको गीतले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **भित्री मन हाँसे मात्र** शीर्षकको गीतले मनलाई सधैं सफा राख्नु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **तोते बोलीले** शीर्षकको गीत साना साना नानीहरूलाई विषय वस्तु बनाएर रचिएको गीत हो । तोते बोली कति मिठो हुन्छ भन्ने कुरा यस गीतले प्रस्ट पारेको छ ।

### ४.४.१५.२ भाषाशैली

**चहचह** 'भारद्वाज मित्र'द्वारा सरल एवम् सहज भाषा र शैलीमा लेखिएको लोकप्रिय बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका गीतलाई सरल बनाउन कविले बुबु, बाबा, आमा, पापा, माम, नाना, चीची जस्ता बाल बोलीका शब्दहरूलाई प्रयोग गरेर गतिको रचना गरेका छन् :

"मेरी आमा बुबुसँग मुस्कान घोलिदेऊ
मेरा बाबा पापासँग खुसी खोलिदेऊ" । (पृ. २२)

वस्तुपरक र मौलिक अभिव्यक्तिले गीत झन् सरल बनेका छन् । केही गीत भावपरक छन् भने केही गीत दोहोरी शैलीमा पनि रचिएका छन् :

केटा : "आँखा छोपेर मनको आँखा उघारी
दुवै कान थापेर मन साथी कहाँ छौं"?

केटी : "बेली र चमेलीको बास्ना मगमग
कलिला, कोपिला चम्पा हरर" । (पृ. १५)

गीतको भाषा जति सरल छ शैली उति नै आकर्षक छ । यस सङ्ग्रहका सबै गीत सरल र सरस भएकाले बाल बालिका प्रिय र मिठा बनेका छन् ।

### ४.४.१५.३ लय

**चहचह** 'भारद्वाज मित्र'द्वारा रचिएको लगात्मक बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत गद्य र पद्य लयमा बद्ध छन् । अधिकांश गीत ८, १०, १२ र १४ अच्छेरे लोक वा झ्याउरे लयमा रचिएका छन् भने केही गीत गद्य लयमा समेत रचिएका छन् । गीतको लय मिलाउन कविले छ-छ, म-म, साना-साना, चूँ-चूँ चिर्र-चिर्र, हुर्र-हुर्र, धक-धक जस्ता वर्ण र शब्दहरूकै आवृत्तिमा जोड दिएका छन् :

"धक-धक, ख्यार-ख्यार
हुर्र-हुर्र, ह्वार-ह्वार
लावाधावा बोलौँ हो " । (पृ. २७)

पुतली, चञ्चली, चम्कने, गम्कने, पारेर, झारेर, कराए, हराए, म्याउँ, आउ, बढेछ, चढेछ आदि जस्ता अन्त्यानुप्रासको कलात्मक संयोजनले यी गीतलाई झन् लयात्मक बनाएको कुरा निम्न पङ्क्तिले पुस्टि गरेका छन् :

"मेरी सानी पुतली
कति राम्री चञ्चली" । (पृ. ७)

### ४.४.१५.४ शीर्षक

**चहचह** बाल गीत सङ्ग्रहमा 'संसार भोली तिम्रै हो', 'चन्द्रमाको फूल बनाई', 'खालौँ-खेलौँ पुतली', 'हामी सबै ज्ञानी छौँ', 'माया गर्न सबैलाई', 'अब भुलेछौँ', 'माटोलाई माया गर्न', 'डण्डीबियो बाईबाई', 'जन्मदिनको शुभकामना', 'आँखा छोपेर', 'पुतलीको हुल हरर...र' , 'चहचह', 'असल मान्छे', 'आमा ! छिटो आऊ', 'अकाश रोयो', 'तोते बोलीले', 'भित्री मन हाँसे मात्र', 'साना हात खोपिँदा', 'हुनुपर्छ बराबरी', 'झोली धेरै थापिसक्यौं', 'थोत्रो रीति', 'वसन्तको मुनासँग', 'फुल्छ पक्कै कोपिला छ भने', र 'मुलुकको मुहार' गरी २४ शीर्षकका बाल गीतहरू सङ्गृहीत गरिएका छन् । यी गीतका शीर्षक लामा लामा भए पनि बाल सम्प्रेषणमा असर पारेको छैन । विष्मयादीबोधक शब्द र वर्णहरूको आवृत्तिद्वारा शीर्षक निर्माण भएको छ । अधिकांश गीतको शीर्षक वस्तुपरक भए पनि केही गीतको शीर्षक भाव अनुकूल रहेको छ । शीर्षकले नै विषय वस्तुको बोध गराएकाले यी सम्पूर्ण

गीतको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ । बाल बालिकासँग सम्बन्धित शीर्षक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ ।

### ४.४.१४.५ निष्कर्ष

**चहचह** बाल बालिकाको चहचहमा ने आएको उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत सरल र सरस भएकाले बाल बालिकाले सहजै गाउन र गुनगुनाउन सक्ने खालका सुललित छन् । कविले बाल परिचित समाजका विविध विषयलाई नै गीतको विषय वस्तु बनाएका छन् । अन्त्यानुप्रासको कलात्मक संयोजन गरेर कविले गीतलाई लयात्मक बनाएका छन् । गीतको भाषा सरल र वस्तुपरक भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । गीतभित्र चेतनाका स्वरहरू प्रस्टै आएका छन् । गीतको शीर्षक वस्तुपरक छ, जसले गर्दा बाल सम्प्रेषणमा सहजता भएको छ । 'थोत्रो रीति', 'मुलकको मुहार', 'हुनुपर्छ बराबरी', 'साना हात खोपिँदा', 'वसन्तको मुनासँग' र 'संसार भोलि तिम्रै हो' शीर्षकका गीत अन्यको तुलनामा उत्कृष्ट छन् । कविले बाल भावना र रुचि अनुकूल शब्द चयन गरेर गीतको रचना गरेका छन् । समग्रमा 'चहचह' भित्रका सम्पूर्ण गीत लयात्मक, मिठा र स्तरीय भएकाले बालप्रिय बनेका छन् ।

## ४.४.१६ चिरबिर चरी बाल गीत सङ्ग्रह

### ४.४.१६.१ विषय वस्तु

**चिरबिर चरी** 'विश्वम्भर चञ्चल'द्वारा साना साना नानीहरूको प्रयोजनका लागि रचिएको लोकप्रिय बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहमा बाल बालिकालाई मन पर्ने चराचुरुङ्गी, पशुपन्छी, खेलकुद र प्रकृतिका राम्रा गीतहरू सँगालिएका छन् । यी गीतहरू सरल, सुन्दर र सुललित भएकाले बालप्रिय र मिठा छन् । कविले बाल परिचित पशुपन्छी, चराचुरुङ्गी प्रकृति र राष्ट्रलाई नै विषय वस्तु बनाएर यी गीतको रचना गरेका छन् ।

**चिरबिर चरी** यस सङ्ग्रहको पहिलो र उल्लेख्य गीत हो । कविले चरालाई गीतको विषय वस्तु बनाएर हाम्रा नानीहरू चरा देखेपछि कति रमाउँछन् भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **बिरालो म्याउँ मुसो खाऊँ** र **पशुपन्छी** शीर्षकका गीतले जनावरहरूका आवाजलाई बाल बालिकासमक्ष प्रस्तुत गरेका छन् । **परिवारको माया** शीर्षकको गीतले सबै मान्छेहरू एक आपसका मिलेर बस्नु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । **आदरभाव** शीर्षकको गीतले सानालाई मायाँ र ठुलालाई आदर गर्नु पर्दछ भन्ने भावलाई प्रस्तुत गरेको छ । बाल बालिकाको सबैभन्दा प्यारो वस्तुका रूपमा **प्यारो स्कुल** शीर्षकको

गीतले प्रस्तुत गरेको छ भने **चहै- चहै पिङ** शीर्षकको गीतले बाल बालिका खेल्न पाउँदा कति रमाउँछन भन्ने कुरालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**जतन गर सामानको** शीर्षकको गीतले बाल बालिकालाई किताब, कलम, कपी र सामानको जतन गरेमात्र ती सामानले हामीलाई पनि जतन गर्दछन् भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **सफा होऊ** शीर्षकको गीतले सधैँ सफा भए स्वस्थ्य रहन सकिन्छ भन्दै फोहोरी पनालाई घृणा गरेको छ । **माम खाने सुपुक्क** बाल बालिकालाई खाना खुवाउने प्रयोजनको गीत हो भने **नेपालको शहर** शीर्षकको गीतले काठमाडौँ शहरलाई चिनाएको छ। **हामी नेपाली** शीर्षकको गीतले नेपालको भौगोलिक बनावट, रहन सहन, जातजाति, भाषाभाषी, वर्ण लिङ्ग, आदिको कलात्मक वर्णन गरेर राष्ट्रिय एकताको भावलाई प्रस्तुत गरेको छ ।

**राम्रो बानी** यस सङ्ग्रहको उल्लेख्य गीत हो । असल मान्छे बन्न बोली बचन राम्रो हुनु पर्दछ भन्ने कुरालाई यस गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । एक आपसमा मिलेर बस्नु पर्छ भने भावलाई **सबै एकै ठाममा** शीर्षकको गीतले प्रस्तुत गरेको छ भने **कसले के दिन्छ?** शीर्षकको गीतले बादल चन्द्रमा, घाम, जङ्गल आदिको महत्त्व र उपयोगितालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **नेपालका वनपाखा** यस सङ्ग्रहको अन्तिम गीत हो । पनपाखामा बस्ने जनावर र चराचुरुङ्गी अनि त्यहाँ पाइने जडिबुटी र फलफुललाई यस गीतले सुन्दर रूपमा वर्णन गरेर तिनीहरूको महत्त्वका बारेमा चर्चा गरेको छ ।

**४.४.१६.२ भाषाशैली**

**चिरबिर चरी** सरल र सरस भाषामा लेखिएको उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत सरल र सहज भएकाले बाल बालिका प्रिय र मिठा बनेका छन् । कविले यी गीतलाई सरल बनाउन बाबा, आमा, माम, बुबु, नाना, चाचा, पापा, सुपुक्क जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेका छन् :

"माम खाने सुपुक्क
आमा दिने खुसुक्क
बुबु पिउने घुटुक्क
निदाउने लुटुक्क" । (पृ. १९)

सुपुक्क, खुसुक्क, घुटुक्क, लुटुक्क, जुरुक्क, लुरुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी गीत झन् आकर्षक र सरल बनेका छन् । गीतको भाषा वस्तुपरक र शैली

मौलिक भएकाले यी सम्पूर्ण गीत सरल र सहज भएका छन् । टिँ-टिँ, टिङ-टिङ, चहै-चहै, प्यारो-प्यारो, घ्वाङ-घ्वाङ, ढकुरकु-ढुकुरकु जस्ता वर्ण एवम् शब्दहरूको आवृत्तिले गीतलाई झन् सरल र आकर्षक बनाएका छन् :

"घण्टी बज्छ स्कूलको
टिँ-टिँ-टिङ-टिङ
दसैं तिहार खेल्ने हामी
चहै-चहै पिङ" । (पृ. १४)

### ४.४.१६.३ लय

**चिरबिर चरी** 'विश्वम्भर चञ्चल'द्वारा रचित लयात्मक बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत मिठा, रसिला र लयात्मक भएकाले बाल बालिका प्रिय र आकर्षक छन् । कविले गीतको लय मिलाउन म-म, न-न, टिँ-टिँ, चहै-चहै जस्ता वर्ण र शब्दहरूको आवृत्ति गरेका छन् । परर, सरर, डरर, गरर घुरुक्क, खुरुक्क, तुरुक्क आदि अनुकरणात्मक शब्दहरूको प्रयोगले यी गीतलाई झन् लयात्मक बनाएका छन् :

"ताली पिट्ने परर मोटर हरर
मानिस हिँड्ने गरर नेपाल शहर" । पृ. २१

अधिकांश गीत ८, १०, १२ र १४ अच्छेरे लोक लयमा रचिएका छन भने केही गीत गद्य लयमा समेत रचिएका छन् । अन्त्यानुपाप्रासको कलात्मक संयोजन गरेर कविले गीतलाई लयात्मक र गेयात्मक बनाएका छन् ।

### ४.४.१६.४ शीर्षक

**चिरबिर चरी** बाल गीत सङ्ग्रहमा 'चिरबिर चरी', 'पशुपन्छी', 'बिरालो म्याउँ मुसो खाऊँ', 'आदरभाव', 'परिवारको माया', 'प्यारो स्कूल', 'चहै-चहै पिङ', 'जतन गर सामानको', 'सफा होऊ', 'माम खाने सुपुक्क', 'नेपालको शहर', 'हामी नेपाली', 'सबै एकै ठाममा', 'राम्रो बानी', 'कसले के दिन्छ ?' र 'नेपालका वनपाखा' गरी १६ शीर्षकका बाल गीतहरू सङ्गृहीत गरिएका छन् । छोटा छोटा शीर्षकहरू भएकाले बाल सम्प्रेषणमा सहजता भएको छ । यी सम्पूर्ण गीतको शीर्षक वस्तुपरक छ । शीर्षकले नै गीतभित्रको विषयलाई प्रस्ट पारेकाले यी सम्पूण गीतको शीर्षक उपयुक्त र सार्थक छ । बाल परिचित विषय नै गीतमा आएकाले बाल रुचि, क्षमता र इच्छा अनुकूलका शीर्षकहरू रहेका छन् ।

### ४.४.१६.५ निष्कर्ष

**चिरबिर चरी** बाल गीत सङ्ग्रहका सबै गीतहरू साना साना नानीहरूका लागि ज्यादै उपयोगी रहेका छन् । यी गीतले हाम्रा नानीहरूलाई सन्देश र मनोरञ्जन पर्याप्त मात्रामा दिएका छन् । सरल भन्दा सरल भाषा यस सङ्ग्रहको उल्लेख्य पक्ष हो भने वस्तुपरक र मौलिक अभिव्यक्तिले गर्दा गीतलाई झन् आकर्षक बनाएको छ। कविले बाल रुचि र क्षमतालाई ख्याल गरेर गीतको रचना गरेका छन् । बाल बालिकालाई मनोरञ्जन दिने र ज्ञान सिपको वृद्धि गर्ने कर्यमा यस सङ्ग्रहका गीतले उल्लेख्य भूमिका खेलेका छन् । सबै गीत लयात्मक भएकाले तिनलाई भाका हालेर गाउन र गुनगुनाउन सकिन्छ । गीतको शीर्षक वस्तुपरक भएकाले बाल सम्प्रेषणमा सहयोग पुगेको देखिन्छ । समग्रमा यस सङ्ग्रहका सबै गीत मिठा, रसिला र लयात्मक छन् । यी गीत साना साना नानीहरूका ओठ ओठमा झुन्डिन सक्ने खालका सरस र मिठा भएकाले बाल रुचि अनुकूलका बनेका छन् ।

### ४.४.१७ घामको घर जूनको छानु बाल गीत सङ्ग्रह

### ४.४.१७.१ विषय वस्तु

**घामको घर जूनको छानु** 'रामेश्वर राउत' द्वारा लेखिएको लोकप्रिय बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहमा साना साना नानीहरूका लागि रचिएका ३४ वटा छोटा छोटा बाल गीतहरू सङ्गृहीत गरिएका छन् । प्रकृति, मानव, जनावर, चराचुरुङ्गी, फलफुल, चाडपर्व, आदिलाई गीतको विषय वस्तु बनाएर कविले यी गीतको रचना गरेका छन् । यस सङ्ग्रहका गीतले एकातिर बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिएका छन् भने अर्कातिर उनीहरूको चेतना विकासमा उल्लेखनीय भूमिका खेलेका छन् ।

**दसैं तिहार राम्रो** यस सङ्ग्रहको पहिलो गीत हो । कविले गीतको विषय वस्तु चाडपर्वलाई बनाएर हाम्रा साना नानीहरू चाडपर्वमा कति रमाउँछन भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । **जीवनका पाना** शीर्षकको गीतले भोको पेटले खाना र नाङ्गो आङले नाना नपाए जीवन सुखदायी नुहुने कुरालाई प्रस्तुत गरेको छ । मानिसहरूको सबैभन्दा ठुलो धनका रूपमा मनलाई **जीवनधन** शीर्षकको गीतले कलात्मक रूपमा प्रस्तुत गरेको छ भने **मेरा छोरा छोरी** शीर्षकको गीतमा बाल बालिका प्रतिको आमाको ममता छताछुल्ल पोखिएको छ । **घामपानीको गीत**ले जङ्गलमा वस्ने जनावर र चराचुरुङ्गीको दयनीय अवस्थालाई प्रस्तुत गरेको छ । **सेवा धेरै गर्छु** शीर्षकको गीतले सेवा गरे मेवा मिल्छ भन्दै राष्ट्र सेवाको भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **सुनपसिना** नामक गीतले

किसानाको परिश्रमी भावलाई सुन्दर रूपमा प्रस्तुत गरेर उसको पसिनालाई सुनको उपमा दिएको छ। यसै गरी **नेपालको किसान** शीर्षकको गीतले पनि किसानको मेहनती भावलाई प्रस्तुत गरेको छ । मेहनत गरेर खाने मान्छे संसारमा महान् हुन्छ भन्ने भाव यस गीतले प्रस्ततु गरेको छ ।

**भाषा भानु हाँस्यौ** यस सङ्ग्रहको उत्कृष्ट गीत हो । आदि कवि भनुभक्तको ऐतिहासिक भाषिक एकीकरणलाई यस गीतले कलात्मक रूपमा प्रस्तुत गरेको छ । **फूलको घर** शीर्षकको गीतले फुल्दाफुल्दै निमोठिएर मर्नु पर्ने फुलको बेदनालाई सुन्दर ढङ्गले प्रस्तुत गरेर फुलको महत्त्व र उपयोगिता बारे बाल बालिकालाई जानकारी गराएको छ । **नचाइदिऊँ कि जून** शीर्षकको गीतले जून लाग्दाको सरमाइलो वातावरणलाई प्रस्तुत गरेको छ । **भनैँ धेरै चोटी** शीर्षकको गीतले गरिब बालकले खाना र नाना नपाएको कारुणिक भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **पानी पर्छ** शीर्षकको गीतले पानी परेपछि फोहोर मैला बढारेर लैजान्छ अनि धर्ती सफा हुन्छ भन्ने कुरालाई प्रस्तुत गरेको छ । **हाम्रो घरबार** शीर्षकको गीतले डुङ्गा चलाएर घरबार चलाएको माझीदाइको दिन चर्यालाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**खुसी पार्छु आमालाई** यस सङ्ग्रहको उल्लेख्य गीत हो । आफ्नी आमा र धर्ती आमालाई खुसी र स्वच्छ राख्न बाल बालिकाले गरेको कार्यलाई यस गीतले सुन्दर रूपमा प्रस्तुत गरेको छ । **हामी हाँसे देशको** शीर्षकको गीतले बाल बालिकाको महत्त्वाकांक्षी लक्ष्यलाई प्रस्तुत गर्दै राष्ट्रको सेवा गर्नु पर्छ भन्ने भावलाई प्रस्तुत गरेको छ । नेपालीहरूका पाखुराका रूपमा **हिमालका टाकुरा** नामक गीतले प्रस्तुत गर्दै राष्ट्र प्रेमको भावलाई प्रस्तुत गरेको छ । **नयाँ वर्ष** शीर्षकको गीतले नयाँ जोस र जाँगरका साथ नयाँ वर्ष आउने अनि पुरानो थाङ्ने खोचलाई परै मिल्काउने कुराको वर्णन गरेको छ । **बग्छ खोला पानी** शीर्षकको गीतले मानिसको जिन्दगीलाई खेलाको पानीसँग तुलना गर्दै मानिसको आयु थोरै छ तर गर्नु पर्ने काम धेरै छ भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ । **घामको घर जूनको छानु** शीर्षकको गीतले हामी सबैको भर धर्ती भएकाले खान र बस्न डराउनु पर्दैन भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**भँगेरो फुच्चे, कौवा र मजुर नाच्छे** शीर्षकका गीतले चराचुरुङ्गीलाई विषय वस्तु बनाएर उनीहरूका कथा व्यथालाई कालात्मक रूपमा प्रस्तुत गरेका छन् । **चङ्गा चेट र खेलौँ खेलौँ खेल** बाल बालिकाका खेलकुदस म्बन्धी गीत हुन् । खेल्न पाउँदा हाम्रा नानीहरू

कति खुसी हुन्छन् भन्ने कुरा यी गीतले प्रस्ट रूपमा प्रस्तुत गरेका छन् । **माली गाई र बाँऽ बाँऽ बोल्छु** शीर्षकका गीतले दाम्लोमा बाँधिएर बस्नु परेको गाईंको कारुणिक भावलाई प्रस्तुत गरेका छन् । **सुनपङखी घोडा** शीर्षकको गीतमा सुनपङ्खी घोडा र सुनैपङ्खी हात्ती भए पनि मान्छेले मात्तिनु हुन्न भन्ने कुरालाई प्रस्तुत गरेको छ । **कस्तो माला उनौं!** शीर्षकको गीतले हावा, हुरी, असिना आदि खपेर फुल फुले झैँ हामीले पनि अनेक दुःख खपेर भए पनि राष्ट्र सेवा गर्नु पर्छ भन्ने भावलाई सुन्दर रूपमा प्रस्तुत गरेको छ ।

**४.४.१७.२ भाषाशैली**

**घामको घर जूनको छानु** 'रामेश्वर राउत'द्वारा सरल र सरस भाषा र शैलीमा लेखिएको उत्कृष्ट बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत सरल र सहज भएकाले बाल बालिका प्रिय र मिठा छन् । कविले यी गीतलाई सरल बनाउन आमा, बाबा, नानी, सानी, पुतली, बुबु, माम जस्ता बाल बोलीका शब्दहरूको प्रयोग गरेका छन् :

"लौन आमा, लौन बाबा ! पकाइदिनुस् सेल
बगैँचामा रोपी आएँ मैले बीउ मेल" । पृ. ३१

घाम, जुन, टाकुरा, फुल, पुतली, जस्ता सरल विम्ब र प्रतीकको प्रयोगले यी गीतलाई झन् सरल बनाएको छ । कविले मौलिक अभिव्यक्ति गरेर यी गीतको रचना गरेका छन् । भाषा अनुसारकै शैली भएकाले गीत बाल सम्प्रेषणीय र मिठा बनेका छन् । म-म, चीँ-चीँ, का-का, ढुकु-ढुकु, कुहु-कुहु, काङ्लाङ-कुङलुङ् जस्ता वर्ण र शब्दहरूको आवृत्तिले यी गीतलाई झन् रोचक र सरल बनाएका छन् :

"कोकलेको काङ्लाङ कुङ्लुङ
ढुकुर ढुकु-ढुकु
गीत गाउँछे कोइली मीठो
बोली कुहु-कुकु " । पृ. १८

**४.४.१७.३ लय**

**घामको घर जूनको छानु** 'रामेश्वर राउत'द्वारा रचिएको लयात्मक बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहका सबै गीत रसिला, मिठा र लयात्मक छन् । वर्ण एवम् शब्दहरूको आवृत्ति र सरर, झरर, परर, कट्टु, छट्टु, जुरुक्क, बुरुक्क, जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले यी गीत लयात्मक बनेका छन् :

"कहाँ फाली आउँछ कट्टु

नाङ्गै हुन्छ कौवा छट्टु" । पृ. १०

अधिकांश गति ८, १०, १२ र १४ अच्छेरे लोक लयमा रचिए पनि केही गीत गद्य लयमा समेत रचिएका छन् । सेल, बेल, नाच, भाँच, भोलि, चोली, खन्ती, जन्ती, पलपल, झलझल आदि जस्ता अन्त्यानुप्रासको कुशल संयोजन गरेर कविले यी गीतलाई झन् लयात्मक बनाएका छन् :

"समयकै हातमा छ बाटो खन्ने खन्ती,

अघि पछि लाग्छन् सबै समयका जन्ती" । पृ. ३७ ।

**४.४.१७.४ शीर्षक**

**घामको घर जूनको छानु** बाल गीत सङ्ग्रहभित्र 'दसैं तिहार राम्रो', 'जीवनका पाना', 'जीवनधन', 'सुनपङ्खी घोडा', 'कौवा', 'मेरा छोराछोरी', 'भँगेरो फुच्चे', 'घामपानीको गीत', 'सेवा धेरै गर्छु', 'सुनपसिना', 'चङ्गाचेट', 'नेपालको किसान', 'मुजुर नाच्छे', 'कलकल पानी', 'जोडा मिले घोटाघोडी', 'फूलको घर', 'भाषाभानु हाँस्यौ', 'नचाइदिऊँ कि जून', 'पानी पर्छ', 'भनें धेरै चोटी', 'हिमाल जस्तो जाडो', 'माली गाई', 'हाम्रो घरबारी', 'हाँसेर के खानु ?', 'कस्तो माला उनौँ', 'खुसीपार्छु आमालाई', 'खेल खेलौँ खेल', 'नाच न साथी नाचन', 'बाँऽ बाँऽ बोल्छु', 'हामी हाँसे देशको', 'हिमालका टाकुरा', 'नयाँ वर्ष', 'बग्छ खोला पानी' र 'घामको घर जूनको छानु' गरी ३४ शीर्षकका बाल गीतहरू सङ्गृहीत गरिएका छन् । वर्णहरूको आवृत्तिबाट पनि शीर्षक निर्माण भएको छ भने एउटा शीर्षक प्रश्नात्मक ढाँचाको पनि रहेको छ । बाल बालिकाले गर्नु पर्ने काम अनि बाल समजका परिचित विषयबाट नै गीतको शीर्षक चयन भएको छ । कुनै शीर्षक अलि लामा छन् तर बाल सम्प्रेषणमा असर परेको छैन । समग्रमा बाल परिचित विषयलाई समेटेर शीर्षक निर्माण र शीर्षकले नै विषय वस्तुको बोध गराएकाले यी सम्पूर्ण गीतको शीर्षक सार्थक र उपयुक्त रहेका छन् ।

**४.४.१६.५ निष्कर्ष**

**घामको घर जूनको छानु** बाल बालिकालाई उल्यालो संसारमा लैजान खोज्ने र तिनको जीवनमा रमाइलो ल्याउन चाहने लोकप्रिय बाल गीत सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्गृहीत गीतहरू सरल भएकाले बालप्रिय बनेका छन । प्रकृतिसँग कसरी भिजिन्छ, कसरी खेलिन्छ र केटाकेटी बेलादेखि जीवनजन्तु, हिमाल, पहाड र खोलानालासँग कसरी मितेरी गाँसिन्छ आदि भावका राम्रा गीतहरू यसमा सँगालिएका छन् । यी गीतहरूले बाल बालिकालाई पर्याप्त मनोरञ्जन दिएका छन् । उनीहरूको ज्ञान र चेतना विकासमा यस

सङ्ग्रहका गीतले पर्याप्त भूमिका खेलेका छन् । बाल बालिका असल, ज्ञानी र परिश्रमी भइदिऊन् भन्ने कवि इच्छा गीतमा जताजतै भेटिन्छ । बाल भावना अनुकूलका शब्द छनोट कविको बाल कौशलताको प्रतीक हो भने अन्त्यानुप्रसको सबल संयोजन कविको बाल पारख क्षमताकै कसी हो । गीतको भाषा जति सरल छ शैली उत्तिकै आकर्षक भएकाले यस सङ्ग्रहका सबै गीत मिठा, लयात्मक र बालप्रिय बनेका छन् ।

**द्रष्टव्य**

रत्न पुस्तक भण्डारबाट प्रकाशित कृष्णप्रसाद पराजुलीद्वारा रचित रमाइला नानी भाग १, रमाइला नानी भाग ३, ध्रुवकृष्ण  दीपद्वारा रचित सारङ्गी र प्रेमा शाहका बाल गीत भाग १, बाल गीत भाग २ शीर्षकका सङ्ग्रहहरू उपलब्ध नभएकाले विश्लेषण गरिएको छैन ।

# पाँचौं परिच्छेद

# शोध निष्कर्ष

रत्न पुस्तक भण्डार नेपालको सबैभन्दा पुरानो व्यावसायिक पुस्तक विक्रेता तथा निजी प्रकाशन संस्था हो । वि.सं. २००३ मा रत्नप्रसाद श्रेष्ठले 'रामदास एण्ड सन्स' का नामले काठमाडौँको मखन टोलमा रहेको यो पुस्तक पसललाई रूपान्तरण गरी 'रत्न पुस्तक भण्डार' का रूपमा परिवर्तन गरेका थिए ।

रत्नप्रसाद श्रेष्ठका पिता रामदास श्रेष्ठ काठमाडौँको मखन टोलमा सानो मिठाई पसल चलाउँथे । त्यही मिठाई पसलमा उनले देवी देवताका तस्बिर तथा केही धार्मिक पुस्तकहरू पनि बेच्ने गर्दथे । आफ्ना बाबुको सोही पसलमा सघाउँदा सघाउँदै रत्नप्रसाद १६ वर्षको उमेरदेखि नै पुस्तक बिक्री गर्ने काममा लागेर रत्न पुस्तक भण्डार खोल्न पुगेका थिए ।

रत्न पुस्तक भण्डारले सुरुमा भारतको दिल्ली, बम्बई, कलकत्ता, बनारस आदि ठाउँबाट धार्मिक पुस्तकहरू ल्याएर बेच्थे गर्दथ्यो । पछि बिस्तारै दरबार स्कुल र जुद्धोदय पब्लिक स्कुलका लागि अङ्ग्रेजी र संस्कृतका पाठ्य पुस्तकहरू पनि झिकाउन थाल्यो । सन् १९४७ सम्म यो पसल पुस्तक बिक्रेताका रूपमा मात्र थियो भने १९४७ देखि नै यो संस्था प्रकाशकका रूपमा देखा परेको हो । सुरुतिर धार्मिक र नैतिक चेतनाका पुस्तकहरू प्रकाशन गरेर रत्न पुस्तक भण्डारले प्रकाशकका रूपमा आफूलाई चिनाएको थियो । 'भगवती स्तोत्र' यस भण्डारले प्रकाशित गरेको प्रथम धार्मिक कृति हो भने, माधवलाल कर्मचार्यको 'सौगात' कृति यस भण्डारले प्रकाशन गरेको प्रथम साहित्यिक कृति हो । वि.सं. १९९८ मङ्सिर ११ गते 'गोरखापत्र'मा छापिएको रत्नप्रसाद श्रेष्ठको अन्तर्वार्तामा बताइए अनुसार त्यस बेला नेपाली लेखकका किताबहरू ज्यादै कम पाइन्थे । त्यसैले धेरैजसो पुस्तकहरू बनारसबाट ल्याउनु पर्ने अवस्था थियो । राजनीति एवम् सामाजिक चेतना जगाउने खालका किताबहरू लुकीचोरी बेच्ने काम यस भण्डारले गर्दथ्यो । समयको गतिसँगै यस भण्डारले आफूलाई एक सफल व्यावसायिक संस्थाका रूपमा उभ्याउँदै अगाडि बढायो । सन् १९६४ मा यो भण्डार अझ व्यापारिक रूपमा अगाडि बढेर आफूले छापेका पुस्तकहरू बिक्री वितरण गर्न वीरगन्ज, बिराटनगर तथा बनारससम्म पनि शाखाहरू खोल्न पुग्यो ।

रत्न पुस्त्क भण्डार नेपालको सबैभन्दा जेठो पुस्तक प्रकाशक एवम् वितरक संस्थाहरूमध्ये एक हो । यसले ६ दशक लामो इतिहासमा प्रकाशन तथा वितरणद्वारा

साक्षरता अभिवृद्धि गर्नेदेखि बौद्धिक पाठकलाई उपयोगी पठन सामग्री उपलब्ध गराउने कार्य समेतमा बराबर ध्यान दिँदै आएको छ । देशको शैक्षिक, साहित्यिक र प्राज्ञिक उन्नयनमा यसको योगदान जारी छ भने, नेपाली बाल साहित्यको विकास र प्रवर्द्धनमा यस भण्डारको योगदान अझ उल्लेखनीय रहेको छ । 'बाल रत्न कोष'को स्थापना गरी बाल साहित्यलाई समसामयिक बनाउन यसले उल्लेखनीय कार्य गरेको छ । अझ बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कवितालाई महत्त्व दिएर स्तरीय बालोपयोगी कृतिहरू प्रकाशन गर्नु यसको आफ्नै निजत्व रहेको छ ।

'नेपाली बाल गीत र कविता प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान' शीर्षकको प्रस्तुत शोधपत्रलाई व्यवस्थित, सन्तुलित, सुगठित र सारगर्भित बनाउन यसलाई विभिन्न पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ । परिच्छेदका मूल शीर्षक अन्तर्गत विभिन्न उपशीर्षकहरू पनि आवश्यकता अनुसार समायोजित गरिएका छन् । यस शोधपत्रका परिच्छेदहरूमा उल्लिखित सारलाई निम्न अनुसार सङ्क्षेपीकृत गरी प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको प्रथम परिच्छेदमा शोध परिचयलाई प्रस्तुत गरिएको छ । शोध परिचयलाई प्रस्तुत गर्ने क्रममा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा जस्ता विषयहरू समेटिएका छन् ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा रत्न पुस्तक भण्डारको परिचयलाई मोटामोटी रूपमा प्रस्तुत गरिएको छ । रत्न पुस्तक भण्डारको स्थापना र पृष्ठभूमिलाई केलाउँदै यसका समकालीन पुस्तक गतिविधिलाई प्रस्तुत गरिएको छ । रत्न पुस्तक भण्डारको विकास र पुस्तक प्रकाशन, वितरण र बिक्रीका कार्यहरूलाई चर्चा गर्दै यस भण्डारको व्यवस्था अनि यस भण्डारलाई प्राप्त पुरस्कार तथा सम्मानहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ । स्थापनादेखि वर्तमानसम्मको यस भण्डारको पुस्तक गतिविधिलाई सामान्य रूपमा वर्णन गरिसएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा बाल साहित्यका विधाका रूपमा बाल गीत र बाल कवितालाई सविस्तार चर्चा गरिएको छ । बाल साहित्यको अर्थ, परिभाषा र प्रयोजनलाई केलाउने प्रयत्न गरिएको छ भने बाल कविता र बाल गीतलाई बाल साहित्यको एक विधाका रूपमा विस्तारपूर्वक वर्णन गरिएको छ । बाल गीत र बाल कवितालाई वर्गीकरण गर्दै यिनीहरूका तत्त्व वा घटकहरूलाई आवश्यकता अनुसार चर्चा गरिएको छ ।

बाल गीत र कविता कस्तो हुनु पर्दछ भन्ने धारणालाई प्रस्तुत गर्दै यिनीहरूका विशेषतालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा रत्न पुस्तक भण्डारद्वारा प्रकाशित नेपाली बाल गीत र कविताको अध्ययनलाई विस्तारपूर्वक चर्चा गरिएको छ । रत्न पुस्तक भण्डारले स्थापनादेखि हालसम्म के कस्ता र के कति बाल साहित्यका कृतिहरू प्रकाशन गरेको छ, भन्ने कुरालाई यसमा प्रस्तुत गरिएको छ । अन्तमा रत्न पुस्तक भण्डारबाट प्रकाशित बाल गीत र बाल कविता सङ्ग्रहहरूको विषय वस्तु, भाषाशैली, लय, शीर्षक आदिका आधारमा विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा उपसंहार तथा शोध निष्कर्षलाई प्रस्तुत गरिएको छ । यस खण्डमा समग्र शोधपत्रको रूपरेखा प्रस्तुत गर्ने क्रममा प्रत्येक परिच्छेदमा समेटिएका विषय वस्तुलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ भने निष्कर्ष खण्डमा नेपाली बाल गीत र कविता प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदानलाई निष्कर्षात्मक रूपमा प्रस्तुत गरिएको छ । यसै गरी रत्न पुस्तक भण्डारका बारेमा थप अध्ययन एवम् अनुसन्धन गर्न चाहने भावी शोधार्थीहरूका लागि सम्भावित शोध शीर्षकहरूलाई समेत प्रस्तुत गरिएको छ ।

पुस्तक व्यवसायमा वि.सं. १९९६ मा स्थापित 'रामदास एण्ड सन्स' ले वि.सं. २००३ देखि रत्न पुस्तक भण्डारको इतिहास बनाउन सुरु गरेको छ । नेपालको निजी सफल व्यावसायिक पुरानो र प्रसिद्ध पुस्तक प्रकाशक र वितरक संस्थाहरूको अघिल्लो पङ्क्तिमा आउने रत्न पुस्तक भण्डारले नेपाली बाल साहित्यको विकास र प्रवर्द्धनमा उल्लेखनीय कार्य गर्दै आएको छ । वि.सं. २००६ मा माधवप्रसाद घिमिरेको 'घामपानी' बाल कविता सङ्ग्रह प्रकाशन गरेर यसले बाल साहित्यको विकासमा तत्परता देखाएको थियो । बाल बालिकाका लागि छुट्टै शाखा खोलेर यस भण्डारले बाल रत्न कोशको समेत स्थापना गरेको छ । नेपाली भाषा साहित्यको उन्नयन रत्न पुस्तक भण्डारको उल्लेखनीय प्रयत्न हो । नेपाली भाषा र साहित्यप्रतिको झुकाबकै कारणले यसले आफ्नो पृष्ठभूमिकालीन समयदेखि हालसम्म भाषा र साहित्यका विविध पुस्तकहरू प्रकाशन गरि रहेको छ । नेपाली साहित्यका स्थापित साहित्यकार र नवोदित लेखकहरूका समसामयिक विषय वस्तुका कृतिहरू निरन्तर प्रकाशन गरि रहेको छ ।

नेपाली बाल साहित्यको विकास रत्न पुस्तक भण्डारको उल्लेखनीय प्रयत्न हो । बाल साहित्यका विविध विधामा यस भण्डारले हालसम्म १५० वटा कृतिहरू प्रकाशित गरी

सकेको छ । अझ बाल गीत र कवितालाई प्राथमिकता दिएर प्रकाशन र वितरण गर्नु यसको आफ्नै निजत्त्व हो । सानाभन्दा साना नानीहरूका लागि रचिएका कृतिदेखि १५/१६ वर्षसम्मका बाल बालिकाका लागि लेखिएका बाल साहित्यका कृतिहरू यस भण्डारले निरन्तर प्रकाशन गरि रहेको छ । स्थापित बाल साहित्यकारका कृतिहरू बारम्बार संस्करण गरि रहेको छ भने नवोदित बाल साहित्यकारहरूका कृतिलाई प्राथमिकता दिएर प्रकाशन गरि रहेको छ । यस कार्यमा व्यवसायभन्दा सेवा निष्ठताको भावलाई यसले प्रस्तुत गरेको छ । बाल साहित्यका दुई महत्त्वपूर्ण विधा बाल गीत र बाल कविता प्रकाशनमा यस भण्डारले जुन जागरुकता देखाएको छ, त्यो अवश्य नै नेपाली बाल साहित्यकाशमा अपरिमित र उल्लेख्य छ । बाल साहित्यको विकासका लागि 'बाल रत्न कोश' को स्थापना गरी छुट्टै शाखा खोलेर यसले जुन योगदान गरेको छ, त्यसले पक्कै पनि अन्य प्रकाशन संस्थाहरूलाई बाल साहित्यको विकासका लागि चुनौती दिएको छ ।

स्वदेश तथा विदेशका कतिपय स्वनामधन्य लेखकका कृति प्रकाशन गरेर रत्न पुस्तक भण्डारले उल्लेखनीय कार्य गरेको छ । चेतना स्तर नै नउठी सकेको बेलामा मन मस्तिष्कमा सहजै ठाउँ पाउने शैक्षिक र ज्ञानवर्द्धक सामग्रीलाई नेपाली बजारमा विस्तार गराउनमा प्रमुख भूमिका रत्न पुस्तक भण्डारले निर्वाह गरेको छ । यस भण्डारको सेवामुखी अभीष्टको मूल्याङ्कन गर्दै विभिन्न सङ्घ, संस्था एवम् व्यक्तिहरूले यस भण्डारलाई सम्मान एवम् पुरस्कृत पनि तुल्याएका छन् । यस भण्डारको स्वामित्व आफ्नै पारिवारिक पृष्ठभूमिमा रहनु यसको आफ्नै निजत्त्व हो । निरङ्कुश राणा शासन, बहुदलीय प्रजातन्त्र, निर्दलीय पञ्चायती व्यवस्था र नेपालमा प्रजातन्त्र पुनःस्थापना आदि सबै काल अनुभव गरेको रत्न पुस्तक भण्डार निश्चय नै नेपालको पुस्तक प्रकाशनको इतिहासको प्रत्यक्ष साक्षीको रूपमा रहेको छ । निरङ्कुश जहानियाँ राणा शासनमा जलेको दीपले ६ दशक लामो यात्रामा नेपाली जन मानसलाई शिक्षारूपी उज्यालो प्रकाश दिएर निरन्तर आफ्नो छविलाई प्रस्तुत गरि रहेको छ । यो सानो दीपको प्रकाशले नेपाली जन मानसलाई निरन्तर उज्यालो भविष्यतर्फ डोऱ्याइ रहेको छ ।

यसरी नेपाली भाषा साहित्य र बाल साहित्यका समग्र प्रवृत्तिलाई आत्मसात् गर्दै पुस्तक प्रकाशन र वितरण मार्फत नेपाली प्रकाशनका संस्थाहरू माझ विशिष्ट र उच्च पहिचान कायम गर्न रत्न पुस्तक भण्डार सफल भएको छ । नेपाली बाल गीत र कविता प्रकाशनका माध्यमबाट बाल साहित्यको विकासका लागि यसले जुन लक्ष्य राखेको छ, त्यो

अवश्यै नेपाली बाल साहित्यका निम्ति उदाहरणीय बनेको छ । बाल गीत र कविता प्रकाशनमा व्यावसायिकताभन्दा सेवामुखी अभीष्ठले यसले जुन जागरुकता देखाएको छ, त्यो अवश्यै अन्य प्रकाशन संस्थाहरूका लागि मार्ग निर्देशनको बाटो  बनेको छ । यस भण्डारद्वारा प्रकाशित बाल साहित्यका कृतिहरूले नेपाली बाल साहित्यको विकासमा अवश्यै उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । नेपाली बाल गीत र कविता प्रकाशनमा रत्न पुस्तक भण्डारले पुऱ्याएको योगदान नेपाली बाल साहित्यका क्षेत्रमा महत्त्वपूर्ण छ ।

हालसम्म रत्न पुस्तक भण्डारले नेपाली भाषा साहित्यको उन्नयनमा गरेको योगदानलाई जम्मा तिन वटा शीर्षकमा मात्र शोधमूलक अध्ययन एवम् अनुसन्धान भएको छ । यस बाहेक यस भण्डारको साहित्यिक योगदानको अध्ययन एवम् शोध गर्नका लागि प्रशस्तै सम्भाव्य शीर्षकहरू रहेका छन् । ती सम्भाव्य शीर्षकहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ :

क) नेपाली उपन्यास प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान ।

ख) गैर साहित्यिक पुस्तक प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान ।

ग) नेपाली बाल  उपन्यास र नाटक प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान ।

घ) प्रगतिशील साहित्यको प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान ।

ङ) नारीवादी साहित्यको प्रकाशनमा रत्न पुस्तक भण्डारको योगदान ।

च) नेपाली समालोचना परम्परामा रत्न पुस्तक भण्डारको योगदान ।

# सन्दर्भ ग्रन्थ सूची

**(क) पुस्तक सूची**


अर्याल, अच्युत शरण, **नेपाली बाल साहित्यको रूपरेखा** (परिचयात्मक कृति), स्याङ्जा : डिल्ली प्रसाद अर्याल, २०५४ ।

कार्की, रुकु, **लालीगुराँस,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६४ ।

गिरी, जीवेन्द्र देव, **नेपाली बाल पत्रिकाको बाल साहित्यमा योगदान,** काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि., २०६१ ।

गुप्ता, असित रञ्जन दास, "भूमिका", **जपमाला** (बाल कविता सङग्रह), दार्जिलिङ : पी.एम. प्रधान एण्ड सन्स, १९७२ ।

घिमिरे, माधव प्रसाद, "भूमिका", **बालालहरी** (बाल कविता सङ्ग्रह), ललितपुर : साझा प्रकाशन, २०५२ ।

चञ्चल, विश्वम्भर, **चिरबिर चरी,** चौ.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

जि.सी., उज्ज्वल, **झिलिमिली तारा,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

जोशी, भगवती, **पुतलीको बिहे,** चौ.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

ढुङ्गाना, विमला, **बालबगैँचा,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

ढुङ्गेल, विपिनदेव, "भूमिका", **नानीका गीत,** ललितपुर : साझा प्रकाशन, २०३६ ।

दीप, ध्रुवकृष्ण, **सुनाखरी,** दो.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३ ।

दुवाल, कृष्ण प्रसाद, **बामपुड्के,** सा.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६४ ।

देवकोटा, ग्रीष्म बहादुर, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०५९ ।

न्यौपाने, विजयराज, **बालरत्न,** ते.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६६ ।

पराजुली, कृष्णप्रसाद, **तारामण्डल,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६४ ।

............ **रमाइला नानी,** स.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६५ ।

............ **चरी आयो,** छै.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

प्रधान, प्रमोद, **नेपाली बाल साहित्यको इतिहास,** दो.सं., काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि., २०६१ ।

............ **कानाकाना कुर्र,** दो.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

भट्टराई, प्रभा, **गीतापापा,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६४ ।

मित्र, भारद्वाज, **चहचह,** दो.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

मिश्र, विमलेन्द्र, **पोखरीका माछा,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६६ ।

रत्न पुस्तक भण्डार, **पुस्तक सूचीपत्र,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६७ ।

राउत, रामेश्वर, **घामको घर जूनको छानु,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६६ ।

हुमागाईं, जनक प्रसाद, **नेपाली बाल साहित्य,** काठमाडौँ : सुनकोशी साहित्य प्रतिष्ठान, २०५६ ।

**(ख) शोध पत्र सूची**

कटवाल, सीता, "नेपाली बाल कविताको अध्ययन," अप्रकाशित, स्नातकोत्तर शोधप पत्र, त्रि.वि.वि., ने.के.वि., कीर्तिपुर, २०५० ।

गौतम, रोशन, "नेपाली भाषा साहित्यको उन्नयनमा रत्न पुस्तक भण्डारको योगदान," अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि, ने.के.वि., कीर्तिपुर, २०६६ ।

पौड्याल, केदार मणि, "नेपाली बाल साहित्यमा रत्न पुस्तक भण्डारको योगदान," अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि.वि., ने.के.वि., कीर्तिपुर, २०६३ ।

**(ग) पत्रपत्रिका सूची**

अधिकारी, शारदा, "बाल साहित्यको सैद्धान्तिक स्वरुप : सङ्क्षिप्त परिचय", **बाल साहित्य,** २०६६, पृ. २६ ।

ज्ञवाली, ईश्वरी, "धेरैलाई पढाउने एक साक्षर", **बुधबार साप्ताहिक,** वर्ष ३, अङ्क ४४, २०५५, भदौ ३१, पृ. ४ ।

थपलिया, खगेन्द्र प्रसाद, "जीवन अनेक रूपरङ्ग", **गोरखापत्र,** वर्ष ८७, अङ्क १५३, २०४५, असोज २४, पृ. ४ ।

दीप, ध्रुव कृष्ण, "नेपाली बाल गीतः केही तथ्य केही कथ्य", **बाल साहित्य,** २०४५, पृ. १७ ।

प्रधान, भिक्टर, "बाल सहत्यिको अर्थ, उद्देश्य र आधुनिकता", **बाल साहित्य,** २०५३, पृ. ७ ।

बन्धु, चूडामणि, "बाल साहित्य : अस्तित्व र प्रयोजन", **बाल साहित्य,** २०४५, पृ. ११ ।

भट्टराई, जय देव, "पुस्तक फिँजाएर फैलिएका रत्न प्रसाद", **गोरखापत्र,** वर्ष ९८, अङ्क १९६, २०५५, मङ्सिर ११, पृ. ६ ।

रेग्मी, शिव, "वि.सं. २००७ अगाडिका पुस्तक विक्रेताहरु", **आजको समाचार पत्र,** वर्ष २, अङ्क १४८, २०४५, जेठ २५, पृ. ५ ।

वाग्ले, अनन्त प्रसाद, "आवाजबाटै मोटर चिनिन्थ्यो", **कान्तिपुर कोपिला,** वर्ष ९, अङ्क १७४, २०५८ श्रावण २६, पृ. ६ ।

शर्मा, तारानाथ, "साझा प्रकाशनका २०४० मा प्रकाशित पुस्तकहरु", **गरिमा,** पूर्णाङ्क १७, वैशाख २०४१, पृ. ५ ।

शिल्पकार, शुभराज, **स्मारिका,** काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तक तथा प्रकाशक सङ्घ, २०६७ ।

सुवेदी, राजेन्द्र, "नेपाली बाल साहित्यमा लक्ष्मी प्रसाद देवकोटाको योगदान", **सुनकोशी,** पूर्णाङ्क २, २०५३, पृ. ८ ।